संग्रह- २३
क्रम संख्या- ३२

बुद्धकालीन श्रावक-चरित

[भाग-४]

(सारिपुत्र चरित-३)

आचार्य
भिक्षु अमृतानन्द

आनन्दकुटी विहारगुठी २०२९

३८२
८ बु

ने.रु. १४/-

सारिपुत्र महास्थविर भगवान् बुद्धका प्रमुख शिष्य हुनुहुन्छ। वहाँको सम्बन्धमा पालि साहित्य त्रिपिटकमा यत्रतत्र छरिएका सूत्रहरू जम्मै एकत्रित गरी एकै ठाउँमा राख्ने यस संग्रहको उद्देश्य हो। जस अनुसार प्रस्तुत पुस्तक तेश्रो भाग हो। यसबाट सारिपुत्र सम्बन्धी सूत्र-हरूको संग्रह कार्य सम्पन्न भएको छ। पहिलो भागमा ५५ वटा दोश्रो भागमा ४८ वटा र प्रस्तुत संग्रहमा ५५ वटा सूत्रहरू संग्रहित भएका छन्।

बुद्धधर्म बारे विशेष अध्ययन गर्न चाहने जिज्ञासु-हरूको लागि यी संग्रहहरू विशेष उपयोगी सिद्ध हुनेछ।

यसपछिको संग्रहमा सारिपुत्र महास्थविरको परिचय हुनेछ।

संग्रह- २३
क्रम संख्या- ३२

बुद्धकालीन श्रावक-चरित

[भाग-४]

(सारिपुत्र चरित-३)

आचार्य
भिक्षु अमृतानन्द

नेरु. १४/-

प्रकाशक:

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. २१४४२०

(सर्वाधिकार सुरक्षित)

294.382
अ.668

6494

बुद्धाब्द: २५२७

बि. सं. २०४०

ने. सं. ११०४

ई. सं. १९८४

प्रथमावृत्ति १०००

मुद्रक:

सुभाष प्रिन्टिङ्ग प्रेस

नकबहिल, ललितपुर ।

फो. नं. : ५२११३१

Collection No. 23

Buddhakalina Sravaka-Carita
(PART IV)

Dr. Bhikkhu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL
1984

यसमा—

प्रकाशकीय

PREFACE

प्राक्कथन

मूल ग्रन्थहरू

सहायक ग्रन्थहरू

संकेत शब्दको अर्थ

त्रिपिटक-सूची

विषय-सूची

"बुद्धकालीन श्रावक-चरित" भाग-४

नामावली

शब्दावली

गाथा-सूची

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट

बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्मना पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीयो हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थप्नु निश्चय पनि प्रशंसनीय योगदान मस्को मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द मर्थास्थविर धन्यवादका पात्र हुन् ।

प्रकाशकीय

प्रस्तुत पुस्तक बुद्धकालीन श्रावक चरित भाग–४ अर्थात् सारिपुत्र भाग–३ हो। आनन्दकुटी विहार गुठीको ३२ सौं प्रकाशन हो। पूज्य आचार्य भिक्षु अमृतानन्द महास्थवीरका अथक परिश्रमद्वारा प्राप्त फलहरू मध्ये एक हो। जुन फलको रसास्वाद तपाईंहरू सबैलाई दिलाउने मौका हामीलाई वहाँले करुणापूर्वक दिनु भयो। हामी वहाँ प्रति ऋणी छौं।

बुद्धका अग्रश्रावक हुनु भएका सारिपुत्र महास्थवीर सम्बन्धी यस ग्रन्थले वहाँको प्रज्ञा महत्ता बारे हामीलाई अवबोध गराउने छ। आशा छ पाठक वर्गले यसको फल राम्ररी चाखी आफ्नो प्रतिक्रिया जनाउनु हुनेछ र हामीलाई अरू ग्रन्थहरू पनि प्रकाशनार्थ कुनै प्रकारले आर्थिक सहयोग दिनुहुने छ। हामीलाई हरतरहले अववाद अनुशासन गरी प्रस्तुत पुस्तक प्रकाशनार्थ दिई मद्दत पुऱ्याइरहनु भएका आचार्यको सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

भिक्षु मैत्री
सदस्य-सचिव
आनन्दकुटी विहारगुठी,
स्वयम्भू, काठमाडौं,
नेपाल ।

पौष २०, २०४०

फो नं. २१४४२०

Homage to the Buddha, the Supreme Enlightened One.

PREFACE

The present Volume is the fourth part of the "Sravakas of Buddha's time" and the third part of the life of Sariputta. It is the thirty second publication of Ananda Kuti Vihara Trust. Fifty five discourses on Sariputta not mentioned with definite places of their delivery are collected in this Volume.

The discourses are as follows :

1. Three from Mavaggapali
2. Two from Cullavaggapali
3. Two from Parajikapali
4. Fortytwo from Anguttaranikayapali
5. Three from Samyuttanikayapali
6. One from Suttanipatapali
7. One from Apadanapali
8. One from Theragathapali.

I have been able to collect one hundred and fifty eight discourses from the Tripitaks. Fifty five discourses in the first part, forty eight in the second part and fifty five in this third part have been collected and they are as follows :

	Part I		Part II.		Part III.		
1. Mahavaggapali ...	4	+	1	+	3	=	8
2. Cullavaggapali ..	2	+	4	+	2	=	8
3. Parajikapali	0	+	0	+	1	=	1
4. Pacittiyapali	1	+	1	+	1	=	3
5. Majjhimanikayapali	8	+	8	+	0	=	16
6. Samyuttanikayapali	25	+	23	+	3	=	51
7. Anguttaranikayapali	9	+	6	+	42	=	57
8. Udanapali	6	+	1	+	0	=	7
9. Dighanikayapali .	0	+	3	+	0	=	3
10. Suttanipatapali ..	0	+	1	+	1	=	2
11. Apadanapali ...	0	+	0	+	1	=	1
12. Theragathapali ...	0	+	0	+	1	-	1
Total	55	+	48	+	55	=	158

The discourses (Suttas) collected in this volume are as follows :

1. Mh. p.† 53: Natticatuttha Kamma Upasampada, Mahakkhandhakam. p.‡ 55.
2. Mh. p. 305: Atireka Civara Katha, Civarakkhandhakam. p. 289.
3. Mh. p. 323: Duggahitasuggahitadikatha, Civarakkhandhakam. p. 308.
4. Cu. p. 230: Tiracchinavijja-Lasunakhadanaditi, Khuddakavatthukkhandhakam. p. 140.
5. Cu. p. 316: Anumodanavattakatha, Vattakhandhakam. p. 212.
6. P. p. 10: Etadatthaya Sikkapada Pannatti, Pannatti Nidana Katha. p. 7.
7. P. p. 346: Anandena Sariputtassa Nikkhittavatthu, Nissaggiyakandam. p. 243.
8. A-1 p. 23: Ekapuggalavaggo. p. 23.
9. A-1 p. 23: Etadaggasuttam, Etadaggavaggo. p. 23.
10. A-1 1p. 81: Ayacanavaggo. p. 88.
11. A-3 p. 123: Sariputtasuttam, Devadutavaggo. p. 133.

---

† References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.

‡ R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

12. A-3 p. 262: Dutiya Anurudhasuttam, Kusinaravaggo. p. 281.

13. A-4 p. 86: Vanijjasuttam, Apannakavaggo. II. p. 81.

14. A-4 p. 152: Par ihanasuttam, Indriyavaggo. II. p. 143.

15. A-4 p. 163: Mahamoggallanasuttam, Patipadavaggo. II. p. 154.

16. A-4 p. 164: Sariputtasuttam, Patipadavaggo. II. p. 155.

17. A-4 p. 167: Cetanasuttam, Sancetaniyavaggo. II. p. 157.

18. A-4 p. 170: Vibhattisuttam, Sancetaniyavaggo. II. p, 160.

19. A-4 p. 171: Mahakotthikasuttam, Sancetaniyavaggo. II. p. 161.

20. A-4 p: 173: Upavanasuttam, Sancetaniyavaggo. II. p. 163.

21. A-4 p. 178: Nibbanasuttam, Sancetaniyavaggo. II. p. 167.

22. A-5 p. 402: Dutiya Cakkanuvattanasuttam, Rajavaggo. III. p. 148.

23. A-5 p: 435: Dutiya Aghatapativinayasuttam, Aghatavaggo. III. p. 186.

24. A-5 p. 438: Sakkaccasuttam, Aghatavaggo. III. p. 190.

25. A-5 p. 439: Sajivasuttam, Aghatavaggo. III. p. 191.

26. A-5 p. 439: Pannhapucchasuttam, Aghatavaggo. III. p. 131

27. A-5 p. 440: Nirodhasuttam, Aghatavaggo. III. p. 192.

28. A-5 p. 443: Codanasuttam, Aghatavaggo. III. p. 196.

29. A-5 p. 446: Silasuttam, Aghatavaggo. III. p. 200.

30. A-5 p. 447: Khippanisantisuttam, Aghatavaggo. III. p. 201.

31. A-6 p. 15: Bhaddakasuttam, Saraniyavaggo. III. p. 292.

32. A-7 p. 178: Dutiya Patisambhidasuttam, Devatavaggo. IV. p. 33.

33. A-7 p. 179: Dutiya Vasauttam, Devatavaggo. IV. p. 34.

34. A-7 p. 245: Sakkaccasuttam, Mahavaggo. IV. p. 120.

35. A-8 p. 305: Duteyyasuttam, Mahavaggo. IV. p. 196.

36. A-8 p. 326: Dutiya Balasuttam, Gahapativaggo. IV. p. 223.

37. A-8 p. 411: Icchasuttam, Yamakavaggo. IV. p. 325.

38. A-8 p. 413: Alamsuttam, Yamakavaggo. IV. p. 328.

39. A-9 p. 14: Sevanasuttam, Sambodhivaggo. IV. p. 365.

40. A-9 p. 27: Kotthikasuttam, Sihanadavaggo. IV. p. 382.

41. A-9 p. 30: Samiddhisuttam, Sihanadavaggo. IV. p. 385.

42. A-10 p. 102: Dutiya Upanisasuttam, Anisamsavaggo. V. p. 5.

43. A-10 p. 105: Sariputtasuttam, Anisamsavaggo. V. p. 8.

44. A-10 p. 174: Sariputtasuttam, Sacittavaggo. V. p. 94.

45. A-10 p. 180: Parihanasuttam, Sacittavaggo. V. p. 102.

46. A-10 p. 239: Khinasavasuttam, Theravaggo. V. p. 174.

47. A-11 p. 361: Dutiya Upanisasuttam, Nissayavaggo. V. p. 315.

48. A–11 p. 395: Tatiya Samadhisuttam, Anussativa. ggo. V. p. 356

49. A–11 p. 396: Catuttha Samadhisuttam, Anussati-vaggo. V. p. 357.

50. S. II. p. 228: Upatissasuttam, Bhikkhusamyu-ttam. II. p. 274.

51. S. II. p. 241: Nakulapitusuttam, Khandhasamy-uttam. III. p. 1.

52. S. III. p. 232: Dukkarapannhyasuttam, Jambuk-hadakavaggo. IV. p. 260.

53 SN. p 314: Navasuttam, Culavaggo. p. 56

54. Ap. I. p. 18: Sariputtatthera Apadanam. p. 15

55. Thag. p. 365: Sariputtattheragatha, Timsanipato p. 89.

It has been a great pleasure for me to be able to collect the Suttas on and about Sariputta scattered in the whole of the Tripitakas in course of editing the publications on "Buddha's Time." I belive that this publication will be of immense value for those who would like to have research works on Sariputta. Various discourses on the basic principles of Lord Buddha have been incorporated in these three volumes. I therefore think that for serious students of Buddhism, these volumes will be of great help.

Thanks are due to Prof. Sri Vatu Krihsna 'Bhusan' for his invaluable help in correcting the language and in reading the proof. Prof Asha Ram Sakya also deserves thanks for his rendering the Preface into English. I am obliged to Venerable Maitri for copying the list of the names and words and finally I would not be doing my duty if I fail to appreciate the service of Dharma Tamang, the cook of Ananda Kuti Vihara for bringing proofs from the press every day.

Finally Subhas Printing Press deserve congratulations for printing this volume in time also all the members of the Ananda Kuti Vihara Trust and the member secretary Venerable Maitri for their effort in publishing this volume in time.

"Long live the Buddha's Teaching."

Bhikkhu Amritananda
12.1.1984

Ananda Kuti Vihara,
Swayambhu Hill,
Kathmandu, Nepal.
Phone : 214420

List of Abbreviation :

A.	=	Anguttaranikaya.
M.	=	Majjhimanikaya.
S.	=	Samyuttanikaya.
Sn.	=	Suttanipata.
D.	=	Dighanikaya.
Cu	=	Cullavaggo.
U.	=	Udanapali.
Pa.	=	Pacittiyapali,
Ap.	=	Apadanapali.
Thag.	=	Theragathapali,

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत पुस्तक बुद्धकालीन श्रावक चरितको चौथो भाग र सारिपुत्र चरितको तेश्रो भाग हो । आनन्दकुटी विहार गुठीको ३२ औं प्रकाशन हो । सारिपुत्र सम्बन्धी स्थान नतोकिएका पचपन्न (५५) सूत्रहरू यस संग्रहमा संग्रहित भएका छन् ।

तिनीहरू हुन्--

(१)	महावग्गपालिबाट	... ...	३ वटा ।
(२)	चुल्लवग्गपालिबाट	... ...	२ वटा ।
(३)	पाराजिकपालिबाट	... ...	२ वटा ।
(४)	अङ्गुत्तरनिकायपालिबाट	... ...	४२ वटा ।
(५)	संयुतनिकायपालिबाट	... ...	३ वटा ।
(६)	सुत्तनिपातपालिबाट	... ...	१ वटा ।
(७)	अपदानपालिबाट	... ...	१ वटा ।
(८)	थेरगाथापालिबाट	... ...	१ वटा ।
			५५ वटा ।

सारिपुत्र सम्बन्धी १५८ सूत्रहरू मात्र मैले त्रिपिटकबाट संग्रह गर्नसकें। सारिपुत्र चरित पहिलो भागमा ५५, दोश्रो भागमा ४८ र प्रस्तुत तेश्रो भागमा ५५ वटा सूत्रहरू समावेश भएकाछन्। यिनीहरूका तालिका निम्नप्रकार छन्--

		भाग–१		भाग–२		भाग–३		जम्मा
(१)	महावग्गपालिबाट	४	+	१	+	३	=	८
(२)	चुल्लवग्गपालिबाट	२	+	४	+	२	=	८
(३)	पाराजिकपालिबाट	०	+	०	+	१	=	१
(४)	पाचित्तियपालिबाट	१	+	१	+	१	=	३
(५)	मज्झिमनिकायपालिबाट	८	+	८	+	०	=	१६
(६)	संयुतनिकायपालिबाट	२५	+	२३	+	३	=	५१
(७)	अङ्गुत्तरनिकायपालिबाट	९	+	६	+	४२	=	५७
(८)	उदानपालिबाट	६	+	१	+	०	=	७
(९)	दीघनिकायपालिबाट	०	+	३	+	०	=	३
(१०)	सुत्तनिपातपालिबाट	०	+	१	+	१	=	२
(११)	अपदानपालिबाट	०	+	०	+	१	=	१
(१२)	थेरगाथापालिबाट	०	+	०	+	१	=	१
		५५	+	४८	+	५५	=	१५८

यस संग्रहमा समावेश भएका सूत्रहरू यी हुन्—

१. महा. व. पा. पृ.[1] ५३: ञत्तिचतुत्थकम्म उपसम्पदा, महा-

1. यहाँका पृष्ट सबै नालन्दा पालि प्रकाशनको पृष्ट हो।

क्खन्धकं पृ.[2] १.

२. महा. व. पा. पृ. ३०५: अतिरेक चीवरकथा, चीवरक्खन्धकं पृ. ६

३. महा. व. पा. पृ. ३२३: दुग्गहितसुग्गहितादिकथा: चीवरक्खन्धकं पृ ८.

४. चुल्ल. व. पा. पृ. २३०: तिरच्छिनविज्जा-लसुणखादनादि, खुद्दकवत्थुक्खन्धकं पृ. १०.

५. चुल्ल. व. पा. पृ. ३१६: अनुमोदनवत्तकथा, वत्तक्खन्धकं पृ. ११

६. पारा. पा. पृ. १०: एतदत्थाय सिक्खापद पञ्ञत्ति पञ्ञत्ति-निदानकथा पृ. १३.

७. पारा. पा. पृ. ३४६: आनन्देन सारिपुत्तस्स निक्खित्तवत्थु, निस्सग्गियकण्ड पृ. १४.

८. अं. नि–१. पृ. २३: एकपुग्गलवग्गो पृ. १६.

९. अं. नि–१. पृ. २३: एतदग्गसुत्तं, एतदग्गवग्गो पृ. १७.

१०. अं. नि–१. पृ. ८१: आयाचनवग्गो पृ. १८.

११. अं. नि–३. पृ. १२३: सारिपुत्तसुत्तं, देवदूतवग्गो पृ. १९.

१२. अं. नि–३. पृ. २६२: दुतिय अनुरुद्धसुत्तं, कुसिनारावग्गो पृ. २२.

१३. अं. नि–४. पृ. ८६: वाणिज्जसुत्तं, अपण्णकवग्गो पृ. २४.

१४. अं. नि–४. पृ. १५२: परिहानसुत्तं, इन्द्रियवग्गो पृ. २७.

१५. अं. नि–४. पृ. १६३: महामोग्गल्लानसुत्तं, पटिपदावग्गो पृ. २९.

१६. अं. नि–४. पृ १६४: सारिपुत्तसुत्तं, पटिपदावग्गो पृ. ३२.

---

2. यहाँका पृष्ट यसै ग्रन्थको पृष्ट हो ।

१७. अं. नि–४. पृ. १६७: चेतनासुत्तं, सञ्चेतनियवग्गो पृ. ३४.

१८. अं. नि–४. पृ. १७०: विभत्तिसुत्तं, सञ्चेतनियवग्गो पृ. ४०.

१९. अं. नि–४. पृ. १७१: महाकोट्ठिकसुत्तं, सञ्चेतनियवग्गो पृ. ४३.

२०. अं. नि–४. पृ. १७३: उपवाणसुत्तं, सञ्चेतनियवग्गो पृ. ४६.

२१. अं. नि–४. पृ. १७८: निब्बानसुत्तं, सञ्चेनियवग्गो पृ. ४९.

२२. अं. नि–५. पृ. ४०२: दुतियचक्कानुवत्तनसुत्तं, राजवग्गो पृ. ५१.

२३. अं. नि–५. पृ. ४३५: दुतियआघातपटिविनयसुत्तं, आघातवग्गो पृ. ५३.

२४. अं. नि–५. पृ. ४३८: साकच्छसुत्तं, आघातवग्गो पृ. ६२

२५. अं. नि–५. पृ. ४३९: साजीवसुत्तं, आघातवग्गो पृ. ६४

२६. अं. नि–५. पृ. ४३९: पञ्हपुच्छासुत्तं, आघातवग्गो पृ. ६६

२७. अं. नि–५. पृ. ४४०: निरोधसुत्तं, आघातवग्गो पृ. ६८.

२८. अं. नि–५. पृ ४४३: चोदनासुत्तं, आघातवग्गो पृ. ७७.

२९. अं. नि–५. पृ. ४४६: सीलसुत्तं, आघातवग्गो पृ. ८६.

३०. अं. नि–५. पृ. ४४७: खिप्पनिसन्तिसुत्तं, आघातवग्गो पृ. ८८.

३१. अं. नि–६. पृ. १५: भद्दकसुत्तं, सारणीयवग्गो पृ. ९१.

३२. अं. नि–७. पृ. १७८: दुतियपटिसम्भिदासुत्तं, देवतावग्गो पृ. ९५

३३. अं. नि–७. पृ. १७९: दुतियवसासुत्तं, देवतावग्गो पृ. ९८.

३४. अं. नि–७. पृ. २४५: साकच्छसुत्तं, महावग्गो पृ. १००.

३५. अं. नि–८. पृ. ३०५: दूतेय्यसुत्तं, महावग्गो पृ. १०९.

३६. अं. नि–८. पृ. ३२६: दुतियउग्गसुत्तं, गहपतिवग्गो पृ. १११.

३७. अं. नि-८. पृ. ४११: इच्छासुत्तं, यमकवग्गो पृ. ११६.

३८. अं. नि ८. पृ. ४१३: अलंसुत्तं, यमकवग्गो पृ. १२१.

३९. अं. नि-९. पृ. १४: सेवनासुत्तं, सम्बोधिवग्गो पृ. १२६.

४०. अं नि-९. पृ. २७: कोट्ठिकसुत्तं, सीहनादवग्गो पृ. १३२.

४१ अं. नि-९. पृ. ३०: समिद्धिसुत्तं, सीहनादवग्गो पृ. १३८.

४२. अं. नि-१०. पृ. १०२: दुतिय उपनिस्ससुत्तं, आनिसंसवग्गो पृ. १४३.

४३. अं. नि-१०. पृ १०५: सारिपुत्तसुत्तं, आनिसंसवग्गो पृ.१४५.

४४. अं. नि-१०. पृ. १७४: सारिपुत्तसुत्तं, सचित्तवग्गो पृ. १४८.

४५. अं. नि-१०. पृ. १८०: परिहानसुत्तं, सचित्तवग्गो पृ. १५१.

४६. अं. नि-१०. पृ २३९: खीणासवबलसुत्तं, थेरवग्गो पृ. १५५.

४७. अं. नि-११. पृ. ३३१: दुतिय उपनिस्ससुत्तं, निस्सयवग्गो पृ. १५८.

४८. अं. नि-११. पृ. ३९५: ततिय समाधिसुत्तं, अनुस्सतिवग्गो पृ. १६०.

४९. अं. नि-११. पृ. ३९६: चतुत्थ समाधिसुत्तं, अनुस्सतिवग्गो पृ. १६३.

५०. सं. नि. II. पृ २२८: उपतिस्ससुत्तं, भिक्खुसंयुत्तं पृ. १६५.

५१. सं. नि. II. पृ २४१: नकुलपितुसुत्तं, खन्धसंयुत्तं पृ. १६८.

५२. सं. नि. III पृ. २३२: दुक्करपञ्हासुत्तं, जम्बुखादकसंयुत्तं पृ. १७०.

५३. सुत्त. नि. पा. पृ. ३१४: नावासुत्तं, चूलवग्गो पृ. १७२.

५४. अप. दा. पा. I पृ. १८: सारिपुत्तत्थेर अपदानं, बुद्धवग्गो पृ. १७४.

५५. थेर. गा. पा. पृ. ३३५: सारिपुत्तत्थेरगाथा, तिंसनिपात पृ. २१०.

बुद्धकालीन ग्रन्थको सम्पादन क्रममा सारिपुत्र महास्थविर सम्बन्धी त्रिपिटक मूलपालिमा यत्र तत्र छरिएका सूत्रहरूलाई एकत्रित पारी संग्रहको रूपमा राख्न सक्दा मलाई सारै हर्ष लागेको छ। यसबाट सारिपुत्रबारे खोजगर्ने महानुभावहरूको निमित्त अवश्य पनि सहयोग मिल्नेछ भन्ने विश्वास राखेको छु। यी तीनै संग्रहहरूमा बुद्धका आधारभूत सिद्धान्तका अनेक सूत्रहरू समावेश भएका छन्। अतः धर्म अध्ययनगर्न चाहने जिज्ञासुहरूको निमित्त यी संग्रहहरू निक्कै लाभप्रद हुनेछन् भन्ने मलाई विश्वास छ।

प्रस्तुत पुस्तकको भाषा संशोधन र प्रूफ समेत हेरी सहयोग दिनु भएकोमा प्रा. श्री वटुकृष्ण 'भूषण', यस पुस्तकको प्राक्कथनलाई अंग्रेजीमा रूपान्तर गरिदिनु भएकोमा प्रा. श्री. आशाराम शाक्य, नामावली आदि शब्दहरूको प्रारम्भिक लेखाइ गरिदिनिनु भएकोमा भिक्षु मैत्री र दिनहुँजसो प्रेसमा गई प्रूफ ल्याईदिएकोमा आनन्दकुटी विहारको भान्से श्री धर्म तामाङलाई पनि कृतज्ञतापूर्वक धन्यवाद ज्ञापन गरेको छु। अन्तमा प्रस्तुत पुस्तक यथासमयमै छापिदिनु भएकोमा

सुभाष प्रिन्टिङ्ग प्रेस र प्रकाशनको व्यवस्था मिलाई दिनु भएकोमा आनन्दकुटी विहारगुठीका सचिव भिक्षु मैत्री सहित गुठीका सवै सदस्य-हरूलाई हार्दिक साधुवाद दिएको छु।

"चिरं तिट्ठतु सद्धम्मो"

--भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।
फो. नं. २१४४२०

पौष २९, ०४०

मूल ग्रन्थहरू—

(१) महावग्गपालि ।
(२) चुल्लवग्गपालि ।
(३) पाराजिकपालि ।
(४) अङ्गुत्तरनिकायपालि ।
(५) संयुत्तनिकायपालि ।
(६) अपदानपालि ।
(७) थेरगाथापालि ।
(८) सुत्तनिपातपालि ।

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकायट्ठकथा ।

धम्मपदट्ठकथा ।

थेरगाथट्ठकथा ।

विभङ्गपालि ।

मनोरथपूरणी ।

पटिसम्भिदामग्गट्ठकथा ।

अभिधम्मट्ठसंगहो ।

परिवारपालि ।

पटिसम्भिदामग्गपालि ।

पपञ्चसूदनी ।

बुद्धकालीन परिव्राजकहरू ।

बुद्धकालीन गृहस्थीहरू ।

बुद्धकालीन महिलाहरू ।

बुद्धकालीन ब्राह्मण ।

बुद्धकालीन श्रावक चरित ।

संकेत शब्दको अर्थ—

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. नि. अ. क.
अं. अ. क. } = अंगुत्तरनिकायट्ठकथा ।

अ. क. = अट्ठकथा ।

अभि. ध. सं. = अभिधम्मट्ठसंगहो ।

अप. दा. पा. = अपदानपालि ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

थेर. गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पारा. पा. = पाराजिकपालि ।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि ।

पटि. म. अ. क. = पटिसम्भिदामग्गट्ठकथा ।

परि. वा. पा. = परिवारपालि ।

पपं. सू. = पपञ्चसूदनी ।

महा. व. पा. = महावग्गपालि ।

मनो. र. पू. = मनोरथपूरणी

विभं. पा. = विभङ्गपालि ।

सं. नि. = संयुत्तनिकायपालि ।

सुत्त. नि. = सुत्तनिपातपालि ।

बु गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. प. = बुद्धकालीन परिव्राजकहरू ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक चरित्त ।

त्रि-पिटक-सूची

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

विनयपिटक :

१–पाराजिकपालि } सुतविभङ्ग
२–पाचित्तियपालि }
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि }
५–परिवारपालि

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

खुद्दकनिकाय :

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विषय-सूची

पृष्ठ:

१. राध ब्राह्मणको उपसम्पदा (अति चतुत्थकम्म उपसम्पदा)··· १

२. आनन्दको चीवरदान (अतिरेक चीवरकथा)··· ६

३. आयुष्मान् रेवतको चीवर (सुग्गहित दुग्गहितादिकथा)··· ८

४. पेट दुखेको (तिरच्छानविज्जा-लसुणखादनादीति)··· १०

५. भुक्तानुमोदन गर्ने (अनुमोदन वत्त कथा)··· ११

६. कुन बुद्धको शासन चिरस्थायी थियो ?
(एतदत्थाक सिक्खापद पञ्ञत्ति)··· १३

७. आनन्दको पात्र दान (आनन्देन सारिपुत्तस्स निक्खित्तवत्थु)···१४

८. अनुप्रवर्तन गर्नसक्छ (एकपुग्गलवग्गो)·· १६

९. एतदग्र (एतदग्गसुत्तं)··· १७

१०. आयाचना गर्ने (आयाचनवग्गो)··· १८

११. संक्षिप्त र विस्तारपूर्वक देशना (सारिपुत्तसुत्तं)··· १९

१२. अनुरुद्धलाई तीन उपदेश (दुतिय अनुरुद्धसुत्तं)··· २२

१३. एकै व्यापारको नानाफल (वणिज्जसुत्तं) २४

१४ परिहानी (परिहानसुत्तं)··· २७

१५. चार प्रतिपद्हरू (महामोग्गलानसुत्तं)··· २९

१६. चाँडै अभिज्ञान पाएँ (सारिपुत्तसुत्तं)··· ३२
१७. चेतना (चेतनासुत्तं) ·· ३४
चार आत्मभावहरू ·· ३६
आगामी र अनागामी हुने हेतु के हुन् ? ··· ३८
१८. प्रतिसम्भिदालाभको घोषणा (विभत्तिसुत्तं)··· ४०
१९. आयुष्मान् महाकोट्ठिकको प्रश्न (महाकोट्ठिकसुत्तं) ·· ४३
२०. आयुष्मान् उपवाणको प्रश्न (उपवाणसुत्तं)··· ४६
२१. यसै जन्मा परिनिर्वाण हुन्न (निब्बानसुत्तं) ४९
२२. सारिपुत्रले अनुप्रवर्तन गर्नसक्छन् (दुतिय चक्कानुवत्तन सुत्तं) ·· ५१
२३. आघात हटाउने तथा मैत्री गर्ने उपाय (दुतिय आघात पटिविनयसुत्तं) ५३
२४. साकच्छायोग्य भिक्षु (साकच्छसुत्तं)··· ६२
२५. सहजीवि भई वस्नयोग्य भिक्षु (साजीवसुत्तं)··· ६४
२६. प्रश्न सोधिने कारणहरू (पञ्हपुच्छासुत्तं)··· ६६
२७. निरोधका कुराहरू (निरोधसुत्तं) ·· ६८
कसैले पनि अनुमोदन गरेनन् ··· ६९
आनन्द स्थविरको चिन्ता ७३
पाँच कारणले स्थविर भिक्षुहरू गौरवान्वित हुन्छन् ··· ७४
२८. दोषारोपण गर्न चाहने भिक्षुमा हुनुपर्ने गुण (चोदनासुत्तं) · ७७
सारिपुत्र अर्तिदेऊ ··· ८४
२९. शील विना समाधि हुन सक्दैन (सीलसुत्तं) ·· ८६

३०. कहिले अर्यंकुशल हुन सकिन्छ (खिप्पनिसन्तिसुत्तं) ·· ८८

३१. भद्राभद्र मरण (भद्दकसुत्तं) ·· ९१

३२ सारिपुत्र प्रतिसम्भिदालाभी हुन् (दुतिय पटिसम्भिदासुत्तं)··· ९५

३३. चित्त वशीभूत सारिपुत्र (दुतियवसमुत्तं) ९८

३४. कसको आश्रय लिंदा कुशल बढ्छ (सक्कच्चसुत्तं) ·· १००

३५. दूत बनाउन योग्य (दूतेय्यसुत्तं)··· १०९

३६. अरहन्तहरूको आठ बल (दुतिय बलसुत्तं) · १११

३७. लाभी र अलाभी आठ पुरुषहरू (इच्छासुतं) ·· ११६

३८. आफ्नो र अर्काको हित कसरी हुनसक्छ ? (अलंसुत्तं)··· १२१

३९. सेवनीय र असेवनीय वस्तुहरू (सेवनासुतं)··· १२६

४०. किन ब्रह्मचर्य पालनगर्ने ? (कोट्ठिकसुतं) ·· १३२

४१. के प्रत्ययद्वारा संकल्प हुन्छ ? (समिद्धिसुतं) · १३८

४२. शील नहुनेको विमुक्ति हुन्न (दुतिय उपनिससुत्तं)··· १४३

४३. पृथ्वीसंज्ञी भई म बसिन (सारिपुत्तसुत्तं)··· १४५

४४ आफ्नो चित्त चिन्न सक्नुपर्छ (सारिपुत्तसुत्तं) ·· १४८

४५. अवनतिशील पुरुष (परिहानसुत्तं)··· १५१

४६. क्षीणास्रवीको बल (खीणासव बलसुत्तं)··· १५५

४७. दुश्शील मुक्त हुन्न (दुतिय उपनिससुत्तं) ·· १५८

४८. पृथ्वीमा पृथ्वीसंज्ञी हुन्न (ततिय समाधिसुत्तं) ·· १६०

४९ पृथ्वीलाई पृथ्वी नसम्झने समाधिछ के ? (चतुत्थ समाधिसुत्तं) ·· १६३

५०. शोक र सन्ताप छैन (उपतिस्ससुत्तं)··· १६५
५१. नकुलपितालाई उपदेश (नकुलपितुसुत्तं)··· १६८
५२. के कठोर छ ? (दुक्करपञ्हासुत्तं) ·· १७०
५३. गुरु प्रति सम्मानगर्ने (नावासुत्तं) १७२
५४. सारिपुत्र चर्या (सारिपुत्तत्थेर अपदानं)··· १७४
पूर्वकथा– आश्रमको वर्णन ·· ··· १७४
शिष्यहरू ··· ··· ··· १७९
अनोमदर्शी बुद्धको आगमन ··· १८३
बुद्धवर्णना ·· ··· ··· १८५
बुद्धको भविष्यवाणी ·· १८८
वर्तमान कथा-अस्सजिसँग भेट··· १९४
बुद्धको बखान ·· ··· ··· १९९
५५ सारिपुत्र स्थविरका गाथाहरू (सारिपुत्तत्थेरस्सगाथा) २१०
नामावली ··· ·· २१९
शब्दावली ··· ··· ··· २२५
गाथा सूची ··· ··· ··· २५७

बुद्धकालीन श्रावक-चरित

[भाग--४]

(सारिपुत्र-चरित--३)

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

मूल पाली ––

१०४।१ राध ब्राह्मणको उपसम्पदा

(ञत्ति चतुत्थ कम्मउपसम्पदा[1])

त्यस समय राध[2] भन्ने एक ब्राह्मणले भिक्षुहरूकहाँ गई प्रव्रज्या मागे । ती भिक्षुहरू उनलाई प्रव्रज्या गराउन चाहन्नथे । भिक्षुहरूकहाँ प्रव्रज्या न पाउनाको कारणले उनी – दुब्ला, रूक्ष, दुर्वर्ण, पहेँला तथा

---

1. महा . व . पा . पृ . ५३ : महाक्खन्धकं; अ . क. III पृ. १०३३
2. त्रिपिटक पाली साहित्यमा यिनी 'राधत्थेर' नामले प्रख्यात छन् । बिभिन्न मूलपालि तथा अर्थकथाहरूमा यिनको बारेमा उल्लेख भएको पाइन्छ । थेरगाथा, थेरअपदान अट्ठकथा तथा धम्मपदट्ठकथाहरूमा पनि पाइन्छ ।

नसाहरू देखिने भए । भगवानले ती ब्राह्मण दुब्ला, रूक्ष, दुर्वर्ण, पहेँला तथा नसाहरू देखिने भएको देख्नु भयो[1] । देख्नु भएपछि भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो –

"भिक्षुहो ! किन ती ब्राह्मण दुब्ला, रूक्ष, दुर्वर्ण, पहेँला तथा नसाहरू देखिने भएका हुन् ?"

"भन्ते ! यी ब्राह्मणले भिक्षुहरूकहाँ गई प्रव्रज्या मागे । भिक्षुहरू उनलाई प्रव्रज्या गराउन चाहन्नथे । भिक्षुहरूबाट प्रव्रज्या नपाउनाको कारणले गर्दा उनी दुब्ला, रूक्ष, दुर्वर्ण, पहेँला तथा नसाहरू देखिने भएका हुन् ।"

अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो––

"भिक्षुहो ! ती ब्राह्मणले गरेको कुनै अधिकार (=उपकार) संस्मरण गर्ने कोही छ के ?"

यस्तो सोध्नु हुँदा आयुष्मान् सारिपुत्रले भगवान्लाई बिन्ति गर्नु

---

1. राध ब्राह्मण राजगृहवासी थिए । बुढो भइसके पछि यिनका घरका जहानहरूले हेला गरेको सहन नसकी 'प्रव्रजित हुन्छु' भनी यिनी विहारमा आई भिक्षुहरूको सेवा शुश्रूषा गरी बसेका थिए र प्रव्रजित हुन चाहन्थे । विहारमा बस्ने भएको हुँदा यिनलाई भगवानले देख्नु भएको हो । त्यसैले सूत्रमा यिनलाई देख्नु भएको कुरा उल्लेख भएको हो । थेर . गा . अ . क. I. पृ. २५३; धम्म. प. अ. क. पृ. २७१, पण्डितवर्ग–६

भयो –"भन्ते ! यी ब्राह्मणको उपकारलाई मैले संस्मरण गरेकोछु ।"

"सारिपुत्र ! यी ब्राह्मणको के उपकारलाई तिमीले संस्मरण गरेकाछौ ?"

"भन्ते ! एक दिन म राजगृहमा भिक्षाटन् गइरहेको बेलामा यिनले एक डाडु भात दिन लगाएका थिए । भन्ते ! यी ब्राह्मणको यही नै उपकार म संझिन्छु ।"

"साधु ! साधु ! सारिपुत्र ! सारिपुत्र, कृतज्ञ कृतवेदी सत्पुरुषछन् । सारिपुत्र ! त्यसो भए तिमीले यी ब्राह्मणलाई प्रव्रजित गराऊ र उपसम्पदा पनि गर ।"

"भन्ते ! कसरी मैले यी ब्राह्मणलाई प्रव्रजित गराऊँ र कसरी उपसम्पदा दिऊँ ?"

त्यसपछि यसै कारणलाई यसै प्रसंगलाई लिई धार्मिक कथा सुनाउनु भई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नभयो––

"भिक्षुहो ! मैले जुन त्रिशरण–गमनद्वारा उपसम्पदा दिने अनुमति दिएको थिएँ[1], आजदेखि त्यसलाई प्रतिक्षेप (=खारेज) गर्छु । भिक्षुहो ! ज्ञप्ति चतुर्थ कर्मद्वारा उपसम्पदा दिने अनुमति दिन्छु । भिक्षुहो ! यसरी उपसम्पदा गर्नुपर्छ––

'व्यक्त (=दक्ष, पण्डित), समर्थ भिक्षुले (सर्वप्रथम) सङ्घलाई

---

1. हेर महा. व. पा. पृ. २३ : तीहिसरणगमनेहि उपसम्पदाकथा, अ. क. III. पृ. १०३३

ज्ञापनगर्नुपर्छ––

ज्ञप्ति––'भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यो फलाना नामक, फलाना नामक आयुष्मान्‌द्वारा उपसम्पदा पेक्षीछन् । यदि सङ्घलाई उचित लाग्छ भने सङ्घले फलाना नामकलाई फलाना नामक उपाध्याय-द्वारा उपसम्पदा प्रदान गरियोस् ।' यो हो ज्ञप्ति[1] (=announcement)।

१–**प्रस्ताव**–'भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यो फलाना नामक[2], फलाना नामक आयुष्मान्‌द्वारा उपसम्पदापेक्षी छ । सङ्घले फलाना नामक लाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदान गर्छ । जुन आयुष्मान्‌लाई––फलाना नामकलाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदान गर्नमा चित्त बुज्छ वहाँ चुपलाग्नुहोस्; जसलाई चित्त बुझ्दैन वहाँ बोल्नुहोस् ।'

२– 'दोश्रोपटक पनि यही कुरा भन्दछु –– 'भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यो फलाना नामक, फलाना नामक आयुष्मान्‌द्वारा उपसम्पदापेक्षी छ । सङ्घले फलाना नामकलाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदान गर्छ । जुन आयुष्मान्‌लाई –– फलाना नामकलाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदान गर्नमा चित्तबुझ्छ वहाँ

---

1. भिक्षुसङ्घको ध्यानाकर्षण गर्नको निम्ति ज्ञापन (=सूचना) दिने विधि ।
2. यसठाउँमा जसको जस्तो नाम हो त्यस्तो उल्लेख गरिन्छ ।

चुपलाग्नुहोस्; जसलाई चित्तबुझ्दैन वहाँ बोल्नुहोस् ।'

३–'तेश्रोपटक पनि यही कुरा भन्दछु—'भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यो फलाना नामक, फलाना नामक आयुष्मान्द्वारा उपसम्पदापेक्षी छ । सङ्घले फलाना नामकलाई फलाना उपाध्यायद्वारा उपसम्पदा प्रदानगर्छ । जुन आयुष्मान्लाई फलाना नामकलाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदानगर्नमा चित्त बुझ्छ वहाँ चुपलाग्नुहोस्; जसलाई चित्त बुझ्दैन वहाँ बोल्नुहोस् ।'

धारणा––'सङ्घले फलाना नामकलाई फलाना नामक उपाध्यायद्वारा उपसम्पदा प्रदान गर्‍यो । सङ्घलाई चित्त बुझ्छ (=स्वीकार्छ) त्यसैले (सङ्घ) चुप्छ––यस्तो धारणगर्छु[1]।"

× × ×

---

1. राखिएको प्रस्ताव सङ्घद्वारा पारित तथा सम्मत भयो भन्ने विश्वास गर्छु भनी भनिएको हो ।

मूल पालि—

१०५।२ आनन्दको चीवरदान

(अतिरेक चीवर कथा[1])

त्यस समयमा आयुष्मान् आनन्दलाई अतिरिक्त चीवर (=अधिक चीवर) लाभ भएको थियो। आयुष्मान् आनन्द सो चीवर आयुष्मान् सारिपुत्रलाई दिन चाहनुहुन्थ्यो। तर आयुष्मान् सारिपुत्र त्यसबेला साकेतमा हुनुहुन्थ्यो। अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो– "भगवान्ले अतिरिक्त चीवर राख्न हुन्न भन्ने शिक्षापद (=नियम) बनाउनु भएको छ। यो चीवर भने मलाई अतिरिक्त लाभ भएको छ। यो चीवर म आयुष्मान् सारिपुत्रलाई दिन चाहन्छु। तर वहाँ आयुष्मान् सारिपुत्र अहिले साकेतमा हुनुहुन्छ। यस विषयमा मैले के गर्नु पर्ला?" अनि आयुष्मान् आनन्दले यो कुरा भगवान्लाई सुनाए।

"आनन्द! सारिपुत्र कहीले आउने छन् त?"

1. महा. व. पा. पृ. ३०५: चीवरक्खन्धकं।

"नौ दश दिनमा आउनु हुनेछ।"

अनि यसै सन्दर्भमा, यसै प्रसंगमा भिक्षुहरूलाई धार्मिक कुरा बताउनु भई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो– "भिक्षु हो ! दश दिनसम्म अतिरिक्त चीवर राख्न हुने अनुमति दिन्छु[1] ।"

× × ×

1. यस्तै कुरा अथवा यही कुरा पारा. पा. पृ. २८६: पठमनिस्सग्गियंमा पनि उल्लेख भएको छ ।

मूल पालि—

१०६।३ आयुष्मान् रेवतको चीवर

(सुग्गहित दुग्गहितादि कथा[1])

त्यस समय आयुष्मान् रेवतले "यो चीवर स्थविर (=सारिपुत्र)लाई देऊ" भनी एक भिक्षुको हातमा आयुष्मान् सारिपुत्रलाई चीवर पठाउनु भयो ।

अनि सो भिक्षुले आयुष्मान् रेवतसँगको विश्वासले त्यो चीवर बीचबाटैमा (आफैले) लिए । त्यसपछि आयुष्मान् रेवतले आयुष्मान् सारिपुत्र कहाँ गई सोध्नु भयो--

"भन्ते ! मैले स्थविरको निम्ति चीवर पठाएको थिएँ । त्यो चीवर पाउनु भयो के ?"

"आवुसो ! त्यो चीवर म देख्दिन ।"

---

1. महा. व. पा. पृ. ३२३: चीवरक्खन्धकं ।

अनि आयुष्मान् रेवतले सो भिक्षुलाई यस्तो भन्नु भयो—

"आवुसो ! मैले आयुष्मान्को हातमा स्थविरलाई चीवर पठाएको थिएँ । त्यो चीवर कहाँ छ ?"

"भन्ते ! आयुष्मान्को विश्वासले मैले लिएँ ।"

अनि भगवानलाई यो कुरा सुनाए ।

"भिक्षुहो ! यहाँ भिक्षुले 'यो चीवर फलानालाई देऊ' भनी भिक्षुको हातमा चीवर पठाउँछ । जसले पठाएको हो उसँगको विश्वासले उसले (त्यो चीवर) बीचबाटैमा लिन्छ । लिएको ठिकै छ (सुग्गहितं) । (तर) जसलाई पठाएको हो उसँगको विश्वासले लिन्छ भने-- लिएको ठिकछैन (दुग्गहितं)।

× × ×

मूल पालि—

१०७।४ पेट दुखेको

(तिरच्छिनविज्जा–लसुणखादनादीति[1])

त्यस समय आयुष्मान् सारिपुत्रलाई पेट दुखिरहेको थियो । अनि आयुष्मान् महामौद्गल्यायन जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो––

"आवुसो सारिपुत्र ! अघि तपाइलाई पेट दुख्दा के ले निको हुन्थ्यो ?"

"आवुसो ! लसुनले मलाई निको हुन्थ्यो ।"

भगवान्लाई यो कुरा सुनाए । (भगवान्ले भन्नुभयो)–– "भिक्षुहो ! रोगको कारणमा लसुन खाने अनुमति दिन्छु ।"

× × ×

1. चुल्ल. व.पा. पृ. २३०: खुद्दकवत्थुक्खन्धकं; अ. क. III. पृ. १२९७

मूल पालि—

१०८।५ भुक्तानुमोदना गर्ने

(अनुमोदन वत्तकथा[1])

त्यस समय भिक्षुहरूले भोजन गर्ने ठाउँमा (भत्तग्गे) अनुमोदन गर्दैनथे। मानिसहरू कराउँथे, खिन्न हुन्थे तथा दुःखी हुन्थे-- "यी श्रमण शाक्यपुत्रहरू कस्ता होलान् जो भोजन गर्ने ठाउँमा अनुमोदन पनि गर्दैनन्।" अनि मानिसहरू कराएको खिन्न भएको तथा दुःखी भएको कुरा भिक्षुहरूले सुने। अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए। भगवान्ले यसै कारणमा, यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो "भिक्षुहो! भोजन गर्ने ठाउँमा अनुमोदन गर्ने अनुमति दिन्छु।" अनि भिक्षुहरूलाई यस्तो लाग्यो-- "भोजन गर्ने ठाउँमा कसले अनुमोदन गर्ने?" भगवान्लाई यो कुरा विन्ति गरे। अनि भगवान्ले यसै कारणमा यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो— "भिक्षुहो! भोजन गर्ने ठाउँमा स्थविर भिक्षुले अनुमोदन गर्ने अनुमति दिन्छु।"

---

1. चुल्ल. व. पा. पृ. ३१६: वत्तक्खन्धकं; अ. क. III. पृ. १३७२.

त्यस समय एक समूह (पूग) को सङ्घ भोजन थियो। आयुष्मान् सारिपुत्र सङ्घस्थविर हुनुहुन्थ्यो। "भगवान्ले स्थविर भिक्षुले अनुमोदन गर्ने अनुमति दिनु भएको छ" भन्दै आयुष्मान् सारिपुत्रलाई एक्लै छाडी गए। अनि ती मानिसहरूलाई अनुमोदन गरी आयुष्मान् सारिपुत्र एक्लै जानुभयो। भगवान्ले टाढैदेखि सारिपुत्र एक्लै आइरहनुभएको देख्नु भयो। देखेर आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो–– "सारिपुत्र ! भोजनकार्य कस्तो थियो ?"

"भन्ते ! भोजनकार्य राम्रै थियो। किन्तु मलाई एक्लै छाडेर भिक्षुहरू गए।"

अनि भगवान्ले यसै कारणमा, यसै प्रसंगमा धार्मिककथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभई–– "भिक्षुहो ! भोजन गर्ने ठाउँमा चार पाँच जना स्थविर र अनुस्थविरहरू पर्खेर बस्ने अनुमति दिन्छु।"

त्यस समय एक स्थविर भोजन गर्ने ठाउँमा दिसा लाग्दा लाग्दै पर्खेर बसेका थिए। दिसा थाम्न नसकी मूर्छा भए। भगवान्लाई यो कुरा सुनाए। "भिक्षुहो ! यदि काम परेको खण्डमा कुनै भिक्षुसँग सोधेर जाने अनुमति दिन्छु।"

× × ×

मूल पालि–

१०९।६ कुन बुद्धको शासन चिरस्थायी थियो ?

(एतदत्थाय सिक्खापद पञ्ञत्ति[1])

अनि (एक दिन) एकलै एकान्तमा ध्यानगरिरहनुभएका आयुष्मान् सारिपुत्रको मनमा यस्तो परिवितर्कना उठ्यो ।

"कुन चाहिं बुद्ध भगवान्‌को ब्रह्मचर्य (=शासन ब्रह्मचर्य) अचिरस्थायी रहेको थियो र कुन चाहिं बुद्ध भगवान्‌को ब्रह्मचर्य चिरस्थायी रहेको थियो ?"

(अरू जम्मै कुरा लेखकको बु. गृ. भा.– ३. को पृ. २९८ देखि हेर्नु).

× × ×

1. पारा . पा . पृ . १०: पञ्ञत्ति निदानकथा; अ. क. I. पृ १७४

मूल पालि–

११०।७ आनन्दको पात्र दान

(आनन्देन सारिपुत्तस्स निक्खित्तवत्थु[1])

त्यस समय आयुष्मान् आनन्दलाई अतिरिक्त पात्र(=भिक्षापात्र) लाभ भएको थियो। आयुष्मान् आनन्दले सो पात्र आयुष्मान् सारिपुत्रलाई दिन चाहनुभएको थियो। त्यस बखत आयुष्मान् सारिपुत्र साकेतमा हुनुहुन्थ्यो। अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो–

"अतिरिक्त पात्र राख्न हुन्न भनी भगवान्‌ले नियम बनाउनु भएको छ। यो पात्र भने मलाई अतिरिक्त लाभ भएको छ। म भने यो पात्र आयुष्मान् सारिपुत्रलाई दिन चाहन्छु। बहाँ आयुष्मान् सारिपुत्र भने अहिले साकेतमा बस्नु भएको छ। यस बिषयमा मैले कस्तो व्यवहार गर्नु पर्ला ?" अनि आयुष्मान् आनन्दले यो कुरा भगबान्‌लाई सुनाउनु भयो।

"आनन्द ! सारिपुत्र कहिले आउने छन्‌त ?[1]

"भन्ते ! नौ बा दश दिन पछि आउनु हुनेछ।"

"अनि भगबान्‌ले यसै कारणमा यसै प्रसंगमा धार्मिक कथा

1. पाचि. पा. पृ. ३४६. निस्सग्गियकण्डं; अ. क. II पृ७१ २.

सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो --"भिक्षुहो ! दशदिन सम्म अतिरिक्त पात्र राख्न हुने अनुमति दिन्छु ।" भिक्षुहो ! यसरी यो शिक्षापद (=नियम) अध्ययन गर्नु पर्छ - "दश दिन सम्म अतिरिक्त पात्र राख्न हुन्छ । त्यो भन्दा बढी राख्यो भने निस्सग्गिय पाचित्तिय (=दोष) लाग्ने छ ।"

× × ×

मूल सूत्र--

१११।८ अनुप्रवर्तन गर्नसक्छ

(एकपुग्गल वग्गो[1])

"नाहं भिक्खवे, अञ्ञं एकपुग्गलं पि समनुपस्सामि यो एवं तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितं सम्मदेव अनुप्पवत्तेति यथयिदं भिक्खवे, सारिपुत्तो। सारिपुत्तो, भिक्खवे तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितं सम्मदेव अनुप्पवत्तेती' ति।"

अर्थ--

"भिक्षुहो! मैले त्यस्तो कुनै पुरूष देख्दिन जसले तथागतले प्रवतित अनुत्तर धर्मचक्रलाई सम्यक् प्रकारले प्रवर्तन गर्नसक्छ जस्तै सारिपुत्रले भिक्षुहो! तथागतले प्रवर्तित अनुत्तर धर्मचक्रलाई सारिपुत्रले सम्यक् प्रकारले अनुप्रवर्तन गर्नसक्छ।"

× × ×

---

1. अं. नि--१. पृ. २३

मूल सूत्र—

११२।९ एतदग्र

(एतदग्गसुत्तं[1])

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं महापञ्ञानं यदिदं सारिपुत्तो।"

अर्थ--

" भिक्षुहो! महाप्रज्ञाहुने मेरा श्रावक भिक्षुहरू मध्ये सारिपुत्र अग्र छन्।"

× × ×

1, अं. नि–१, पृ. २३: एतदग्गवग्गो; अ. क. I. पृ. ८४.

मूल सूत्र––

११३।१० आयाचनगर्ने

(आयाचन वग्गो[1])

"भिक्षुहों ! श्रद्धालु भिक्षुले सम्यक्‌रूपले आयाचना गर्ने हो भने यसरी आयाचना गर्नु पर्छ – 'त्यस्तो हुन सकूँ जस्तो सारिपुत्र मौद्‌गल्यायन छन् । भिक्षुहो! मेरा श्रावक भिक्षुहरू मध्ये सारिपुत्र मौद्‌गल्यायन तुला-दण्ड तथा प्रमाणकर' हुन् "

× × ×

1. अं. नि–१, पृ. ८१, अ. क. I. ३३४; अं. नि–४ पृ. १७४: आयाचनसुत्तं ।

मूल सूत्र—

११४।११ संक्षिप्त र विस्तारपूर्वक देशना

(सारिपुत्तसुत्तं [1])

आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो––

"सारिपुत्र ! मैले संक्षेपमा धर्मदेशना गरेता पनि, सारिपुत्र ! मैले विस्तारपूर्वक धर्म देशना गरेता पनि––जान्नसक्ने (पुरुष) नै दुर्लभ छ।"

"भगवान् ! संक्षेपमा। भएपनि धर्मदेशना गर्नुहोस्। विस्तारपूर्वक भएपनि धर्मदेशना गर्नुहोस्। संक्षेप र विस्तारपूर्वक भएपनि धर्मदेशना गर्नुहोस्––धर्मलाई जान्नसक्ने पनि होलान्। भगवान् ! यही समयहो, सुगत ! यही काल (=अवस्था) हो।

1. अं. नि.–३. पृ. १२३: देवदूतवग्गो; अ. क. I. पृ. ३६३

"सारिपुत्र ! त्यसो भए यस्तो सिक--'यो सविज्ञानिक कायमा अहङ्कार ममङ्कार माना[1]नुशय[2] हुने छैन । बाहिरका सबै निमित्तहरूमा पनि अहङ्कार ममङ्कार र मानानुशय हुने छैन--जुन चित्तविमुक्ति,[3] र प्रज्ञाविमुक्तिमा समाधिष्ठ भई विहारगर्दा अहङ्कार ममङ्कार र माना-नुशय हुँदैन--त्यही चित्तविमुक्ति र प्रज्ञाविमुक्तिमा समाधिष्ठ भई विहारगर्नेछौं' । सारिपुत्र ! यही सिक्नु पर्दछ ।

"सारिपुत्र ! जुनवेला यो सविज्ञानिक कायमा भिक्षुहरूको अह-ङ्कार ममङ्कार र मानानुशय हुँदैन, बाहिरका सबै निमित्तहरूमा पनि अह-ङ्कार ममङ्कार र मानानुशय हुँदैन जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्तिमा

---

1. मान+अनुशय = मानानुशय । यहाँ नवविध 'मान' लाई 'मान' भनिएको हो । यी नवविध मान भनेका के के हुन् भन्ने बारेमा बु. प. भा–१ पृ. ४६७ को पादटिप्पणीमा लेखिएका मानहरूमध्येमा नौ नम्बर सम्मका 'मान' हेर्नू ।
2. 'अनुशय' भन्नाले सुतिरहेका क्लेशहरूलाई भनिएको हो । यी अनु-शयन गरिरहेका क्लेशहरू सातवटा छन्— (१) कामराग-अनुशय, (२) प्रतिघ-अनुशय, (३) मान-अनुशय, (४) दृष्टि-अनुशय (५) विचिकित्सा-अनुशय, (६) भवराग-अनुशय तथा (७) अविद्या-अनु-शय । विभं. पा. पृ. ४६०:सत्तमातिकानिद्देसो ।
3. चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको अर्थ बु. प. भा-१ पृ. ३२८ को पाद-टिप्पणीमा उल्लेख गरिसकेको छु ।

समाधिष्ठ हुँदा अहङ्कार ममङ्कार र मानानुशय हुँदैन –– त्यही चित्तविमुक्ति र प्रज्ञाविमुक्तिमा समाधिष्ठ भई विहार गर्छ। सारिपुत्र ! यसैलाई 'भिक्षुले तृष्णालाई छेदन गऱ्यो, संयोजन[1]लाई उखेलिसक्यो, मानानुशयलाई सम्यक्प्रकारले अन्तगऱ्यो र दु:खको पनि अन्तगऱ्यो' भनी भन्दछन् ।

"सारिपुत्र ! यसै कारणलाई लिएर पारायनको[2] उदय प्रश्नमा मैले यस्तो भनेको हुँ––

१– "पहानं कामसञ्ञानं[3], दोमनस्सान चूभयं ।
थीनस्स[4] च पनूदं, कुक्कुचानं निवारणं ।।

२–" उपेक्खासतिसंसुद्धं, धम्मतक्कपुरेजवं ।
अञ्ञाविमोक्खं पब्रूमि, अविज्जाय पभेदनं' ति ।।"

अर्थ––

१–' कामसंज्ञा र दौर्मनस्य––यी दुवैलाई छाड्नुपर्छ, आलस्यपनलाई हटाउनु पर्छ, शंकासन्देहलाई निवारण गर्नुपर्छ ।

२–" पहिले नै धर्मकोतर्कना गरी उपेक्षा र स्मृतिलाई परिशुद्धगरीं, अविदयालाई चकनाचूरपारी विमोक्षलाई जान्नुपर्छ भनी भन्दछु।"

× × ×

---

1. संयोजन दश छन् । यी कुराहरू बु. प. भा-१ पृ. २५१ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु ।
2. सुत्तनिपातको पारायनवर्गको उदयमाणव प्रश्नमा । सुत्त. नि. पृ. ४३५
3. रोमनमा: 'कामच्छन्दानं
4. बर्मीमा; 'भिनस्स, ।

मूल सूत्र--

११५।१२ अनुरुद्धलाई तीन उपदेश

(दुतिय अनुरुद्ध सुत्तं[1])

अनि आयुष्मान् अनुरुद्ध जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशल वार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् अनुरुद्धले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो —

"आवुसो सारिपुत्र! यहाँ मनुष्य चक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा म सहस्र लोकलाई हेर्दछु। मेरो मनमा पूर्ण वीर्य छ आलस्यता छैन, स्मृति थातमा छ बेहोस छैन, काय शान्त छ चंचल छैन तथा समाहित भई चित्त एकाग्र छ। परन्तु उपादान[2] रहित भई आस्रवक्ष-

---

1. अं. नि- ३, पृ. १६२: कुसिनारवग्गो; अ. क. I. पृ. ४६०.
2. (१) काम उपादान, (२) दृष्टि उपादान, (३), शीलव्रत उपादान र (४) आत्मबाद उपादान। विभं. पा. पृ. ४४९.

यबाट चित्तविमुक्त हुनसकेको छैन । "

(१) "आवुसो अनुरुद्ध ! जो तिमीलाई यस्तो लाग्छ---'म मनुष्यचक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा सहस्रलोकलाई हेर्द छु -- यो तिम्रो मान हो । (२) जो तिमीलाई यस्तो लाग्छ – 'मेरो मनमा पूर्ण वीर्य छ आलसता छैन, स्मृति थातमा छ वेहोस छैन, शरीर शान्त छ चञ्चल छैन र समाहित भई चित्त एकाग्र छ '-- यो तिम्रो चित्तविक्षेप (=चञ्चलपन) हो । आवुसो ! (३) जो तिमीलाई यस्तो लाग्छ -- 'परन्तु मेरो चित्त उपादान रहित भई आस्रवहरूबाट चित्त विमुक्त हुनसकेको छैन'-- यो तिम्रो शंका- सन्देह हो । अतः आयुष्मान् अनुरुद्ध ! यी तीन कारणहरूलाई हटाई यी तीन कारणहरूलाई मनमा राखी अमृतधातुमा मन राख्नु भए बेश हुनेछ । "

अनि आयुष्मान् अनुरुद्धले यी तीन कारणहरूलाई छाडी यी तीन कारणहरूमा मन नराखी अमृतधातुमा मन राख्नुभयो । यसरी एक्लै एकान्तमा बसी आतप्तयुक्त मेहनतका साथ अप्रमत्त भई ध्यानगरिरहँदा आयुष्मान् अनुरुद्ध–जुन कारणको निमित्त कुलपुत्रहरू सर्वप्रकारले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्-- त्यो अनुत्तर फल प्राप्तगरी ब्रह्मचर्यवास पूरागरी यसै जीवनमा अभिज्ञाद्वारा स्वयं साक्षात्कार गरी उपशान्त भई बस्नु भयो । अनि 'जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो गर्नु पर्ने गरिसकें, अब उप्रान्त केही गर्नुपर्ने बाँकी छैन' भन्ने पनि स्वयं ज्ञात गर्नुभयो । आयुष्मान् अनुरुद्ध अरहन्तहरू मध्येमा एक हुनु भयो[1] ।

× × ×

---

1. अं. नि–८, पृ. ३३६ :अनुरुद्ध महावितक्कसुत्त मा पनि यस्तैगरी अरहत् भएको कुरा उल्लेख भएको छ ।

मूल सूत्र---

११६।१३ एकै ब्यापारको नाना फल

(वणिज्जसुत्त[1])

आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एकछेउमा बस्नु भयो । एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो-

"(१) भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ कसैको त्यस्तै प्रकारकै व्यापार गर्दा पनि छेदगामिनी हुन्छ ? (=हानी र नोक्सानी हुन्छ ?) (२) भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ कसैको त्यस्तै प्रकारकै व्यापारगर्दा पनि यथाअभिप्राय हुन्न ? (= इच्छा गरेबमोजिं हुन्न ?) (३) भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ कसैको त्यस्तै प्रकारकै ब्यापारगर्दा यथाअभिप्राय हुन्छ ? (=इच्छागरे वमोजिं हुन्छ ?) (४) भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ कसैको त्यस्तै प्रकारकै

---

1. अं. नि- ४. पृ. ८६: अपण्णकवग्गो; अ क. II. पृ. ५२२

ब्यापारगर्दा परअभिप्राय हुन्छ ? (= इच्छा गरेकोभन्दा पनि वढता हुन्छ ?)"

१– " सारिपुत्र ! यहाँ, कोही पुरुष श्रमण वा ब्राह्मणकहाँ गई --' भन्ते ! के चाहानुहुन्छ भन्नुहोस्' भनी प्रार्थना गर्छ (पवारेति) ।तर उसले प्रार्थनागरे बमोजिं प्रदानगर्दैन । यदि उ त्यहाँबाट च्युत भई यहाँ आउँछ भने -- उसले जुनसुकै ब्यापारगरेता पनि उसको हानीनोक्सानी (= छेदगामिनी) हुन्छ ।

२- " सारिपुत्र ! यहाँ, कोही पुरुष श्रमण वा ब्राह्मणकहाँ गई --'भन्ते ! के चाहनु हुन्छ भन्नुहोस्' भनी प्रार्थना गर्छ (पवारेति) । उसले प्रार्थना गरेको भन्दा पनि कम प्रदान गर्छ । यदि उ त्यहाँबाट च्युत भई यहाँ आउँछ भने–उसले जुनसुकै ब्यापार गरेता पनि उसको यथाभि-प्राय (= इच्छा गरे बमोजिं) हुन्न ।

३– " सारिपुत्र ! यहाँ, कोही पुरुष श्रमण वा ब्राह्मणकहाँ गई – ' भन्ते ! के चाहनुहुन्छ भन्नुहोस्' भनी प्रार्थनागर्छ (पवारेति) । उसले प्रार्थना गरे बमोजिं प्रदान गर्छ । यदि उ त्यहाँबाट च्युत भई यहाँ आउँछ भने – उसले जुनसुकै ब्यापारगरेता पनि उसको यथाभिप्राय (= इच्छागरे बमोजिं) हुन्छ ।

४– " सारिपुत्र ! यहाँ, कोही पुरुष श्रमण वा ब्राह्मणकहाँ गई – ' भन्ते ! के चाहनुहुन्छ भन्नुहोस्' भनी प्रार्थना गर्छ (पवारेति) । उसले प्रार्थना गरेको भन्दा पनि वढता प्रदान गर्छ । यदि उ त्यहाँबाट च्युत भई यहाँ आउँछ भने — उसले जुनसुकै ब्यापार गरेता पनि पर-

अभिप्राय (= इच्छा गरेको भन्दा पनि बढता) हुन्छ ।

" सारिपुत्र ! यही हेतुहो, यही प्रत्यय हो जो कि यहाँ त्यस्तै प्रकार कै व्यापारगर्दा पनि छेदगामिनी (= हानीनोक्सानी) हुन्छ । सारिपुत्र ! यही हेतु हो, यही प्रत्यय हो जो कि यहाँ त्यस्तै प्रकारकै व्यापारगर्दा पनि यथाभिप्राय हुन्न । सारिपुत्र ! यही हेतुहो, यही प्रत्यय हो जो कि यहाँ त्यस्तै प्रकारकै व्यापारगर्दा पनि परअभिप्राय हुन्छ । "

× × ×

मूल सूत्र—

११७।१४ परिहानी

(परिहानसुत्तं[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो— "आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए ।

(अनि) आयुष्मान् सारिपुत्रले भन्नुभयो—

(क) "आवुसो ! जुनसुकै भिक्षु वा भिक्षुणीले चार कारणहरू लाई आफूमा देख्छन् भने—अवश्यमेव निश्चयमा पुग्नुपर्छ कि—'कुशल धर्महरूबाट परिहानी हुनेछु ।' भगवान्ले पनि यसलाई परिहानी हो भनी बताउनु भएको छ । कुन चार कारणले भने ?—(१) रागविपुलता, (२) द्वेषविपुलता, (३) मोहविपुलता तथा (४) गम्भीर कारणाकारण-

1. अं. नि-४. पृ. १५१: इन्द्रियवग्गो; अ. क. II. पृ. ५३८

हरूमा प्रज्ञा (=बुद्धि) चक्षु प्राप्त नहुनु। आवुसो ! जुनसुकै भिक्षु वा भिक्षुणीले यी चार कारणहरूलाई आफूमा देख्छन् भने––अवश्यमेव निश्चयमा पुग्नुपर्छ कि––'कुशलधर्महरूबाट परिहानी हुनेछ।' भगवान्ले पनि यसलाई परिहानी हो भनी बताउनु भएकोछ।

(ख) "आवुसो ! जुनसुकै भिक्षु वा भिक्षुणीले चार कारणहरू आफूमा देख्छन् भने–अवश्यमेव निश्चयमा पुग्नुपर्छ कि––'कुशल धर्महरूबाट परिहानी हुने छैन।' भगवानले पनि यसलाई परिहानी होइन भनी बताउनु भएको छ। कुन चार कारणले भने ?––(१)रागको कमी (२) द्वेषको कमी (३) मोहको कमी तथा (४) गम्भीर कारणाकारण-हरूमा प्रज्ञा (=बुद्धि) चक्षु प्राप्तहुनु। आवुसो ! जुनसुकै भिक्षु वा भिक्षुणीले यी चार कारणहरूलाई आफूमा देख्छन् भने––अवश्यमेव निश्चयमा पुग्नुपर्छ कि––'कुशल धर्महरूबाट परिहानी हुने छैन।' भगवान्ले पनि यसलाई परिहानी होइन भनी बताउनु भएको छ।"

× × ×

मूल सूत्र--

११८।१५ चार प्रतिपद्हरू

(महामोग्गल्लानसुत्त[1])

आयुष्मान् सारिपुत्र जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भए पछि आयुष्मान् महामौद्गल्यायनसँग सम्मोदन गर्नु भयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले आयुष्मान् महामौद्गल्यायनलाई यस्तो भन्नुभयो--

"आवुसो मौद्गल्यायन ! यी चार प्रतिपद्हरू छन्। कुन चार भने ?--(१) दुःख प्रतिपदा ढीलो अभिज्ञान[2] (दन्धाभिञ्ञा),

---

1. अं. नि–४. पृ. १६३: पटिपदावग्गो; अ. क. II. पृ. ५४१
2. 'दुःख प्रतिपदा ढीलो अभिज्ञान' भनेको मोक्ष प्राप्तिकोलागि गरिने प्रयत्नहरू पनि कष्टदायी र त्यसबाट प्राप्त हुने प्रतिफल पनि ढिलाई हुन्छ। यसको परिभाषा अभिधर्म पिटकको विभङ्गपालि पृ. ३९४ मा

(२) दुःख प्रतिपदा चाँडो अभिज्ञान[1] (खिप्पाभिञ्ञा), (३) सुख प्रतिपदा ढीलो अभिज्ञा[2]न, (४) सुखप्रतिपदा चाँडो अभिज्ञान[3] । आवुसो ! यो चार प्रतिपद्हरू छन् । यी चार प्रतिपद्हरूमध्ये कुन प्रतिपद्मा आई तपाइको चित्त उपादान रहित आस्रवहरूबाट विमुक्त भयो ?"

यस प्रकार समुल्लेख गरेको छ—

"किच्छेन कसिरेन समाधिं उप्पादेन्तस्स दन्धं तण्हानं अभिजानन्तस्स या उप्पज्जति पञ्ञा पजानना... अमोहो धम्मविचयो सम्मादिट्ठि– अयं वुच्चति 'दुक्खापटिपदा दन्धाभिञ्ञा पञ्ञा'।" अर्थात्—कठिनाइतापूर्वक समाधि लाभ गर्नेको र ढिलाईतापूर्वक तृष्णादि अमोहलाई जान्नेको—जुन प्रज्ञा,=अमोह उत्पन्नहुन्छ सोही धर्मविचयसम्यक्दृष्टिनै 'दुःख प्रतिपदा र ढीलाई प्रतिफल' हो । भनाइको तात्पर्य—लौकोत्तर समाधि लाभ हुनुमा पनि कठिनाईता तथा त्यसबाट पाइने आस्रवादिक्षय–ज्ञान पाउनुमा पनि ढिलाई हुन्छ भनेको हो ।

1. दोश्रो प्रतिपद्मा—समाधि प्राप्तगर्नमा भने कठिनाई हुन्छ तर त्यसबाट प्राप्तगर्नुपर्ने आस्रवादिक्षय गर्नमा भने चाँडो हुन्छ भनी भनेकोहो ।

2. तेश्रो प्रतिपद्मा—समाधि प्राप्त गर्नमा भने सहज र सरल हुन्छ तर त्यसबाट प्राप्तगर्नुपर्ने आस्रवादिक्षय गर्नमा भने ढिलाई हुन्छ भनी भनेको हो ।

"आवुसो सारिपुत्र ! यी चार प्रतिपद्हरूछन् । कुन चार भने– दु:ख प्रतिपदा ढीलो अभिज्ञान, दु:ख प्रतिपदा चाँडो अभिज्ञान, सुख प्रतिपदा ढीलो अभिज्ञान तथा सुख प्रतिपदा चाँडो अभिज्ञान । आवुसो ! यी चार प्रतिपदहरू हुन् । आवुसो यी चार प्रतिपद्हरूमध्येमा जुन प्रतिपद् दु:खछ तर चाडै अभिज्ञान पाउने हो—सोही प्रतिपद्माआई मेरो चित्त उपादान रहित आस्रवहरूबाट विमुक्त भएको थियो ।"

---

3. चौथो प्रतिपद्मा — समाधि इत्यादि प्राप्तगर्नुमा पनि सरलता र सुगमता तथा त्यसबाट प्राप्तगर्नुपर्ने आस्रवादिक्षय गर्नुमा पनि सरलता सुगमता हुन्छ भनी भनेको हो । यसको परिभाषा पनि उपरोक्त ग्रंथको पृ. ३९४ मा यसप्रकार समुल्लेख भएकोछ—

"अकिच्छेन अकसिरेन समाधिं उप्पादेन्तस्स खिप्पं तण्हानं अभिजानन्तस्स या उप्पज्जति पञ्ञा पजानना ... अमोहो धम्मविचयो सम्मादिट्ठि — अयं वुच्चति 'सुखापटिपदाखिप्पाभिञ्ञा'।" अर्थात् —सरलतापूर्वक समाधि लाभगर्नेको, चाँडैनै तृष्णादि अमोहलाई जान्नेको जुन प्रज्ञा = अमोह उत्पन्न हुन्छ — सोही धर्मविचय सम्यक्दृष्टिनै 'सुख प्रतिपदा तथा चाँडो अभिज्ञान हुन्छ' ।

मूल सूत्र ----

११९।१६ चाँडै अभिज्ञान पाएँ

(सारिपुत्तसुत्तं[1])

आयुष्मान् महामौद्गल्यायन जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नु भयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महामौद्गल्यायनले आयुष्मान् सारिपुत्रलाई यसो भन्नुभयो –

"आवुसो सारिपुत्र ! यी चार प्रतिपद्हरू छन्--कुन चार भने ? --(१) दुःख प्रतिपदा ढिलो अभिज्ञान, (२) दुःख प्रतिपदा चाँडो अभिज्ञान (३) सुख प्रतिपदा ढीलो अभिज्ञान तथा (४) सुख प्रतिपदा चाँडो अभिज्ञान। आवुसो ! यी चार प्रतिपद्हरू मध्येमा कुन प्रतिपद्मा आई तपाइको चित्त उपादान रहित आस्रवहरूबाट विमुक्त भयो ?"

1· अं नि–४ पृ. १६४: पटिपदावग्गो; अ. क. II. पृ. ५४१

"आवुसो मौद्गल्यायन ! यी चार प्रतिपद्हरू छन् । कुन चार भने ? –– दु:ख प्रतिपदा ढीलो अभिज्ञान, ... सुख प्रतिपदा चाँडो अभिज्ञान । आवुसो ! यी चार प्रतिपद्हरूमध्येमा जुन प्रतिपद् सुखदछ र चाँडै अभिज्ञान पाउनेहो –– सोही प्रतिपद्मा आईं मेरो चित्त उपादान रहित आस्रवहरूबाट विमुक्त भएको थियो[1]। "

× × ×

---

1. सारिपुत्र महास्थविर 'दीघनखसुत्त' को उपदेश सुनी अरहत् हुनु भएको थियो । यो सूत्र लेखकका 'बुद्धकालीन परिव्राजक' भा–१ को पृ. ३५७ मा 'सबै मनपर्दैन' भन्ने शीर्षक अन्तर्गत उल्लेख भएको छ। सारिपुत्र महास्थविरले अरहत्व प्राप्तगर्नु भएको कुरा उसैग्रन्थको पृ ३६४ मा उल्लेख भएको छ ।

मूल सूत्र—

१२०।१७ चेतना

(चेतनासुत्त[1])

"(१) भिक्षुहो ! काय (=कायद्वार) रहेको खण्डमा काय सञ्चेतनाको हेतुद्वारा भित्री(अज्झत्त)सुखदु:ख उत्पन्न हुन्छ, (२)भिक्षुहो ! अथवा वाचा (=वचीद्वार) रहेको खण्डमा वचीसंस्कारको हेतुद्वारा भित्री सुखदु:ख उत्पन्न हुन्छ, (३) भिक्षुहो ! अथवा मन(मनःद्वार) रहेको खण्डमा मन: सञ्चेतनाको हेतुद्वारा भित्री सुखदु:ख उत्पन्न हुन्छ अथवा अविदयाकै हेतुद्वारा ।

१ - "(१) भिक्षुहो ! आफैले पनि त्यो कायसंस्कार[2] अभिसंस्करण गर्छ (=बनाउँछ)-- जसको कारण द्वारा उसलाई त्यो

---

1. अं. नि-४. पृ. १६७: सञ्चेतनियवग्गो; अ. क. II पृ. ५४३.

2. 'कायसंस्कार अभिसंस्करण गर्छ' भनेको कस्तो हो भन्ने बारेमा विस्तार कुराहरू मनो. र.पू II पृ. ५४३ मा समुल्लेख भएको छ ।

भित्री सुखदु:ख उत्पन्न हुन्छ, (२) भिक्षुहो ! अथवा अरूले पनि त्यो काय-संस्कार अभिसंस्करण गर्छ–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (३) भिक्षुहो ! अथवा जानेर (सम्पजानो) भए पनि त्यो कायसंस्कार अभिसंस्करण गर्छ–– जसको कारणद्वारा त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (४) भिक्षुहो ! अथवा नजानेर (असम्पजानो) भए पनि त्यो **कायसंस्कार अभिसंस्करण गर्छ**–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ ।

२ – "(१) भिक्षुहो ! आफैले पनि त्यो **वचीसंस्कार अभिसंस्करण गर्छ**–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (२) भिक्षुहो ! अथवा अरूले भए पनि त्यो वचीसंस्कार अभिसंस्करण गर्छ–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (३) भिक्षुहो ! अथवा जानेर भए पनि त्यो वचीसंस्कार अभिसंस्करण गर्छ–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (४) भिक्षुहो ! अथवा नजानेर भए पनि त्यो **वचीसंस्कार अभिसंस्करण गर्छ**–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ ।

३ – "(१) भिक्षुहो ! आफैले पनि त्यो **मन:संस्कार अभिसंस्करण गर्छ**–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (२) भिक्षुहो ! अथवा अरूले भए पनि त्यो मन:संस्कार अभिसंस्करण गर्छ–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु:ख उत्पन्न हुन्छ, (३) भिक्षुहो ! अथवा जानेर भए पनि त्यो मन:संस्कार अभि-

संस्करण गर्छ–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छ, (४) भिक्षुहो ! अथवा नजानेर भए पनि त्यो **मनःसंस्कार अभि-संस्करण गर्छ**–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु :ख उत्पन्न न्छ ।

"भिक्षुहो ! यी चेतनाहरूमा अविदया अनुपतितछ (=भित्र छ) । त्यसो हुनाले अविद्याकै निरवशेष विराग, निरोध भएमा त्यो काय हुने छैन–– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु :ख उत्पन्न हुने हो; त्यो वाचा हुनेछैन · जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदु :ख हुने हो; त्यो मन हुने छैन– जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदुःख हुनेहो; त्यो क्षेत्र (=विपाक उत्पन्न हुने कर्मक्षेत्र) पनि हुने छैन ..., त्यो वस्तु (=कर्मरहने ठाउँ) पनि हुने छैन, त्यो आय-तन (= षडायतनहरू) पनि हुने छैन, .. त्यो झगडा (=अधिकरण) पनि हुने छैन –जसको कारणद्वारा उसलाई त्यो भित्री सुखदुःख हुने हो ।"

चार आत्मभावहरू

"भिक्षुहो ! चार आत्मभाव (= देह)हरू छन् । कुन चार भने ? —- (१) भिक्षुहो ! त्यस्तो आत्मभाव छ -- जुन आत्मभा-वमा आत्मसञ्चेतना (= आफूले चिताए अनुसार) वहन गर्छ **(कमति) तर परसञ्चेतना** (=अर्काले चिताए अनुसार) होइन । (२)भिक्षुहो ! त्यस्तो आत्मभाव पनि छ–– जुन आत्मभावमा परसञ्चेतना (=अरूले चिताए अनुसार) वहन गर्छ तर आत्मसञ्चेतना (= आफूले चिताए

अनुसार) होइन । (३) भिक्षुहो त्यस्तो आत्मभाव पनि छ -- जुन आत्मभावमा आत्मसञ्चेतना पनि परसञ्चेतना पनि वहन गर्छ (कमति)। (४) भिक्षुहो ! त्यस्तो पनि आत्मभाव छ -- जुन आत्मभावमा न आत्मसञ्चेतना वहन गर्छ, न परसञ्चेतना वहन गर्छ । भिक्षुहो ! यीनै चार आत्मभावहरू हुन्[1] ।"

यस्तो भन्नु हुँदा आयुष्मान् सारिपुत्रले भगवान्‌लाई यस्तो भन्नु भयो --

" भन्ते ! भगवान्‌को यस संक्षिप्त कुराको अर्थ मैले यसरी विस्तारपूर्वक बुझें -- (१) भन्ते ! त्यहाँ जुन आत्मभाव छ -- जुन आत्मभावमा आत्मसञ्चेतना वहन गर्छ (कमति) तर परसञ्चेतना होइन -- ती सत्वहरू त्यस स्थानबाट आत्मसञ्चेतनाको कारणले च्युत हुन्छन् । (२) भन्ते ! त्यहाँ जुन आत्मभाव छ -- जुन आत्मभावम परसञ्चेतना वहन गर्छ तर आत्मसञ्चेतना होइन--ती सत्वहरू त्यस

---

१. यहाँ उल्लिखित चार आत्मभावहरू मध्ये 'खिड्डापदोसिका देवताहरू, (= क्रीडाको दोषले पतन हुने देवताहरू) पहिलो आत्मभावमा, 'मनोपदोसिका देवताहरू') =क्रोधचित्त उत्पादनको कारणद्वारा च्युतहुने देवताहरू) दोश्रो आत्मभावमा, मनुष्यहरू तेश्रो आत्मभावमा तथा चौथो आत्मभावमा 'नैवसंज्ञानासंज्ञायतन देवताहरू' लाई लक्षित गरिएका हुन् । मनो. र पू. II. पृ ५४४

स्थानबाट परसञ्चेतनाको कारणले च्युत हुन्छन् । (३) भन्ते ! त्यहाँ जुन आत्मभाव छ-- जुन आत्मभावमा आत्मसञ्चेतना पनि परसञ्चेतना पनि वहन गर्छ (कमति)-- ती सत्वहरू त्यसस्थानबाट आत्मसञ्चेतनाको कारणले पनि परसञ्चेतनाको कारणले पनि च्युतहुन्छन् । (४) भन्ते ! त्यहाँ जुन आत्मभाव छ--जुन आत्मभावमा न आत्मसञ्चेतना वहन गर्छ न परसञ्चेतना वहन गर्छ -- यस कारणद्वारा कुन देवता भनी जान्ने ? "

"सारिपुत्र ! यस कारणद्वारा नैवसंज्ञानासंज्ञायतन पुग्ने देवता भनी जान्नुपर्छ । "

आगामी र अनागामी हुने हेतु के हुन् ?

" भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ (१) केही सत्व-हरू त्यसकायबाट च्युतभई आउने (आगामी) हुन्छन् र यस आत्मभावमा आउने हुन्छन् ? भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ (२) केही सत्वहरू त्यस कायबाट च्युतभई न आउने (= अनागामी) हुन्छन् र यस आत्मभावमा नआउने हुन्छन् ? "

"सारिपुत्र ! यहाँ (१) कोही पुद्गलको अधोभागीय संयोजन- [illegible] हुन्छन् । उ यसै जीवनमा (दिट्ठेवधम्मे) नैवसंज्ञ -

---

1. यसको अर्थ बु गृ. भा–१ पृ. ३१७ को पादटिप्पणीमा र बु. प. भा–१ पृ. ३२७ को पादटिप्पणीमा उल्लेख गरेको छु ।

नासंज्ञायतन ध्यान लाभी हुन्छ । उसले सोही ध्यानको रसास्वाद लिन्छ, त्यसलाई रुचाउँछ, त्यसैमा प्रमुदित भएर बस्दछ; त्यसैमा (ध्यानमा) बसी, त्यसैमा आनन्दित भई, त्यसैमा बारम्बार समधिष्ठ भई (त्यस ध्यानबाट) परीहानी नभई कन मृतु हुँदा नैवसंज्ञानासंज्ञायतन पुग्ने देवताहरूका साथमा उत्पन्न हुन्छ । उ त्यहाँबाट च्युत भई आउने (आगामी) हुन्छ र **यस आत्मभावमा आउने हुन्छ ।**

"सारिपुत्र ! यहाँ (२) कोही पुद्गलको **अधोभागीय संयोजनहरू प्रहीण भएकाहुन्छन्** । उ यसै जीवनमा नैवसंज्ञानासंज्ञायतन ध्यान लाभी हुन्छ । उसले सोही ध्यानको रसास्वाद लिन्छ, त्यसलाई रुचाउँछ, त्यसैमा प्रमुदित भएर बस्छ; त्यसै (= ध्यान) मा बसी, त्यसैमा आनन्दित भई, त्यसैमा बारम्बार समाधिष्ठभई (त्यस ध्यानबाट) परिहानी नभईकन मृत्युहुँदा नैवसंज्ञानासंज्ञायतन पुग्ने देवताहरूका साथमा उत्पन्न हुन्छ । **उ त्यहाँबाट च्युतभई न आउने (अनागामी) हुन्छ र यस आत्मभावमा नआउने हुन्छ ।**

"सारिपुत्र ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू त्यस कायबाट च्युतभई आउने हुन्छन् र यस आत्मभावमा आउने हुन्छन् (आगन्तारो इत्थत्तं) । सारिपुत्र ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू त्यस कायबाट च्युत भई नआउने हुन्छन् र यस आत्मभावमा नआउने हुन्छन् (अनागन्तारो इत्थत्तं) ।"

× × ×

मूल सूत्र--

१२१।१८ प्रतिसम्भिदालाभको घोषणा

(विभत्तिसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-- "आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

१ – "आवुसो ! दुइहप्ता उपसम्पदा भइसकेपछि मैले अर्थ-प्रतिसम्भिदा[2] प्राप्तगरें -- कारण सहित, ब्यञ्जन सहित[3] । त्यसलाई

---

1. अं. नि–४ पृ. १७०: सञ्चेतनियवग्गो; अ. क. II पृ. ५४५

2. प्रतिसम्भिदा भनेको के हो भन्ने बारेमा बु.म. भा–१ पृ. २०९ को पाद-टिप्पणीमा समुल्लेख गरिसकेको छ ।

म अनेक प्रकारले बताउँछु, देशनागर्छु, प्रज्ञापन गर्छु, प्रतिस्थापना गर्छु, विवृत्त पार्छु, विभाजन गर्छु तथा प्रष्ट पार्छु । जसलाई शंका लाग्छ अथवा विमति हुन्छ – उसले मसँग प्रश्न सोधोस् । मैले उत्तर दिनेछु । हाम्रा सामुन्ने हाम्रा शास्ता पनि हुनुहुन्छ–जो यी धर्महरूमा सु-कुशल हुनुहुन्छ ।

२–"आवुसो ! दुइहप्ता उपसम्पदा भइसकेपछि मैले धर्मप्रतिसम्भिदा प्राप्तगरें-– कारण सहित, ब्यञ्जन सहित । त्यसलाई म अनेक प्रकारले बताउँछु,... तथा प्रष्ट पार्छु । जसलाई शङ्का लाग्छ अथवा विमति हुन्छ–– उसले मसँग प्रश्न सोधोस् । मैले उत्तर दिनेछु । हाम्रा सामुन्ने हाम्रा शास्ता पनि हुनुहुन्छ–– जो यी धर्महरूमा सु-कुशल हुनुहुन्छ ।

३– "आवुसो ! दुइहप्ता उपसम्पदा भइसकेपछि मैले निरुक्ति प्रतिसम्भिदा प्राप्त गरें–– कारण सहित, ब्यञ्जन सहित । त्यसलाई म अनेक प्रकारले बताउँछु.. तथा प्रष्ट पार्छु । जसलाई शंका लाग्छ अथवा विमति हुन्छ–– उसले मसँग प्रश्न सोधोस् । मैले उत्तर दिनेछु । हाम्रा सामुन्ने हाम्रा शास्ता पनि हुनुहुन्छ–– जो यी धर्महरूमा सु-कुशल हुनुहुन्छ ।

C494

४ - "आवुसो ! दुइहप्ता उपसम्पदा भइसकेपछि मैले प्रतिभाण

3. सारिपुत्र महास्थविरले कहाँ र कुनबेलामा अरहत्व प्राप्त गर्नु भयो भन्ने वारेमा बु. प. भा–१ पृ. ३५५ र ३६४ मा हेर्नू ।

धर्मकीर्ति ... कल्याणी स्मारक पुस्तकालय

प्रतिसम्भिदा प्राप्त गरें-- कारण सहित, ब्यञ्जन सहित । त्यसलाई म अनेक प्रकारले बताउँछु, . तथा प्रष्टपार्छु । जसलाई शङ्का लाग्छ अथवा विमति हुन्छ-- उसले मसँग प्रश्न सोधोस् । मैले उत्तर दिनेछु । हाम्रा सामुन्ने हाम्रा शास्ता पनि हुनुहुन्छ-- जो यी धर्महरूमा सु-कुशल हुनुहुन्छ ।"

× × ×

मूल सूत्र--

१२२।१९ आयुष्मान् महाकोट्ठिकको प्रश्न

(महाकोट्ठिकसुत्त[1])

आयुष्मान् महाकोट्ठिक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो[2]। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो। एक छेउमा वस्नुभएका आयुष्मान् महकोट्ठिकले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नु-भयो--

१ - "आवुसो ! छवटै स्पर्शायतनहरूको[3] निरवशेष घिराग, निरोध भएपछि अरू पनि केही छ के ?"

---

1. स्याम र रोमनमा: 'महाकोट्ठित'।
2. अं. नि-४ पृ. १७१: सञ्चेतनिकवग्गो; अ. क. II पृ. ५४६.
3. चक्षु, स्रोत, घ्राण, जिह्वा, काय तथा मन। यी छ आयतनलाई 'स्पर्शायतन' भनिएको हो।

"आवुसो यस्तो नभन ।"

२ - "आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही छैन के ?"

'आवुसो ! यस्तो नभन ।"

३ - "आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही छ पनि, छैन पनि के ?"

"आवुसो ? यस्तो नभन ।"

४ - "आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही पनि न छैन, न छके ?"

"आवुसो ! यस्तो नभन ।"

"आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू पनि केही छ के ?' भनी सोध्दा—'आवुसो ! यस्तो नभन' भनी भन्नुहुन्छ । 'आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही छैन के ?' भनी सोध्दा—'आवुसो ! यस्तो नभन' भनी भन्नुहुन्छ । 'आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही छ पनि, छैन पनि के ?' भनी सोध्दा—'आवुसो ! यस्तो नभन' भनी भन्नुहुन्छ । 'आवुसो ! छवटै

स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि अरू केही पनि नछैन, नछके ?' भनी सोध्दा–– 'आवुसो ! यस्तो नभन' भनी भन्नुहुन्छ । आवुसो ! त्यसो भए यी कुराहरू कसरी बुझ्ने त ?"

"(१) आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि 'केही छ' भनीभन्दा **निष्प्रपञ्चलाई प्रपञ्च गर्छ (अप्पपञ्चं पपञ्चेति)** । (२) आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि 'केही छैन' भन्दा पनि **निष्प्रपञ्चलाई प्रपञ्च नै गर्छ** । (३) आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि 'न केही छ, न केही छैन' भन्दा पनि **निष्प्रपञ्चलाई प्रपञ्च नै गर्छ** । (४) आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध भएपछि 'न केही छ, न केही छैन' भन्दा पनि **निष्प्रपञ्चलाई प्रपञ्च नै गर्छ (अप्पपञ्चं पपञ्चेति)** । आवुसो ! जतिसम्म छवटै स्पर्शायतनहरूको गति (=जाने मार्ग) हो उत्तिनै प्रपञ्चको गति हो; जतिसम्म प्रपञ्चको गति हो उत्तिनै छवटै स्पर्शायतनहरूको गति हो । आवुसो ! छवटै स्पर्शायतनहरूको निरवशेष विराग, निरोध हुनुनै प्रपञ्चको निरोध हो, प्रपञ्चको उपशम हो ।"

× × ×

मूल सूत्र––

१२३।२० आयुष्मान् उपवाणको प्रश्न

(उपवाणसुत्त[1])

अनि आयुष्मान् उपवाण जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो याहाँ जानु भयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो । सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एकछेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् उपवाणले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो - -

१–" आवुसो सारिपुत्र ! 'के विद्याले' (सांसारिक दुःख को) अन्त हुन्छ ? "

"आवुसो ! यसो होइन ।"

---

१. अं. नि-४. पृ. १७३: सञ्चेतनियवग्गो अ. क. II. पृ. ५४६

२-" आवुसो सारिपुत्र ! के त 'चरणले' (सांसारिक दु:खको) अन्त हुन्छ ? "

"आवुसो ! यसो होइन । "

३-" आवुसो सारिपुत्र ! के त 'विदयाचरणले'[1] (सांसारिक दु:खको) अन्त हुन्छ ? "

" आवुसो ! यसो पनि होइन । "

४- " आवुसो सारिपुत्र ! के त 'विदयाचरण बाहेकले' (सांसारिक दु:खको) अन्त हुन्छ ? "

"आवुसो ! यसो पनि होइन ।"

" 'आवुसो सारिपुत्र ! के त विदयाले अन्तहुन्छ ?' भनी सोध्दा -- 'आवुसो ! यसो होइन' भनी भन्नुहुन्छ । 'आवुसो सारिपुत्र ! के त चरणले अन्त हुन्छ ?' भनी सोध्दा --- 'आवुसो सारिपुत्र ! यसो पनि होइन' भनी भन्नुहुन्छ । ' आवुसो सारिपुत्र ! के त विदयाचरणले अन्त हुन्छ ?' भनी सोध्दा---'आवुसो यसो पनि होइन' भनी भन्नुहुन्छ । 'आवुसो सारिपुत्र ! के त विदयाचरण बाहेकले अन्त हुन्छ ? ' भनी सोध्दा-- 'आवुसो ! यसो पनि होइन' भनी भन्नुहुन्छ । आवुसो !

---

1. विदयाचरण' भनेको केहो भन्ने बारेमा बु. ब्रा. भा-१ .पृ. ३०० मा र बु. गृ. भ-१. पृ. २५९ मा उल्लेख भएको छ ?

त्यसो भए कसरी अन्त हुन्छ त ? "

" (१) आवुसो ! यदि **विद्याले** **मात्र** अन्त हुने भए– सउपादानी भएर नै अन्तभएको हुनेछ । (२) आवुसो ! यदि **चरणले** **मात्र** अन्तहुने भए पनि – सउपादानी भएर नै अन्तभएको हुनेछ । (३) आवुसो ! **विद्याचरणले** **मात्र** अन्त हुने भए पनि– सउपादानी भएर नै अन्त भएको हुनेछ । (४) आवुसो ! **विद्याचरण बाहेकले** **मात्र** अन्तहुने भए मा––पृथक्जन पनि (=आर्यमार्गमा नपुग्ने) अन्त गर्ने हुनेछ । आवुसो ! विद्याचरण बाहेकले भनेको नै पृथकजनहरू हुन् । आवुसो ! चरण असम्पन्न हुनेले यथार्थत जान्दैन, देख्दैन । चरण सम्पन्न हुनेले यथार्थत जान्दछ, देख्दछ । यथार्थत जान्ने देख्ने (सांसारिक दुःखको) अन्तकर हुन्छ । "

× × ×

मूल सूत्र --

१२४।२१ यसै जन्ममा परिनिर्वाण हुन्न

(निब्बानसुत्त[1])

अनि आयुष्मान् आनन्द जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एकछेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नु भयो--

"आवुसो सारिपुत्र ! केहेतु, के प्रत्यय हो जो कि यहाँ केही प्राणीहरू यसै जनममा परिनिर्वाण हुन्नन् ? "

"आवुसो आनन्द ! यहाँ केही प्राणीहरू (१) यो हानभागीय-

1. अं. नि– ४. पृ. १७८: सञ्चेतनियवग्गो; अ. क. II. पृ. ५५०.

संज्ञा हो भनी यथार्थतः जान्दैनन्, (२) यो स्थितिभागीयसंज्ञा हो भनी यथार्थतः जान्दैनन्, (३) यो विशेषभागीयसंज्ञा हो भनी यथार्थतः जान्दैनन् । (४) यो निर्वेदभागीयसंज्ञा हो भनी यथार्थतः जान्दैनन् । आवुसो आनन्द ! यही हेतु हो, यही प्रत्यय हो जसले गर्दा यहाँ केही प्राणीहरू यसै जनममा परिनिर्वाण हुन्नन् । ''

'' आवुसो सारिपुत्र ! के हेतु, के प्रत्यय हो त जो कि यहाँ केही प्राणीहरू यसै जनममा परिनिर्वाण हुन्छन् ?''

"आवुसो आनन्द ! यहाँ केही प्राणीहरू (१) यो हानभागीयसंज्ञा हो भनी यथार्थतः जान्दछन्, (२) यो स्थितिभागीयसंज्ञा हो भनी यथार्थतः जान्दछन्,(३)यो विशेषभागीयसंज्ञा हो भनी यथार्थतः जान्दछन्, (४) यो निर्वेदभागीयसंज्ञा हो भनी यथार्थतः जान्दछन् । आवुसो आनन्द ! यही हेतु हो, यही प्रत्यय हो जसलेगर्दा यहाँ केही प्राणीहरू यसै जनममा परिनिर्वाण हुन्छन् ।"

× × ×

मूल सूत्र --

१२५।२२ सारिपुत्रले अनुप्रवर्तन गर्न सक्छन्

(दुतिय चक्कानुवत्तनसुत्त[1])

"भिक्षुहो ! पञ्चाङ्गले युक्त हुने चक्रवर्ति राजाका जेठा छोराले बाबुद्वारा प्रवर्तित चक्रलाई धर्मपूर्वक अनुप्रवर्तन गर्न सक्छन्। जुन चक्र कुनै शत्रु मनुष्यले प्रवर्तन गर्न सक्दैन। कुन पाँच अङ्गले युक्त हुन्छ ?

"भिक्षुहो ! यहाँ चक्रवर्तिका जेठा छोरा (१) अर्थज्ञ हुन्छन्, (२) धर्मज्ञ हुन्छन् (३) मात्राज्ञ हुन्छन्, (४) कालज्ञ हुन्छन् र (५) परिषदज्ञ हुन्छन्। भिक्षुहो ! यी पाँच अङ्गले युक्त हुने चक्रवर्ति राजाका जेठा छोराले बाबुले प्रवर्तित चक्रलाई धर्मपूर्वक अनुप्रवर्तन गर्न सक्छन्। जुन चक्र कुनै शत्रु मनुष्यले प्रवर्तन गर्न सक्दैन।

---

1. अं. नि- ५, पृ. ४०२: राजवग्गो; अ. क. II. पृ. ६१९

"भिक्षुहो ! यस्तैगरी पाँच अङ्गले युक्त भएका सारिपुत्रले तथागतद्वारा प्रवर्तित अनुत्तर धर्मचक्रलाई सम्यक्‌रूपले अनुप्रवर्तन गर्न सक्छन् जुन चक्र श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्मा अथवा कसैले पनि यो लोकमा प्रवर्तन गर्न सक्दैन । कुन पाँच अङ्गले युक्त हुन्छ ?

"भिक्षुहो ! यहाँ सारिपुत्र (१) अर्थज्ञ छन्, (२) धर्मज्ञ छन्, (३) मात्राज्ञ छन्, (४) कालज्ञ छन् र (५) परिषदज्ञ छन् । भिक्षुहो ! यी पाँच अङ्गले युक्त भएका सारिपुत्रले तथागतद्वारा प्रवर्तित अनुत्तर धर्मचक्रलाई अनुप्रवर्तन गर्न सक्छन्। जुन चक्र श्रमण, ब्राह्मण, देव, मार र ब्रह्मा अथवा कसैले पनि यो लोकमा प्रवर्तन गर्न सक्दैन ।"

× × ×

मूल सूत्र--

१२६।२३ आघात हटाउने तथा मैत्री गर्ने उपाय

(दुतिय आघात पटिविनयसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो--

"आवुसो ! पाँच ठाउँमा आघातहरू हटाउन सक्नुपर्छ । जुन ठाउँमा भिक्षुहरूलाई आघातहरू उत्पन्न हुन्छन्-- ती सबै हटाउन सक्नुपर्छ । कुन पाँच ?

(१) "आवुसो ! यहाँ, कुनै पुरुषको कायिक आचरण अपरिशुद्ध

---

1. अं. नि-५. पृ.४३५: आघातवग्गो; अ. क. II. पृ. ६२६.

हुन्छ तर वाचिक आचरण परिशुद्ध हुन्छ। आवुसो! यस्तो पुरुष प्रतिको आघात[1] पनि हटाउन सक्नु पर्छ।

(२) "आवुसो! यहाँ, कुनै पुरुषको वाचिक आचरण अपरिशुद्ध हुन्छ तर कायिक आचरण परिशुद्ध हुन्छ। आवुसो! यस्तो पुरुष प्रतिको आघात पनि हटाउन सक्नुपर्छ।

(३) "आवुसो यहाँ, कुनै पुरुषको कायिक आचरण पनि अपरिशुद्ध हुन्छ वाचिक आचरण पनि अपरिशुद्ध हुन्छ। तर समय समयमा (उसको) चित्तमा विवर[2] तथा प्रसन्नता[3] पैदा हुन्छ। आवुसो! यस्तो पुरुष प्रतिको आघात पनि हटाउन सक्नुपर्छ।

(४) "आवुसो! यहाँ, कुनै पुरुषको कायिक आचरण पनि

---

1. द्वेषभाव अप्रियभाव तथा घृणाभाव तथा अमैत्रीभाव आदिलाई यहाँ आघात भनिएको हो।

2. समय समयमा समथविपश्यनादि ध्यान गर्ने इच्छा हुने लाई यहाँ 'विवर' भनी भनिएको हो। अं. अ. क. II. पृ. ६२६: दुतिय आधात पटिविनय सुत्तवण्णना।

3. कहिले कहिले श्रद्धादि प्रसन्नता पनि पैदा हुन्छ भनी भनिएको हो। अं. अ. क. II. पृ. ६२६.

अपरिशुद्ध हुन्छ वाचिक आचरण पनि अपरिशुद्ध हुन्छ । समय समयमा (उसको) चित्तमा विवर तथा प्रसन्नता पनि पैदा हुन्न । आवुसो ! यस्तो पुरुष प्रतिको आघात पनि हटाउन सक्नु पर्छ ।

(५) "आवुसो ! यहाँ, कुनै पुरुषको कायिक आचरण पनि परिशुद्ध हुन्छ, वाचिक आचरण पनि परिशुद्ध हुन्छ । समय समयमा (उसको) चित्तमा विवर तथा प्रसन्नता पनि पैदा हुन्छ । आवुसो ! यस्तो पुरुष प्रतिको आघात पनि हटाउन सक्नु पर्छ ।

१- "आवुसो ! त्यहाँ जो पुरुषको अपरिशुद्ध कायिक आचरण र परिशुद्ध वाचिक आचरण हुन्छ त्यस्तो पुरुष प्रतिको आघातलाई कसरी हटाउने ? आवुसो ! जस्तै बाटामा पयाकीराखेको कुनै फूत्रो कपडा देख्दा कुनै पासुकूलिक भिक्षुले[1] त्यसलाई देब्रे खुट्टाले कुल्ची दाहिने खुट्टाले फिजाई जो त्यसमा बलियो र न फाटेको भागहो त्यसलाई च्यातेर लैजान्छ । आवुसो ! त्यस्तै जो पुरुषको अपरिशुद्ध कायिक आचरण हुन्छ र परिशुद्ध वाचिक आचरण हुन्छ त्यसबेला जो त्यसका अपरिशुद्ध कायिक आचरण हो त्यसमा ध्यान नदिई त्यसबेला जो त्यसको परिशुद्ध वाचिक आचरण हो त्यसमाथि ध्यानदिनु पर्छ । यसरी त्यस पुरुष प्रतिको

---

1. पांसुकूलिक भिक्षु भनी कस्तालाई भनिएको हो भन्ने कुरा लेखकको बु. गृ भा–१ तथा पृ. ३८८ को पादटिप्पणीमा तथा बु.प. भा१ पृ.- ४३६ को पादटिप्पणीहरूमा उल्लेख भएका छन् ।

आघातलाई हटाउन सक्नु पर्छ[1] ।

२-"आवुसो ! त्यहाँ, जो पुरुषको अपरिशुद्ध वाचिक आचरण

---

1. यस सूत्रमा मैत्री भावना बढाउने तरिका सम्बन्धीका कुराहरू बताइँदै छन् । एक पुरुष अर्को पुरुषको कायिक वा वाचिक व्यवहार देखेर प्रसन्न वा अप्रसन्न हुनसक्छ । अतएव अप्रसन्न हुने कारण मनमा आउँदा मैत्री-चित्त राख्नु गहारो पर्छ । त्यसैले मैत्री-विहारीले प्रसन्न हुने कारणलाई मात्र ध्यानमा राखी मैत्री बढाउन सक्नुपर्छ । माथि सूत्रमा उल्लिखित उपमाको अर्थ यस प्रकार बुझिलिनु पर्छ –

पांसुकूलिक भिक्षुलाई मैत्री-विहारी पुरुष भन्ने सम्झनु पर्छ । बाटामा फ्याकी राखेको फूत्रो कपडा जस्तै आफूलाई मन नपर्ने पुरुष सम्झनु पर्छ । च्यातिएको कपडा जस्तै त्यो पुरुषको अपरिशुद्ध कायिक वा वाचिक-कर्मलाई सम्झनु पर्छ । नच्यातिएको भाग जस्तै त्यो पुरुषको परिशुद्ध कायिक वा वाचिक कर्मलाई सम्झनु पर्छ । च्यातिएको भागलाई छाडी नच्यातिएको भाग लिई चीवर सिई सुखपूर्वक लगाउने झैं जो व्यक्तिको जुन व्यवहारमा मन पर्दैन त्यसमा ध्यान नदिई जुन व्यवहारमा मनपर्छ त्यसमा मात्रै ध्यान दिई आफ्नो चित्तबाट द्वेषभावलाई हटाई आफ्नो चित्तलाई हल्का पारी मैत्री (=मित्रता) बढाउने पुरुष सम्झनु पर्छ । अ. नि. अ. क. II. पृ. ६२७: दुतिय आघात पटिविनय सुत्तवण्णना ।

र परिशुद्ध कायिक आचरण हुन्छ त्यस्तो पुरुष प्रतिको आघातलाई कसरी हटाउने ? आवुसो ! भनौ कि पात पतिङ्गर तथा क्याउहरूले छोपिएको एक पोखरी छ । अनि घाममा तातिएको घाममा परेर थाकेको तीर्खाएको कुनै पुरुष पानी प्युन आउँछ । उ पोखरीमा ओर्ल्ही दुबै हातले पातपतिङ्गर तथा क्याउहरू पन्छाई अँजुलीका अँजुली पानी पिई फर्केर जान्छ । आवुसो ! यस्तै जो पुरुषको अपरिशुद्ध वाचिक आचरण र परिशुद्ध कायिक आचरण हुन्छ त्यसबेला जो त्यसको अपरिशुद्ध वाचिक आचरण हो त्यसमा ध्यान नदिई त्यस वेला जो त्यसको परिशुद्ध कायिक आचरण हो त्यसमाथि ध्यानदिनु पर्छ । यसरी त्यस पुरुष प्रतिको आघातलाई हटाउन सक्नु पर्छ[1] ।

३ – "आवुसो ! त्यहाँ, जो पुरुषको अपरिशुद्ध कायिक आचरण र अपरिशुद्ध वाचिक आचरण हुन्छ तर समय समयमा उसको चित्तमा

1. घाममा परेको पुरुषलाई मैत्री-विहारी पुरुष भन्ने सम्झनु पर्छ । पात पतिङ्गर तथा क्याउहरू कैं अपरिशुद्ध वाचिक आचरणलाई सम्झनु पर्छ । शुद्ध पानी जस्तै परिशुद्ध कायिक आचरणलाई सम्झनु पर्छ । पात पतिङ्गर तथा क्याउहरू हटाई शुद्ध पानी पिई जाने पुरुष कैं अपरिशुद्ध वाचिक आचरण माथि ध्यान नराखी आफ्नो मनबाट द्वेष भाव (=अमित्रता) हटाई मनलाई हल्का पारी मैत्री (=मित्रता) बढाउने पुरुष सम्झनु पर्छ । अं. नि. अ. क. II. पृ. ६२७.

विवर (=विदर्शनादि ध्यान) र प्रसन्नता उत्पन्न हुन्छ त्यस्तो पुरुष प्रतिको आघातलाई कसरी हटाउने ? आवुसो ! भनौ कि एक स्थानमा खुर जत्रै खाल्टोमा पानी हुन्छ (=गोपदे उदकं)। अनि घामले तातिएको, घाममा परी थाकेको, पानीको प्यास लागेको कुनै पुरुष आउँछ । अनि उसको मनमा यस्तो लाग्छ-- 'यदि मैले यो पानी अँजुलीमा लिई पिऊँ वा कुनै भाँडोमा लेऊँ भने यो पानी धमिलो हुने छ, पिउन लायक हुने छैन । अत: किन मैले दुइ घुँडा र दुइ हातले भुइँमा टेकी गाइले पिए जस्तैगरी पानी न पिउँ' । यति सोची उ दुइ घुँडा र दुइ हातले भुइमा टेकी गाइले जस्तैगरी पानी पिई फर्केरजान्छ । आवुसो ! यस्तै जो पुरुषको अपरिशुद्ध कायिक आचरण र अपरिशुद्ध वाचिक आचरण तथा जो उसको चित्तमा समय समयमा विवर तथा प्रसन्नता पैदा हुन्छ त्यसबेला जो त्यसको अपरिशुद्ध कायिक आचरण र अपरिशुद्ध वाचिक आचरण हो त्यसमा ध्यान नदिई, त्यसबेला जो त्यसको अपरिशुद्ध वाचिक आचरण हो त्यसमा पनि ध्यान नदिई त्यसबेला जो त्यसको चित्तमा समय समयमा पैदा हुने विवर र प्रसन्नता हो त्यसमाथि ध्याननदिनु पर्छ । यसरी त्यस पुरुष प्रतिको आघातलाई हटाउन सक्नु पर्छ[1] ।

---

1. घाममा परेको पुरुष जस्तै मैत्री-विहारी पुरुष सम्झनु पर्छ । गोपद (=खुर) जस्तै मन नपर्ने पुरुषलाई सम्झनु पर्छ । खुरभित्र भएको पानी झैं त्यस पुरुषमा कहीले कहीले उत्पन्न हुने विवर अर्थात् ध्यानादि गर्ने गुणलाई सम्झनु पर्छ । गाईले जस्तै दुइ घुँडा र दुइ हातले टेकी पानी पिएर जाने झैं त्यस पुरुषको अपरिशुद्धितामा ध्यान नदिई उसको मनमा कहीले कहीले उत्पन्न हुने थोरै गुण माथि ध्यान राखी आफ्नो चित्तलाई हल्का पारी मैत्री बढाउने पुरुष सम्झनु पर्छ । अं. नि अ. क. II. पृ. ६२७.

४–" आवुसो ! त्यहाँ, जो पुरुषको अपरिशुद्ध कायिक आचरण र अपरिशुद्ध वाचिक आचरण हुन्छ समय समयमा उसको चित्तमा विवर तथा प्रसन्नता पनि उत्पन्न हुन्न त्यस्तो पुरुष प्रतिको आघातलाई कसरी हटाउने ? आवुसो ! भनौ कि यहाँ कुनै पुरुष व्याधिग्रस्त सारै विरामीको कारणले दु:खी भई लामो बाटोमा गइरहेको हुन्छ । उता अगाडि पनि गाउँ टाढाछ, पछाडि पनि गाउँ टाढा छ । उसले अनुकूल भोजन पनि पाउँदैन, अनुकूल औषधीहरू पनि पाउँदैन, अनुकूल उपस्थाक पनि पाउँदैन; गाउँको अन्तसम्म पुऱ्याइदिने नायक पनि पाउँदैन । लामो बाटोमा गइरहेको कुनै अर्को एक पुरुषले उसलाई देख्छ । उसले त्यो पुरुष प्रति करुणाभाव नै राख्छ, अनुदया नै राख्छ, अनुकम्पा नै राख्छ । 'हरे !! यो पुरुषले अनुकूल भोजनहरू पाए कति हुन्थ्यो, अनुकूल औषधीहरू पाए कति हुन्थ्यो, अनुकूल उपस्थाक पाए कति हुन्थ्यो, गाउँको अन्ततसम पुऱ्याइदिने नायक पाए कति हुन्थ्यो ।' किन भने ? यो पुरुषको यहीं नै विनाश नहोस् भन्ने हेतुले । आवुसो ! त्यस्तै जो पुरुषको अपरिशुद्ध कायिक आचरण हो अपरिशुद्ध वाचिक आचरण हो तथा उसको चित्तमा समय समयमा विवर र प्रसन्नता पनि उत्पन्न हुन्न आवुसो ! यस्तो पुरुष प्रति पनि करुणा नै राख्नु पर्छ, अनुदया नै राख्नु पर्छ, अनुकम्पा नै राख्नु पर्छ । 'हरे ! यी आयुष्मान्ले कायदुश्चरितलाई छाडी कायसुचरितलाई भाविता गरे कति हुन्थ्यो। वचनदुश्चरितलाई छाडी वचनसुचरितलाई भाविता गरे कति हुन्थ्यो ! ' किन भने ? यी आयुष्मान् काय छाडी मृत्यु पछि अपाय दुर्गति विनिपात नर्कमा न

जाउन् ! यसरी त्यस पुरुष प्रतिको आधातलाई हटाउन सक्नु पर्छ[1] ।

५ – "आवुसो ! त्यहाँ, जो पुरुषको परिशुद्ध कायिक आचरण, परिशुद्ध वाचिक आचरण हुन्छ तथा समय समयमा उसको चित्तमा विवर र प्रसन्नता पनि उत्पन्न हुन्छ, कसरी त्यस्तो पुरुष प्रतिको आघातलाई हटाउने ? आवुसो ! भनौं कि यहाँ, स्वच्छ, स्वादिलो, शीतल तथा नीर्मल-पानी भएको; रमणीय राम्रो तीर्थस्थान भएको तथा अनेक रुखहरूले आच्छादित एक पोखरी हुन्छ । अनि त्यहाँ, घाममा तातिएको घाममा

---

1. यो रोगी भई अनाथ हुने पुरुषलाई सबैतिरबाट अशुद्ध हुने पुरुष सम्झनु पर्छ । लामो बाटो झैं अनादि संसारलाई ठान्नु पर्छ । अघाडि पछाडि गाउँहरू टाढा भएको जस्तै उसको निम्ति निर्वाण टाढा परेको सम्झनु पर्छ । अनुकूल भोजनहरू नपाएको जस्तै सामञ्जफल-हरू नपाएको सम्झनु पर्छ । अनुकूल औषधीहरू नपाएको जस्तै समथ-विपश्यनादि ध्यान नभएको सम्झनु पर्छ । अनुकूल उपस्थाक नपाएको जस्तै अर्तिबुद्धिदिने कल्याणमित्र नपाएको अथवा क्लेशरूपी रोगलाई चिकित्सक नपाएको जस्तो सम्झनु पर्छ । गाउँको अन्तसम्म पुऱ्याइदिने नायक नभेटिएको जस्तै निर्वाणमा पुऱ्याइदिने तथागत वा तथागतका श्रावकहरू नभेटिएको सम्झनु पर्छ । कुनै पुरुषले देखेर दया राख्ने जस्तै त्यस पुरुष प्रति करुणा राखी मैत्री बढाउने पुरुष सम्झनु पर्छ । अं. नि. अ. क. II. पृ. ६२७.

परेर थाकेको, पानीको तीर्खा लागेको कुनै एक पुरुष आउँछ । उ त्यो पोखरीमा ओर्ल्ही नुहाई पानी पिई माथि आई त्यसै रुखको छायामा बस्छ पनि सुत्छ पनि । आवुसो ! त्यस्तै जो पुरुषको परिशुद्ध कायिक आचरण हो, परिशुद्ध वाचिक आचरण हो, जो उसको चित्तमा समय समयमा विवर र प्रसन्नता उत्पन्न हुने हो, त्यसवेला जो त्यसको परिशुद्ध कायिक आचरण हो, जो त्यसको परिशुद्ध वाचिक आचरण हो ती दुवैमा ध्यानराखी जो उसको चित्तमा समय समयमा विवर र प्रसन्नता उत्पन्न हुन्छ, त्यसमा पनि ध्यान राख्नु । यसरी त्यस पुरुष प्रतिको आघातलाई हटाउन सक्नु पर्छ[1] । आवुसो ! सर्वैतिरबाट प्रसन्न हुने पुरुषलाई भेटिंदा चित्त प्रसन्न हुन्छ ।

"आवुसो ! पाँच आघातहरूलाई हटाउने उपाय यी नै पाँच हुन् । जसमा उत्पन्न भएका आघातहरूलाई भिक्षुहरूले सर्वप्रकारले हटाउन सक्नु पर्छ । "

× × ×

1. घाममा तातिएर आएको पुरुष फैं मैत्री वढाउने पुरुषलाई सम्झनु पर्छ । शुद्ध पोखरी फैं सर्वद्वारहरू परिशुद्ध भएको पुरुष सम्झनु पर्छ । नुहाई धुवाई गरी जाने पुरुष फैं ती परिशुद्ध द्वारहरूमध्येमा जुनसुकै द्वारमा पनि ध्यान राखी आफ्नो चित्त प्रसन्न पारी, चित्त हल्का पारी आनन्दपूर्वक मैत्री वढाउने पुरुष सम्झनु पर्छ । अं. नि. अ. क. II पृ. ६२८: दुतिय आघात पटिविनयसुत्तवण्णना ।

मूल सूत्र--

१२७।२४ साकच्छायोग्य भिक्षु

(साकच्छसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "आवुसो भिक्षुहो ! "

"आवुसो" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो--

"आवुसो ! पाँच कारणहरूले युक्तहुने भिक्षु सब्रह्मचारीहरूसँग साकच्छा (= छलफल) गर्न योग्य हुन्छ। कुन पाँचले भने ? --

"(१) आवुसो ! यहाँ, भिक्षु आफू पनि शीलसम्पन्न हुन्छ, शीलसम्पदा-कथाहरूमा आउने प्रश्नहरुको उत्तरदिने अभ्यास पनि हुन्छ। (२) आफू पनि समाधि सम्पन्न हुन्छ समाधिसम्पदा-कथाहरूमा आउने

---

१ अं. नि- ५. पृ. ४३८: आधातवग्गो।

प्रश्नहरूको उत्तरदिने अभ्यास पनि हुन्छ। (३) आफू पनि प्रज्ञा सम्पन्न हुन्छ प्रज्ञासम्पदा-कथाहरूमा आउने प्रश्नहरूको उत्तरदिने अभ्यास पनि हुन्छ (४)। आफू पनि विमुक्ति सम्पन्न हुन्छ विमुक्तिसम्पदा–कथाहरूमा आउने प्रश्नहरूको उत्तरदिने अभ्यास पनि हुन्छ।(५) आफू पनि विमुक्ति-ज्ञानदर्शन सम्पन्नहुन्छ विमुक्तिज्ञानदर्शनसम्पदा-कथाहरूमा आउने प्रश्न-हरूको उत्तरदिने अभ्यास पनि हुन्छ।

"आवुसो! यी नै पाँच कारणहरूले युक्तहुने भिक्षु, सब्रह्मचारीहरूसँग साकच्छा (= छलफल) गर्न योग्य हुन्छ।"

× × ×

मूल सूत्र––

१२८।२५ सहजीवि भई बस्नयोग्य भिक्षु

(साजीवसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो–- "आवुसो भिक्षुहो ! "

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो –

"आवुसो ! पाँच कारणहरूले युक्त हुने भिक्षु सब्रह्मचारीहरूसँग सहजीवि भई वस्न योग्य छ । कुन पाँचले भने ? -

'(१) भिक्षुहो ! यहाँ भिक्षु आफू पनि शील सम्पन्न हुन्छ शील सम्पदा- कथाहरूमा आउने प्रशनहरूको उत्तरदिने अभ्यास पनि

1. अं. नि–५ पृ. ४३९ आधातवग्गो ।

हुन्छ ।(२) आफू पनि समाधि सम्पन्न हुन्छ समाधि सम्पदा-कथाहरूमा आउने प्रश्नहरूको उत्तर दिने अभ्यास पनि हुन्छ ।(३) आफू पनि प्रज्ञा सम्पन्न हुन्छ प्रज्ञासम्पदा–कथाहरूमा आउने प्रश्नहरूको उत्तर दिने अभ्यास पनि हुन्छ । (४) आफू पनि विमुक्ति सम्पन्न हुन्छ विमुक्ति-सम्पदा-कथाहरूमा आउने प्रश्नहरूको उत्तरदिने अभ्यास पनि हुन्छ । (५) आफू पनि विमुक्तिज्ञानदर्शन सम्पन्न हुन्छ । विमुक्तिज्ञानदर्शन सम्पदा-कथाहरूमा आउमे प्रश्नहरूको उत्तरदिने अभ्यास पनि हुन्छ ।

"आवुसो ! यी नै पाँच कारणहरूले युक्त हुने भिक्षु सब्रह्मचारी-हरूसँग सहजोविभई बस्न योग्य छ ।"

× × ×

मूल सूत्र––

१२९।२६ प्रश्न सोधिने कारणहरू

(पञ्हपुच्छासुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो–– "आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो––

"आवुसो ! यहाँ, जोसुकैले अर्कासँग प्रश्न सोधेता पनि निम्न सबै पाँचकारणहरूद्वारा, वा यी मध्ये कुनै एक कारणद्वारा प्रश्न सोध्ने छ। कुन पाँचकारणले भने ?––

"(१) मन्दताको कारणले र मूढताको कारणले–– अर्कासँग

1. अं. नि–५. पृ. ४३९: आघातवग्गो: अ. क. II. पृ. ६२८

प्रश्न सोध्छ, (२) कुभावनाको कारणद्वारा इच्छाको बशमा बसी— अर्कासँग प्रश्न सोध्छ (३) उपहास गर्ने विचारले–– अर्कासँग प्रश्न सोध्छ, (४) जान्ने विचारले–– अर्कासँग प्रश्न सोध्छ अथवा (५) यस्तो चित्तराखी–– अर्कासँग प्रश्न सोध्छ–– 'यदि मेरो प्रश्नको उत्तर राम्रोसँग बताउँछ भने राम्रै भयो, यदि मेरो प्रश्नको उत्तर राम्रोसँग बताउँदैन भने मैले नै उसलाई राम्रोसँग बताइदिनेछु।'

"आवुसो ! जोसुकैले अर्कासँग प्रश्न सोध्नेता पनि यी नै सबै पाँच कारणहरूद्वारा वा यी मध्ये कुनै एक कारणद्वारा प्रश्न सोध्ने छ। आवुसो ! मैले त यस्तो चित्तराखी प्रश्न सोध्छु–– 'यदि मेरो प्रश्नको उत्तर राम्रोसँग बताउँछ भने राम्रै भयो, यदि मेरो प्रश्नको उत्तर राम्रोसँग नबताएमा मैले नै राम्रोसँग बताइदिनेछु।"

× × ×

मूल सूत्र—

१३०।२७ निरोधका कुराहरू

(निरोधसुत्तं[1])

त्यहा आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो––

"आवुसो ! यहाँ, शीलसम्पन्न, समाधिसम्पन्न तथा प्रज्ञासम्पन्न भिक्षु संज्ञावेदयितनिरोध (= संज्ञापनि वेदना पनि निरोध[2] भएको समाधि) समापत्तिमा बस्न पनि सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ। यदि यसै जीवनमा (= दिट्ठे व धम्मे) अरहत्व (= अञ्ञं) प्राप्त गर्न न सकेमा उ कबलीकार आहार भक्ष देवताहरू(= कामावचर देवताहरू)को सहवास लाई अतिक्रम गरी कुनै एक **मनोमय-काय**[3]मा उत्पन्न भई संज्ञा-

---

1. अं. नि– ५. पृ. ४४०: आधातवग्गो; अ. क. II. पृ. ६२८.
2. पटि. म. अ. क. पृ. २१७.
3. 'मनोमय-काय' भनी शुद्धावास ब्रह्मलोकलाई भनिएको हो। अं. नि. अ. क. II. पृ ६२८: निरोधसुत्तवण्णना । शुद्धावास ब्रह्मलोकम

वेदयित निरोध (=समापत्ति) मा समाधिष्ठ पनि हुनसक्छ उठ्न पनि सक्छ भन्ने कारण छ।"

कसैले पनि अनुमोदन गरेनन्

यस्तो भन्नुहुँदा आयुष्मान् उदायी (लाल)ले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो--

"आवुसो सारिपुत्र ! 'जो त्यो भिक्षु कबलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन सक्छ उठ्न पनि सक्छ' भन्ने कारण हुन सक्दैन।"

दोश्रोपटक पनि,......तेश्रोपटक पनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

---

चतुर्थध्यानको प्रभावद्वारा उत्पन्न हुनसक्ने माथिल्लो भूमि हो। यस भूमिलाई रूपावचर भूमि अथवा रूपावचर लोक पनि भन्दछन्।

अविहा, अतप्पा, सुदस्सा, सुदस्सी तथा अकनिट्ठ-- यी पाँच लोकलाई 'शुद्धावास भूमि' भनी भन्दछन्। अभि. ध. सं. पञ्चमपरिच्छेदो। बु.श्रा.च.भा-३ को पृ. २३८ को 'निर्वाणसुख' शीर्षकमा उल्लिखित पादटिप्पणीहरू पनि हेर्न योग्य हुने छ।

"आवुसो ! यहाँ, शीलसम्पन्न समाधिसम्पन्न तथा प्रज्ञासम्पन्न भिक्षु संज्ञावेदयित निरोध समापत्तिमा बस्न पनि सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ। यदि यसै जीवनमा अरहत्व प्राप्त गर्न न सकेमा उ कबलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ ।"

दोश्रो पटक पनि, ···· तेश्रो पटक पनि आयुष्मान उदायीले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो –

"आवुसो सारिपुत्र ! जो त्यो भिक्षु कबलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन सक्छ उठ्न पनि सक्छ भन्ने कारण हुन सक्दैन ।"

अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो– "तीन तीन पटकसम्म आयुष्मान् उदायीले मलाई प्रत्याक्रोश गर्नुभयो (पटिक्कोसति), कुनै पनि भिक्षु मेरो अनुमोदन गर्दैनन् । अतः किन म भगवान्कहाँ नजाउँ ।" यति सोच्नु भई आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो –

"आवुसो ! यहाँ शील सम्पन्न समाधि सम्पन्न तथा प्रज्ञासम्पन्न भिक्षु संज्ञावेदयित निरोध समापत्तिमा पनि बस्न सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ । यदि यसै जीवनमा अरहत्व प्राप्त गर्न नसकेमा उ कवलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय–कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ ।"

यस्तो भन्नु हुँदा आयुष्मान् उदायीले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नु भयो –

"आवुसो सारिपुत्र ! जो त्यो भिक्षु कवलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय–कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन सक्छ उठ्न पनि सक्छ भन्ने कारण हुन सक्दैन ।"

दोश्रो पटक पनि, ··· तेश्रो पटक पनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो –

"आवुसो ! यहाँ शीलसम्पन्न, समाधि सम्पन्न तथा प्रज्ञा सम्पन्न भिक्षु संज्ञावेदयित निरोध समापत्तिमा बस्न पनि सक्छ उठ्न पनि सक्छ भन्ने कारण छ । यदि यसै जीवनमा अर्हत्व प्राप्त गर्न नसकेमा उ कवलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुन

सक्छ उठ्न पनि सक्छ भन्ने कारणछ ।"

दोश्रो पटक पनि.... तेश्रो पटक पनि आयुष्मान् उदायीले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो –

"आवुसो सारिपुत्र ! 'जो त्यो भिक्षु कबलिकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुनसक्छ उठ्न पनि सक्छ' भन्ने कारण हुन सक्दैन ।

अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो–– "भगवान्को सामुन्नें पनि आयुष्मान् उदायीले तीन तीन पटकसम्म मलाई आक्रोश गर्नुभयो । कुनै भिक्षुले पनि मेरो अनुमोदन गरेनन् । अतः किन म तूष्णी नहूँ ।" यति सोच्नुभई आयुष्मान् सारिपुत्र तूष्णी हुनुभयो ।

अनि भगवान्ले आयुष्मान् उदायीलाई आमन्त्रण गर्नुभयो––

"उदायी ! 'मनोमय-काय' भनी तिमी केलाई सम्झन्छौ ?"

"भन्ते ! जो ती संज्ञामय अरूपी देवता हुन् (त्यसैलाई सम्झन्छु) ।"

"उदायी ! तिमी जस्ता मूर्ख तथा अव्यक्तले भनेका कुराको के मूल्य हुनसक्छ र ! तिमी जस्ताले पनि बोल्न सुहाउँछ र !"

आनन्द स्थविरको चिन्ता

अनि भगवान्‌ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो –

"आनन्द ! स्थविर (सारिपुत्र) भिक्षुलाई कष्ट दिएको देखेर तिमी कसरी उपेक्षित भई बस्न सकेको ! आनन्द ! स्थविर भिक्षुलाई कष्ट दिएको देखेर पनि तिमीमा कस्तो करुणा पनि उत्पन्न नभएको !"

अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"भिक्षुहो ! यहाँ शीलसम्पन्न, समाधिसम्पन्न तथा प्रज्ञासम्पन्न भिक्षु संज्ञावेदयित निरोध समापत्तिमा बस्न पनि सक्छ उठ्न पनि सक्छ – यो सम्भव छ । यदि यसै जीवनमा अरहत्व प्राप्त गर्न सक्दैन भने उ कबलीकार आहारभक्ष देवताहरूको सहवासलाई अतिक्रम गरी कुनै एक मनोमय-कायमा उत्पन्न भई संज्ञावेदयित निरोधमा समाधिष्ठ पनि हुनसक्छ उठ्न पनि सक्छ— यो सम्भव छ ।"

भगवान्‌ले यति भन्नुभयो । यति भन्नु भई शास्ता आसनबाट उठी विहारभित्र जानुभयो अनि भगवान् गएको केहीछिन् पछि आयुष्मान् आनन्द जहाँ आयुष्मान् उपवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् उपवानलाई यस्तो भन्नुभयो—

"आवुसो उपवान ! अर्कै भिक्षुहरूले स्थविरलाई कष्टदिन्छन्;

तैपनि म त्यसबाट मुक्त छैन । आवुसो उपवान ! संध्या समयमा ध्यान-बाट उठ्नुभई यदि भगवान्‌ले तपाइसँग यसै कुराको कारणमा केही कुरा गर्नुभएमा यसमा कुनै आश्चर्य लाग्ने छैन । अनि त्यसबेला तपाईले नै सो कुरा बुझ्नु नै हुनेछ अहिले त हामीलाई चिन्ता लागेको छ ।"

पाँच कारणले स्थविर भिक्षुहरू गौरवान्वित हुन्छन्

अनि संध्यासमयमा भगवान् ध्यानबाट उठ्नु भई जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभएपछि बिच्छयाइ राखेको आसनमा बस्नुभयो । आसनमा बस्नुभएपछि आयुष्मान् उपवानलाई यस्तो भन्नुभयो––

"उपवान ! कति कारणले युक्त स्थविर भिक्षु सब्रह्मचारी भिक्षुहरूको निम्ति प्रियंकर, मनपर्ने, गौरवनीय तथा सत्कृत्य हुन्छ ?"

"भन्ते ! पाँच कारणले युक्त हुने स्थविर भिक्षु सब्रह्मचारी भिक्षुहरूको निम्ति प्रियङ्कर, मनपर्ने, गौरवनीय तथा सत्कृत्य हुन्छ । कुन पाँच भने ?––

१ – 'भन्ते ! यहाँ स्थविर भिक्षु शीलवान् हुन्छ–– प्रातिमोक्ष शीलद्वारा संयमित भई आचार-गोचर सम्पन्न भई शिक्षापदहरूलाई राम्ररी पालन गरी अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ ।

२ – 'बहुश्रुत हुन्छ–– श्रुतधर, श्रुतसन्निचय (=सुनेको कुरालाई नबिर्सीकन सम्झिराख्ने) हुन्छ। जो ती आदिकल्याण, मध्य-कल्याण, पर्यवसानकल्याण हुने तथा सार्थक, सव्यञ्जन केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य (=श्रेष्ठधर्म) हुन्–– त्यसको अभिनन्दन गर्छ। फेरि त्यस्तै धर्महरू धेरै सुनेको हुन्छ। सुनेको धर्मलाई धारण पनि गरेको हुन्छ वचनद्वारा परिचित हुन्छ। मनले राम्ररी विचार गरी प्रज्ञाद्वारा सुप्रतिवेध पनि गरेको हुन्छ।

३ – 'कल्याण-भाषी कल्याणकारी बोलिले बोल्ने हुन्छ–– परिपूर्ण वचनले, प्रष्ट शब्दले, निर्दोष शब्दद्वारा व्यक्त गर्न सक्ने आदि गुणले पनि युक्त हुन्छ।

४ – 'चतुर्थध्यानको परिशुद्ध समाधिचित्तलाई सरलपूर्वक सुख-पूर्वक तथा इच्छानुसार लाभ गरी विहार गर्ने हुन्छ।

५ – 'आस्रवहरू क्षय गरी अनास्रवी भई––चित्तविमुक्ति प्रज्ञा-विमुक्तिलाई यसै जीवनमै स्वयं अभिज्ञात गरी तथा साक्षात्कार गरी विहार गर्ने हुन्छ।'

"भन्ते! यी नै पाँच कारणले युक्त हुने स्थविर भिक्षु सब्रम्हचारी भिक्षुहरूको निम्ति प्रियकर, मनपर्ने, गौरवनीय तथा सत्कृत्य पनि हुन्छ।"

"उपवान ! साधु, साधु !! उपवान ! यी नै पाँच कारणले युक्त हुने स्थविर भिक्षु सब्रम्हचारी भिक्षुहरूको निम्ति प्रियकर, मनपर्ने, गौरवनीय तथा सत्कृत्य पनि हुन्छ । उपवान ! यदि स्थविर हुने भिक्षुमा यी पाँच गुणहरू विद्यमान छैन भने— दाँत झर्दैमा, कपाल फूल्दैमा तथा छाला खुम्चिदैमा-- सब्रम्हचारी भिक्षुहरूले उसलाई सत्कार गर्ने छैन गौरव राख्ने छैन मान राख्ने छैन न त पूजा नै गर्नेछ ।"

× × ×

मूल सूत्र--

१३१।२८ दोषारोपणगर्न चाहने भिक्षुमा हुनुपर्नेगुण

(चोदनासुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-

"आवुसो ! दोषारोपक (=चोदक[2]) भिक्षुले अर्कालाई दोषारोपण गर्न चाहनेले आफूलाई पाँच गुणहरूमा राखी दोषारोपण गर्न सक्नु पर्छ । कुन पाँच ? (१) उचित समयमा भन्नेछु अनुचित समयमा होइन, (२) सत्य नै भन्ने छु असत्य होइन, (३) कोमल वचनले भन्ने छु, कठोर वचनले होइन, (४) अर्थकामना गरी भन्ने छु अनर्थ कामना गरी होईन, (५) मैत्री चित्तले (=प्रेम पूर्वक) भन्ने छु अमैत्री-चित्तले (=द्वेष

---

1. अं. नि-५. पृ. ४४३: आघात वग्गो; अ. क. II. पृ. ६२९.

2. हेर चुल्ल. व. पा. पृ. ३६९: चोदकेन उपट्ठापेतब्बक्षम्मा, पातिमोक्ख-ट्ठपनक्खन्धकं ।

भावले) होइन । आवुसो ! दोषारोपक (=चोदक) भिक्षुले अर्कालाई दोषारोपण गर्न चाहनेले आफूलाई यी पाँच गुणहरूमा राखी दोषारोपण गर्न सक्नु पर्छ[1] ।

"(१) आवुसो ! यहाँ उचित समयमा होइन अनुचित समयमा[2] दोषारोपण[3] गर्दा केही पुरुषहरू रिसाएको म देख्दछु (२) सत्यले होइन असत्यले दोषारोपण गर्दा रिसाएको देख्द छु ३) कोमल वचनले होइन कठोर वचनले दाषारोपण गर्दा रिसाएको देख्द, छु, (४) अर्थ कामनाले होइन अनर्थ कामनाले दोषारोपण गर्दा रिसा-एको देख्दछु (५) मैत्री–चित्तले होइन अमैत्री–चित्तले दोषारोपण गर्दा रिसाएको देख्दछु ।

---

1. यस्तै कुराहरू परि. वा. पा. पृ. २८५: चोदकादिपटिपत्तिमा पनि समुल्लेख भएका पाइन्छन् । यसको अतिरिक्त चोदकले (=दोषा-रोपकले) अर्कालाई दोष देखाउन चाहनेले आफूमा अर्का पनि पाँच गुणहरू छन् कि छैनन् भन्ने कुराहरू पनि विचार गर्नुपर्छ । परि. वा. पा. पृ. ३३१: अत्तादान वग्ग ।

2. अनुचित समय भनेको––परिषद्को बीचमा उपोसथ पवारणादि गर्ने समयमा भोजन शालामा दोषारोपण (=चोदना) गर्नु ठीक छैन; यो उचित समय होइन । दिवा स्थानमा अथवा कतै बसिरहेको ठाउँमा; त्यो पनि दोषारोपण पाउने पुरुषसँग अनुमतिलिई मैत्री

"आवुसो ! अधर्मपूर्वक[1] चोदना (=दोषारोपण) पाउने भिक्षुलाई पाँच कारणहरूद्वारा अविप्रतिसार (अपश्चात्ताप) हुनु पर्ने कारणहरू देखाई दिनुपर्छ--'(१) आवुसो ! तपाइलाई समयमा होइन असमयमा चोदना गरेको छ। अतः तपाइँले यसमा चित्त-खिन्न (=विप्पटिसार[2]) गर्नु पर्दैन; (२) आवुसो ! तपाइँलाई सत्यले होइन असत्यले चोदना गरेकोछ। अतः तपाइँले यसमा

पूर्वक दोषारोपण गर्न सक्नु पर्छ। व्यक्ति परीक्षण गरी दोषारोपण गर्न सक्नु पर्छ। यदि विनाकारण भिक्षुहरूमा झगडा गराउने तथा भिक्षुहरूको उपहास गराउने भिक्षु हो भने--त्यस्तालाई पूर्वस्वीकृति विना दोषारोपण गरे पनि आपत्ति छैन। अं. नि. अ, क. II. पृ. ६२९: चोदनासुत्तवण्णना।

3. चार प्रकारबाट दोषारोपण गर्न सकिन्छ। जस्तै--वस्तु देखाउने, आपत्ति देखाउने, सहवासबाट प्रतिक्षेप गर्ने तथा स्वागतबाट प्रतिक्षेप गर्ने। परि. वा. पा. पृ. २२८; अं. नि. अ. क. II. पृ. ६२९.

1. अधर्मपूर्वक भनेका कस्ता हुन् भन्ने बारेका कुराहरू महा. व. पा. पृ. ११६: अधम्मकम्म पटिक्कोसनादि भन्ने शीर्षकमा चुल्ल. व. पा पृ. ४९: अधम्मकम्मद्वादसकं भन्ने शीर्षकमा तथा उहीं पृ. ३६९ मा हेर्नू।

चित्त खिन्न गर्नु पर्दैन; (३) आवुसो ! तपाईंलाई कोमल वचनले होइन कठोर वचनले चोदना गरेकोछ । अतः तपाईंले यसमा चित्त खिन्न गर्नु पर्दैन; (४) आवुसो तपाईंलाई अर्थकामनागरी होइँन अनर्थ कामनागरी चोदना गरेको छ । अतः तपाईंले यसमा चित्त खिन्न गर्नु पर्दैन; (५) आवुसो ! तपाईंलाई मैत्री-चित्तले होइन अमैत्री चित्रले चोदना गरेको छ । अतः तपाईंले यसमा चित्त खिन्न गर्नु पर्दैन ।'

"आवुसो! अधर्मपूर्वक चोदना पाउने भिक्षुलाई यी नै पाँच कारणहरूद्वारा अविप्रतिसारको कारणहरू देखाइ दिनुपर्छ ।

"आवुसो ! अधर्मपूर्वक चोदनागर्ने (=दोषारोपण गर्ने) भिक्षुलाई पाँच कारणहरूद्वारा विप्रतिसार (=पश्चात्ताप)को कारणहरू देखाइ दिनुपर्छ '(१) आवुसो ! तपाइले समयमा होइन असमयमा चोदना गर्नुभयो यसमा तपाईंले पश्चात्ताप (विप्पटिसार) गर्नुपर्छ; (२) आवुसो ! तपाईंले सत्यले होइन असत्यले चोदना गर्नुभयो यसमा तपाईंले पश्चात्ताप गर्नु पर्छ; (३) आवुसो ! तपाईंले कोमल वचनले होइन कठोर वचनले चोदना गर्नु भयो यसमा

---

1. विप्पटिसार भनेको- पश्चात्ताप हुनु, चित्त खिन्न हुनु, अपशोच हुनु आदि हो । अविप्पटिसार भनेको--त्यस्तो न हुनु, त्यस्तो हुनु नपर्ने हो ।

तपाइँले पश्चात्ताप गर्नुपर्छ; (४) आवुसो ! तपाइँले अर्थ कामना गरी होइन अनर्थ कामना गरी चोदना गर्नु भयो यसमा तपाइँले पश्चात्ताप गर्नुपर्छ; (५) आवुसो ! तपाइँले मैत्रीचित्तले होइन अमैत्री चित्तले चोदना गर्नु भयो यसमा तपाइँले पश्चात्ताप गर्नुपर्छ ।'

"आवुसो ! अधर्मपूर्वक चोदनागर्ने भिक्षुलाई यी नै पाँच कारणहरूद्वारा विप्रतिसारको कारणहरू देखाइदिनुपर्छ । किन भने ? ताकि अरू भिक्षुले असत्यपूर्वक चोदना गर्नु नसकोस् ।

"(१) आवुसो ! यहाँ असमयमा होइन समयमै दोषारोपण गर्दा पनि केही पुरुषहरू रिसाएको म देख्दछु; (२) असत्यले होइन सत्यले दोषारोपण गर्दा पनि केही पुरूषहरू रिसाएको देख्दछु; (३) कठोर वचनले होइन कोमल वचनले दोषारोपण गर्दा पनि केही पुरुषहरू रिसाएको देख्दछु; (४) अनर्थ कामनाले होइन, अर्थ कामनाले दोषारोपण गर्दा पनि केही पुरुषहरू रिसाएको देख्दछु; (५) अमैत्री चित्तले होइन मैत्री-चित्तले दोषारोपण गर्दा पनि केही पुरुषहरू रिसाएको देख्द छु ।

"आवुसो ! धर्मपूर्वक चोदना पाउने भिक्षुलाई पाँच कारणहरूद्वारा विप्रतिसार (=पश्चात्ताप) हुनु पर्ने कारणहरू देखाइदिनु पर्छ— '(१) आवुसो ! तपाइँलाई असमयमा होइन समयमै चोदना गरेको छ अतः तपाइँले यसमा पश्चात्ताप गर्न सक्नुपर्छ; (२) आवुसो !

तपाइँलाई असत्यले होइन सत्यले चोदना गरेको छ, अतः तपाइँले यसमा पश्चात्ताप गर्न सक्नुपर्छ; (३) आवुसो! तपाइँलाई कठोर वचनले होइन कोमल वचनले चोदना गरेको छ अतः तपाइँले यसमा पश्चात्ताप गर्न सक्नु पर्छ; (४) आवुसो! तपाइँलाई अनर्थ कामनागरी होइन अर्थ कामनागरी चोदना गरेको छ। अतः तपाइँले यसमा पश्चात्ताप गर्न सक्नुपर्छ; (५) आवुसो! तपाइँलाई अमैत्री चित्तले होइन मैत्री–चित्तले चोदना गरेको छ अतः तपाइँले यसमा पश्चात्ताप गर्न सक्नु पर्छ।'

"आवुसो! धर्मपूर्वक चोदना पाउने भिक्षुलाई यी नै पाँच कारणहरूद्वारा विप्रतिसार हुनु पर्ने कारणहरू देखाइदिनु पर्छ।

"आवुसो! धर्मपूर्वक चोदना गर्ने भिक्षुलाई पाँच कारणहरूद्वारा अविप्रतिसारको कारणहरू देखाइदिनु पर्छ—'(१) आवुसो! तपाइँले असमयमा होइन समयमै चोदना गर्नु भएको छ यसमा तपाइँले पश्चात्ताप गर्नु पर्ने कारण छैन; (२) आवुसो! तपाइँले असत्यले होइन सत्यले चोदना गर्नु भएको छ यसमा तपाइँले पश्चात्ताप गर्नु पर्ने कारण छैन; (३) आवुसो! तपाइँले कठोर वचनले होइन कोमल वचनले चोदना गर्नु भएको छ यसमा तपाइँले पश्चात्ताप गर्नु पर्ने कारण छैन; (४) आवुसो! तपाइँले अनर्थ कामना गरी होइन अर्थ कामना गरी चोदना गर्नु भएको छ यसमा तपाइँले पश्चात्ताप गर्नुपर्ने कारण छैन; (५) आवुसो! तपाइँले

अमैत्री–चित्तले होइन मैत्री–चित्तले चोदना गर्नु भएको छ यसमा तपाइँले पश्चात्ताप गर्नु पर्ने कारण छैन ।'

"आवुसो ! धर्मपूर्वक चोदना गर्ने भिक्षुलाई यी नै पांच कारण हरूद्वारा अविप्रतिसारको कारणहरू देखाइँदिनुपर्छ । किन भने ? ताकि अरू भिक्षुले पनि सत्यपूर्वक चोदना गर्न सकोस् ।

"आवुसो ! चोदना पाउने (=दोष पाउने) पुरुष दुइ धर्ममा (गुणमा) बस्न सक्नु पर्छ । (१) सत्यमा र (२) अक्रोधमा[1]। आवुसो ! यदि मलाई अरूले समयमा वा असमयमा सत्यले वा असत्यले कोमल वचनले वा कठोर वचनले अर्थ कामना गरी वा अनर्थ कामना गरी मैत्री–चित्तले वा अमैत्री चित्तले चोदना गर्छन् भने-- म चाहीं दुइ धर्ममा बस्ने छु-- सत्यमा र अक्रोधमा । यदि ममा त्यो कारण छ भन्ने कुरा थाहा पाएमा मैले 'त्यो कारण ममा छ' भनी भन्नेछु । यदि ममा त्यो कारण छैन भन्ने कुरा थाहा पाएमा मैले 'ममा त्यो कारण छैन' भनी भन्ने छु ।

(यस बीच भगवान्ले यस्तो भन्नुभयो--)

"सारिपुत्र ! तिमीले यसो भनेता पनि केही मूर्ख पुरुषहरू

---

1. हेर चुल्ल. व. पा. पृ. ३७१: पातिमोक्खट्ठपनखन्धकं; परि. वा. पा. पृ. २८५

प्रदक्षिणा ग्राही हुन्नन् ।"

"भन्ते ! जो ती पुरुषहरू अश्रद्धालु, जीविकार्थी (=केवल पेटको लागी), अश्रद्धापूर्वक घरछाडी अनगारिक भई प्रव्रजित भएका हुन्; जो शठी मायावी (=छली) कपटी घमण्डी अहंकारी चपल मुखर गफाडी इन्द्रिय असंयमी भोजनमा मात्राज्ञान न हुने; जाग्रततामा मन न लगाउने श्रमणत्वमा बेवास्ता गर्ने शिक्षामा विशेषध्यान नदिने; लोभी (=बाहुलिका) शिथिल शील हुने पतनोन्मुख हुने एकान्त वासमा मन न लगाउने अलछी वीर्यरहित स्मृति रहित असम्प्रज्ञानी समाधिष्ठ न हुने तथा भ्रान्तचित्तहुने हुन्; जो मूर्ख हुन् बहिरा र कान्ना हुन् – उनीहरू मैले यस्तो भन्दा पनि प्रदक्षिणा–ग्राही हुन्नन् ।

"भन्ते ! जो ती कुलपुत्रहरू श्रद्धापूर्वक घरछाडी अनगारिक भई प्रव्रजित भएका हुन्–– ती असठी अमायावी अकपटी अघमण्डी निरहंकारी अचपल अमुखर गफ नगर्ने इन्द्रियसंयमी भोजनमा मात्रा ज्ञान हुने; जाग्रततामा मन लगाउने श्रमणत्वमा वास्ता राख्ने शिक्षामा विशेष ध्यानदिने; अलोभी बलियो शीलहुने पतनोन्मुख न हुने एकान्त वासमा मन लगाउने निरालसी वीर्यवान् स्मृतिमान् सम्प्रज्ञानी समाधिष्ठ हुने तथा एकाग्रचित्त हुने हुन्; जो प्रज्ञावान् हुन् अबहिरा र चक्षुमान् हुन्–– उनीहरू मैले यस्तो भन्दा प्रदक्षिणा–ग्राही हुन्छन् ।"

सारिपुत्र ! अर्तिदेऊ

"सारिपुत्र ! जो ती पुरुषहरू अश्रद्धालु जीविकार्थी अश्रद्धा-

पूर्वक घरछाडी अनगारिक भई प्रव्रजित भएका हुन्; जो शठी मायावी (=छली) कपटी ..... ; जो मूर्ख हुन् बहिरा र काना हुन्; उनीहरूलाई छाडिदेऊ। सारिपुत्र! जो ती कुलपुत्रहरू श्रद्धापूर्वक घरछाडी अनगारिक भई प्रव्रजित भएका हुन्-- ती असठी अमायावी अकपटी... तथा एकाग्र चित्त हुने हुन्; जो प्रज्ञावान् हुन् अवहिरा र चक्षुमान् हुन् सारिपुत्र! उनीहरूलाई तिमीले भन। 'सब्रह्मचारीहरूलाई असद्धर्मबाट उठाई सद्धर्ममा प्रतिष्ठापित गर्नेछु' भन्ने विचारगरी सारिपुत्र! सब्रह्मचारीहरूलाई अववाद देऊ! सारिपुत्र! सब्रह्मचारीहरूलाई अनुशासन गर!! सारिपुत्र! (यी कुराहरूलाई) यस्तै गरी तिमीले सिक्नु पर्छ।"

× × ×

ल सूत्र--

१३२।२९ शील विना समाधि हुन सक्दैन

(सीलसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"आवुसो ! दुश्शील शीलबाट पराङमुख हुनेको सम्यक्समाधिको हेतु-उपनिश्रय हुनसक्दैन; सम्यक्समाधि न हुनेको सम्यक्-समाधिबाट पराङमुख हुनेको यथार्थज्ञानदर्शनको हेतु-उपनिश्रय हुन सक्दैन; यथार्थज्ञानदर्शन नहुनेको यथार्थज्ञानदर्शनबाट पराङमुख हुनेको निर्वेद-वैराग्यको हेतु-उपनिश्रय हुन सक्दैन; निर्वेद-वैराग्य न हुनेको निर्वेद-वैराग्यबाट पराङमुख हुनेको विमुक्तिज्ञानदर्शनको हेतु-उपनिश्रय हुनसक्दैन। आवुसो ! जस्तै-- शाखा र पातहरू रहित रुख । जसको पपटिका (= बाक्लो बोक्रा) पनि परिपूर्ण भएको हुन्न। छाला (= बो-

---

१. अं. नि- ५. पृ. ४४६: आधातवग्गो ।

क्राको भित्री भाग) पनि परिपूर्ण भएकोहुन्न । फल्गु पनि परिपूर्ण भएको हुन्न । सार (= स्कन्ध) पनि परिपूर्ण भएको हुन्न । आवुसो ! त्यस्तै दुश्शील शीलबाट पराङ्मुख हुनेको सम्यक्समाधिको हेतु-उपनिश्रय हुन सक्दैन; [1] ... ... निर्वेद-वैराग्य न हुनेको निर्वेद-वैराग्यबाट पराङ्-मुख हुनेको विमुक्तिज्ञानदर्शनको हेतु-उपनिश्रय पनि हुन सक्दैन ।

"आवुसो ! शीलवान् शीलसम्पन्न हुनेको सम्यक्समाधिको हेतु-उपनिश्रय हुन सक्छ । सम्यक्समाधि हुनेको सम्यक्समाधि सम्पन्न हुनेको यथार्थज्ञानदर्शनको हेतु-उपनिश्रय हुन सक्छ । यथार्थज्ञानदर्शन हुनेको यथार्थज्ञानदर्शन सम्पन्न हुनेको निर्वेद-वैराग्यको हेतु-उपनिश्रय हुन सक्छ । निर्वेद-वैराग्य हुनेको निर्वेद वैराग्य सम्पन्न हुनेको विमुक्ति-ज्ञानदर्शनको हेतु-उपनिश्रय हुन सक्छ । आवुसो ! जस्तै— शाखा र पातहरू सम्पन्न रुख । जसको पपटिका पनि परिपूर्ण छ । छाला पनि परिपूर्ण छ । फल्गु पनि परिपूर्ण छ । सार पनि परिपूर्ण छ । आवुसो ! त्यस्तै— शीलवान् शीलसम्पन्न हुनेको सम्यक्समाधिको हेतु-उपनिश्रय हुन्छ । सम्यक्समाधि हुनेको सम्यक्समाधि सम्पन्न हुनेको यथार्थज्ञान-दर्शनको हेतु-उपनिश्रय हुन्छ । यथार्थज्ञानदर्शन हुनेको यथार्थज्ञानदर्शन सम्पन्न हुनेको निर्वेद-वैराग्यको हेतु-उपनिश्रय हुन्छ । निर्वेद-वैराग्य हुनेको निर्वेद-वैराग्य सम्पन्न हुनेको विमुक्तिज्ञानदर्शनको हेतु-उपनिश्रय हुन्छ ।"

× × ×

---

1. माथि उल्लेख भए जस्तै सबै वाक्यहरू दोहऱ्याई पढ्नू ।

मूल सूत्र--

१३३।३० कहिले अर्थकुशल हुन सकिन्छ ?

(खिप्पनिसन्तिसुत्त[1])

अनि आयुष्मान् आनन्द जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगे पछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नु भयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नु भयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो--

"आवुसो सारिपुत्र ! कहिले सम्ममा भिक्षु चाँडै बुझ्न सक्ने। कुशल धर्महरूलाई राम्ररी ग्रहणगर्न सक्ने धेरै पनि ग्रहण गर्न सक्ने तथा ग्रहण गरेकोलाई पनि न बिर्सने हुन सक्छ ? "

---

१. अं. नि- ५. पृ. ४४७: आघातवग्गो; अ. क. II. पृ. ६२९.

"आयुष्मान् आनन्द बहुश्रुत हुनुहुन्छ (अत:) आयुष्मान् आनन्दले नै भन्नुहोस् ।"

"आवुसो सारिपुत्र ! त्यसोभए सुन्नुहोस्; राम्ररी मनमा राख्नुहोस् भन्ने छु ।"

"हुन्छ, आवुसो" भनी आयुष्मान् सारिपुत्रले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिनुभयो । अनि आयुष्मान् आनन्दले यसो भन्नुभयो––

"आवुसो सारिपुत्र ! भिक्षु अर्थकुशल[1] हुन्छ, धर्मकुशल[2] हुन्छ, व्यञ्जन कुशल[3] हुन्छ, निरुक्तिकुशल[4] हुन्छ तथा पूर्वापर कुशल[5] हुन्छ ।

---

1 अर्थकथाहरूमा दक्ष हुनेलाई 'अर्थकुशल' भनिएको हो । अं. अ. क. II. पृ. ६२९: खिप्पनिसन्तिसुत्तवण्णना ।

2. मूल सुत्रहरूका कुराहरूमा दक्ष हुनेलाई 'धर्मकुशल' भनिएको हो । अं. अ. क. II. ६२९.

3. अक्षरप्रभेदहरूलाई जान्न सक्ने 'व्यञ्जनकुशल' भनिएको हो । अं अ. क. II. पृ. ६२९.

4. निरुक्ति अर्थलाई बुझ्नमा दक्ष हुनेलाई 'निरुक्तिकुशल' भनिएको हो अर्थात् शब्दार्थलाई बुझ्न सक्ने । अं. अ. क. II. पृ. ६२९.

5. 'पूर्वापर कुशल' भन्नाले कुनै कुराको अर्थ बुझ्नको निमित्त त्यसको अगाडि र पछाडिको कुरालाई पनि बुझ्न सक्ने भनी भनिएको हो ।

आवुसो सारिपुत्र ! यति सम्ममा भिक्षु चाँडै बुझ्ने कुशल धर्महरूलाई राम्ररी ग्रहणगर्ने धेरै पनि ग्रहण गर्ने तथा ग्रहण गरेकोलाई पनि नबिर्सने हुनसक्छ ।"

"आश्चर्य हो आनन्द ! अद्‌भूत हो आनन्द ! आयुष्मान् आनन्दले कति सुभाषित भन्नु भएको हो । आयुष्मान् आनन्द यि नै पाँच गुणहरूले सुसम्पन्न हुनुहुन्छ भन्ने हामी विश्वास गर्दछौं । आयुष्मान् आनन्द अर्थकुशल हुनुहुन्छ, धर्म कुशल हुनुहुन्छ, व्यञ्जन कुशल हुनुहुन्छ, ¹निरुक्ति कुशल हुनुहुन्छ तथा पूर्वापर कुशल पनि हुनुहुन्छ ।"

× × ×

यसमा पनि -- (१) अर्थ-पूर्वापर (२) धर्म-पूर्वापर (३) पद-पूर्वापर, (४) अक्षर-पूर्वापर तथा (५) अनुसन्धि-पूर्वापर भन्ने छन् । यी पाँच प्रकारका पूर्वापर (=अगाडि पछाडि) कारणहरूलाई बुझ्न सक्नेलाई 'पूर्वापर कुशल' भनिएको हो । 'अर्थ-पूर्वापर' भनेको पहिले भनिसकेको कुरालाई बुझी पछि भनिने कुरालाई बुझ्न सक्ने र पछि भनेको कुरालाई बुझी पहिले न भनेको कुरालाई बुझ्न सक्ने । अथवा पछिल्लो पदको कुरा सुनी अघिल्लो पदको कुरालाई पनि बुझ्न सक्ने तथा अघिल्लो पदको कुरा सुनी पछिल्लो पदको कुरालाई पनि बुझ्न सक्ने । त्यस्तै बीचको कुरा सुनी अघिल्लो र पछिल्ला का कुराहरू बुझ्न सक्ने । अघिल्ला र पछिल्लाका कुराहरू सुनी बीचका कुराहरू पनि बुझ्न सक्ने । अरू पदहरूका अर्थहरू पनि यस्तै प्रकारले बुझिलिनु पर्छ । विशेष कुराको लागि अं. अ. क.II. पृ. ६२९ मा हेर्नू ।

मूल सूत्र––

१३४।३१ भद्राभद्र मरण हुने भिक्षु

(भद्दकसुत्तं[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो––

"आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो––

"आवुसो ! भिक्षु त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्न। आवुसो ! कसरी भिक्षु त्यसरी त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्न ?

---

1. अं. नि–६. पृ. १५: सारणीयवग्गो; अ. क. II. पृ. ६५७.

"आवुसो ! यहाँ भिक्षु (१) कर्माराम[1], कर्मरत, कर्माराममा अनुयुक्त हुन्छ। (२) भाषणाराम[2], भाषणरत, भाषणाराममा अनुयुक्त, हुन्छ, (३) निद्राराम[3], निद्रारत, निद्राराममा अनुयुक्त हुन्छ (४) सङ्गणिकाराम[4], सङ्गणिकारत, सङ्गणिकाराममा अनुयुक्त हुन्छ, (५) संसर्गाराम[5], संसर्गरत, संसर्गाराममा अनुयुक्त हुन्छ तथा (६) प्रपञ्चाराम[6] प्रपञ्चरत, प्रपञ्चाराममा अनुयुक्त हुन्छ । आवुसो ! भिक्षु त्यसरी त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्न। आवुसो ! यस्तालाई भन्दछन्– 'सम्यक् रूपले दुःखक्षय गर्नको निम्ति सत्कायलाई नछोडी सत्काय (दृष्टि)मा अभिरत भई बस्ने भिक्षु' ।

---

1. निर्माण कार्यहरूमा अभिरत भई बस्ने । अं. अ. क. II पृ. ६५७: भद्दकसुत्तवण्णना ।
2. कुराकानी गरी बस्नुमा मात्र अभिरमण गर्ने, गफ गर्नुमा मनलगाउने । अं. अ. क. II. पृ. ६५७.
3. निदाइ रहनुमा अभिरत हुने । अं. अ. क. II. पृ. ६५७.
4. दुई तीन जना भेला भई कुराकानी गर्दै दिन बिताउनुमा अभिरत हुने । अं. अ. क. II. पृ. ६५७.
5. गृहस्थीहरूसँग अनेक कुराकानी गरी, गृहस्थीहरूको अनेक कामकाजमा साथ दिई उनीहरूसँग गृहीस्वभावको सम्बन्ध जोरी रहने भिक्षु । अं. अ. क. II. पृ. ६५७.
6. अनेक प्रकारका तृष्णादि प्रपञ्चमा भुलिरहने । अं. अ. क. II. पृ. ६५७

"आवुसो ! भिक्षु त्यसरी त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्छ । आवुसो ! कसरी भिक्षु त्यसरी त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्छ ?

"आवुसो ! यहाँ भिक्षु (१) कर्माराम, कर्मरत, कर्मारामममा अनुयुक्त हुन्न । (२) भाषणाराम, भाषणरत, भाषणाराममा अनुयुक्त हुन्न । (३) निद्राराम, निद्रारत, निद्राराममा अनुयुक्त हुन्न । (४) सङ्गणिकाराम, सङ्गणिकारत, सङ्गणिकाराममा अनुयुक्त हुन्न । (५) संसर्गाराम, संसर्गरत, संसर्गाराममा अनुयुक्त हुन्न तथा (६) प्रपञ्चाराम, प्रपञ्चरत, प्रपञ्चाराममा अनुयुक्त हुन्न । आवुसो ! भिक्षु त्यसरी त्यसरी विहार गर्छ जसरी जसरी विहार गर्दा भद्रक मरण हुन्छ । आवुसो ! यस्तालाई भन्दछन्– 'सम्यक् रूपले दु:खक्षय गर्नको निम्ति सत्काय (दृष्टि)लाई छोडी निर्वाणमा अभिरत भई बस्ने भिक्षु ।"

१– "यो पपञ्चमनुयुत्तो, पपञ्चाभिरतो मगो ।
विराधयी सो निब्बानं, योगक्खेमं अनुत्तरं ।।

२ - "यो च पपञ्चं हित्वान, निप्पपञ्चपदे रतो ।
आराधयी सो निब्बानं, योगक्खेमं अनुत्तरं'ति ।।"

अर्थ––

१–"जो प्रपञ्चमा अनुयुक्त भई प्रपञ्चमा अभिरत हुने बाटो लाग्छ

उ योगक्षेम भएको निर्वाणबाट दूर रहन्छ ।

२–"जसले प्रपञ्चलाई त्यागी निष्प्रपञ्च भएको बाटो लाग्छ–– उसले योगक्षेम भएको अनुत्तर निर्वाण पाउँछ ।"

× × ×

मूल सूत्र--

१३५।३२ सारिपुत्र प्रतिसम्भिदालाभी हुन्

(दुतियपटिसम्भिदासुत्त[1])

"भिक्षुहो ! सात धर्म (=कारण) द्वारा सुसम्पन्न सारिपुत्रल चार प्रतिसम्भिदालाई स्वयं ज्ञात गरी साक्षात्कार गरी प्राप्तगरी विहारगर्छ[2] । कुन सात भने ?––

(१)"भिक्षुहो ! यहाँ, सारिपुत्रले चित्तकोलीनता[3] (=दबी

---

1. अं. नि- ८. पृ. १७८: देवतावग्गो ।
2. प्रतिसम्भिदा भनेको केहो भन्ने बारेका कुराहरू लेखकको बु.म.भा-१ पृ. २०९ को पादटिप्पणीमा र बु. श्रा. च.भा.१ पृ. २२९ को पाद-टिप्पणीमा उल्लेख भएका छन् ।
3. चित्तको लीनता भन्नाले चित्तको निष्क्रीयता, अलछीपन, शिथिलपन-लाई भनिको हो । यसको परिभाषा तथा अर्थहरू विभं. पा. पृ. ४१८

रहेको चित्त, लुकी रहेको चित्तलाई) 'यो मेरोचित्त लीन छ' भनी जान्द छ।

(२) "आफू भित्र भएको संक्षिप्त[1] चित्तलाई 'मेरो भित्री चित्त संक्षिप्त छ' भनी जान्द छ।

(३) "बाहिरी विक्षिप्त चित्तलाई[2] 'मेरो चित्त बाहिर विक्षिप्त छ' भनी जान्दछ।

(४) "जानिकन उसको वेदना उत्पन्न हुन्छ, जानिकन उसको वेदना उपस्थित रहन्छ, जानिकन उसको वेदना अन्त हुन्छ।

(५) "जानिकन उसको संज्ञा उत्पन्न हुन्छ, जानिकन उसको

मा समुल्लेख भएको पाइन्छ तथा पटि. म. पा. पृ. १९३ मा र अं. नि. अ. क. II. पृ. ७११ मा पनि पाइन्छन्।

1. संछिप्त-चित्त भनेको आलस्य स्वभावको चित्तलाई भनेको हो। अं. नि. अ. क. II. पृ, ७२१; पपं. सू. I. पृ. २५२; पटि. म. अ. क. पृ. २४२

2. विक्षिप्त-चित्त भनी पञ्चकामविषयहरूमा लागेको चिनलाई भनेको हो। अं. नि. अ. क. II. पृ. ७११; चञ्चल स्वभावको तथा शान्त न भएको चित्तलाई पनि विक्षिप्तचित्त भन्दछन् पटि. म. अ. क. पृ. २४२;

संज्ञा उपस्थित रहन्छ जानिकन उसको संज्ञा अन्त हुन्छ ।

(६) "जानिकन उसको वितर्कना उत्पन्न हुन्छ जानिकन उसको वितर्कना उपस्थित रहन्छ जानिकन उसको वितर्कना अन्त हुन्छ ।

(७) "उसले अनुकूल प्रतिकूल धर्महरूलाई कमसल-असल धर्महरूलाई कृष्ण-शुक्ल सप्रतिभागनिमित्त (=ध्यानको गोचर, विषय) लाई प्रज्ञाद्वारा राम्ररी ग्रहण गर्छ राम्ररी मनमा राख्छ राम्ररी धारण गर्छ तथा राम्ररी प्रतिविद्ध गर्छ ।

"भिक्षुहो ! यी सात कारणहरूद्वारा सुसम्पन्न सारिपुत्रले चार प्रतिसम्भिदालाई स्वयं ज्ञातगरी साक्षात्कार गरी प्राप्तगरी विहार गर्छ।"

× × ×

मूल सूत्र--

१३६/३३ चित्तवशीभूत–सारिपुत्र

(दुतियवससुत्त[1])

"भिक्षुहो ! सात कारणहरूले सुसम्पन्न सारिपुत्रले चित्तलाई वशमा राख्छ । चित्तको वशमा सारिपुत्र बस्दैन । कुन सात भने ?—

"भिक्षुहो ! यहां सारिपुत्र (१) समाधि कुशल छ, (२) समाधि-समापत्ति कुशल[2] छ (३) समाधि-स्थिति कुशल[3] छ, (४) समाधिबाट उठ्न

---

1. अं. नि-७. पृ. १७९: देवतावग्गो ।
2. समाधि-समापत्ति कुशल भनी अनुकूल आहार अनुकूल ऋतु आदि विचार गरी समापत्ति ध्यानमा बस्न जान्नेलाई भनिएको हो । अं. अ. क. II. पृ. ६६०: हिमवन्तसुत्तवण्णना ।
3. समाधिलाई स्थिरगरी चाहेसम्म राख्न सक्नेलाई 'समाधि-स्थिति कुशल' भनी भनिएको हो । अं. अ. क. II. पृ. ६६०

कुशल[4] छ. (५) समाधि-कल्प कुशल[5] छ, (६) समाधि-गोचर कुशल[6] छ, (७) समाधिबाट उत्तरोत्तर समाधिमा जान कुशल[7] (=अभिनिहार कुसल) छ ।

"भिक्षुहो ! यी नै सात कारणहरूले सुसम्पन्न सारिपुत्रले चित्त-लाई वशमा राख्छ । चित्तको वशमा सारिपुत्र बस्दैन ।"

× × ×

---

4. समाधिमा बस्न अगाडि आफूले निश्चित गरेको समयमा समाधिबाट उठ्न सक्नेलाई 'समाधिबाट उठ्न कुशल' भनी भनिएको हो । अं. अ. क. II. पृ ६६०
5. आफूलाई चाहे अनुसार समाधिलाई अनुकूल पार्न सक्नेलाई 'समाधि-कल्प कुशल' भनी भनिएको हो । अं. अ. क.II. पृ. ६६०.
6. समाधिकोनिमित्त प्रतिकूल तथा अपकार धर्महरूलाई त्यागी अनुकूल उपकार धर्महरूलाई सेवन गरी-- यस लक्षणले यस्तो हुन्छ यस लक्षणले यस्तो हुन्छ भन्ने कुरालाई बुझ्न सक्नेलाई 'समाधि-गोचर कुशल' भनी भनिएको हो । अं. अ. क. II. पृ, ६६०-६१.
7. एक समाधिबाट अर्को समाधिमा गई उत्तरोत्तर माथिका समाधि-हरूमा जानसक्नेलाई 'उत्तरोत्तर समाधिमा जान कुशल' भनी भनिएको हो । अं. अ. क. II. पृ. ६६१: हिमवन्तसुत्तवण्णना ।

मूल सूत्र--

१३७।३४ कसको आश्रय लिंदा कुशल बढ्छ ?

(सक्कच्चसुत्त[1])

अनि आयुष्मान् सारिपुत्र एकान्त ध्यानमा बसिरहनु भएको बेलामा वहाँको चित्तमा यस्तो परिवितर्कना उठ्यो-- "कसको सत्कार गरी कसको गौरवगरी कसको आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ ?"

अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो--

"(१) शास्ताको सत्कार गरी गौरव गरी आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ। (२) धर्मको सत्कार गरी... आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ। (३) सङ्घको सत्कार गरी आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल

---

1. अं. नि-७. पृ. २४५: महावग्गो; अ. क. II. पृ. ७३१.

बढ्छ । (४) शिक्षाको सत्कार गरी... आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ । (५) समाधिको सत्कार गरी ... आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ । (६) अप्रमादको सत्कार गरी...आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ । (७) मैत्रीपूर्ण व्यवहारको सत्कार गरी...आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ ।"

अनि फेरि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो-–

"यी धर्महरू (=गुणहरू) ममा स्वच्छ तथा परिशुद्ध छन् । अत: यस सम्बन्धमा भगवान्कहाँ गई किन मैले नबताऊँ । यसरी मेरा यी धर्महरू अधिक परिशुद्ध तथा अधिक परिशुद्धसम्मत पनि हुनेछन् । जस्तै कुनै पुरुषले खारेको असल र परिशुद्ध सुन पाउँछ उस्तै हुनेछ । अझ उसलाई यस्तो लाग्छ कि–- यो मेरो खारेको असल र परिशुद्ध सुन हो तैपनि यो सुन सुनारकहाँ लगी किन नजँचाऊँ । यसरी सुनारकहाँ गई जँचाउँदा यो मेरो सुन असल र परिशुद्ध नै रहने छ र अधिक शुद्ध-सम्मत पनि । यस्तै गरी यी धर्महरू ममा स्वच्छ तथा परिशुद्ध छन् । तैपनि भगवान्कहाँ गई यस सम्बन्धमा मैले किन नबताऊँ । यसरी मेरा यी धर्महरू अधिक परिशुद्ध तथा अधिक परिशुद्धसम्मत पनि हुने छन् ।"

अनि सन्ध्या समयमा आयुष्मान् सारिपुत्र ध्यानबाट उठी जहाँ

भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो विन्ति गर्नुभयो--

"भन्ते ! यहाँ म, एकान्त ध्यानमा बसिरहँदा मेरो मनमा यस्तो वितर्कना उठ्यो—'कसको सत्कार गर्दा गौरव गर्दा तथा आश्रयलिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ ?' भन्ते ! अनि मलाई यस्तो लाग्यो--'शास्ताको सत्कार गरी......आश्रय लिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ "...... ।

"साधु साधु! सारिपुत्र ! शास्ताकै सत्कार गरी बस्दा गौरव गरी बस्दा तथा आश्रयलिई बस्दा भिक्षुको अकुशल छुट्छ र कुशल बढ्छ सारिपुत्र ! धर्मकै... सङ्घकै... शिक्षाकै... समाधिकै... अप्रमादकै... तथा मैत्रीपूर्ण व्यवहारकै सत्कार गरी बस्दा,... आश्रयलिई बस्दा अकुशल छुट्छ र कुशल बढ्छ ।"

यस्तो भन्नुहुँदा आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो विन्ति गर्नु भयो—

(क) "भन्ते ! भगवान्ले संक्षेपरूपमा भन्नु भएको यस कुराको विस्तृत अर्थ यसरी म बुझ्द छु । भन्ते ! शास्ता प्रति अगौरव हुने त्यो भिक्षुको धर्म प्रति सगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन ।

भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति अगौरव रहन्छ-- धर्म प्रति पनि उसको अगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति अगौरव तथा धर्म प्रति अगौरव हुने त्यो भिक्षुको सङ्घ प्रति सगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति तथा धर्म प्रति अगौरव रहन्छ-- सङ्घ प्रति पनि उसको अगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति अगौरव धर्म प्रति अगौरव तथा सङ्घ प्रति अगौरव हुने त्यो भिक्षुको शिक्षा प्रति सगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते जो त्यो भिक्षुको शास्ता प्रति धर्म प्रति तथा सङ्घ प्रति अगौरव रहन्छ-- शिक्षा प्रति पनि उसको अगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति तथा शिक्षा प्रति अगौरव हुने त्यो भिक्षुको समाधि प्रति सगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति तथा शिक्षा प्रति अगौरव रहन्छ-- समाधि प्रति पनि उसको अगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति तथा समाधि प्रति अगौरव हुने त्यो भिक्षुको अप्रमाद प्रति सगौरव रहन सकुला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता

प्रति, धर्म प्रति,सङ्घ प्रति, शिक्षा प्रति तथा समाधि प्रति अगौरव रहन्छ––अप्रमाद प्रति पनि उसको अगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति, समाधि प्रति तथा अप्रमाद प्रति अगौरव हुने त्यो भिक्षुको मैत्रीपूर्ण व्यवहार प्रति सगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन। भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति, समाधि प्रति तथा अप्रमाद प्रति अगौरव रहन्छ–– मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको अगौरव नै रहन्छ ।

(ख) "भन्ते ! शास्ता प्रति सगौरव हुने त्यो भिक्षुको धर्म प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन। भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति सगौरव रहन्छ–– धर्म प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति तथा धर्म प्रति सगौरव हुने त्यो भिक्षुको सङ्घ प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन। भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति तथा धर्म प्रति सगौरव रहन्छ–– सङ्घ प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति तथा सङ्घ प्रति सगौरव हुने त्यो भिक्षुको शिक्षा प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुन सक्दैन। भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति तथा सङ्घ

प्रति सगौरव रहन्छ-- शिक्षा प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति तथा शिक्षा प्रति सगौरव हुने त्यो भिक्षुको समाधि प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति तथा शिक्षा प्रति सगौरव रहन्छ-- समाधि प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति तथा समाधि प्रति सगौरव हुने त्यो भिक्षुको अप्रमाद प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति तथा समाधि प्रति सगौरव रहन्छ-- अप्रमाद प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति, समाधि प्रति तथा अप्रमाद प्रति सगौरव हुने त्यो भिक्षुको मैत्रीपूर्ण व्यवहार प्रति अगौरव रहन सक्ला भनी भन्ने कारण हुनसक्दैन । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घ प्रति, शिक्षा प्रति, समाधि प्रति तथा अप्रमाद प्रति सगौरव रहन्छ- मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको सगौरव नै रहन्छ ।

(ग) "भन्ते ! शास्ता प्रति सगौरव हुने त्यो भिक्षुको धर्म प्रति पनि सगौरव नै हुन सक्ला भनी भन्ने कारण हुन सक्छ । भन्ते ! जो

त्यो भिक्षुको शास्ता प्रति सगौरव रहन्छ–– धर्म प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! शास्ता प्रति...अप्रमाद प्रति सगौरव हुने त्यो भिक्षुको मैत्रीपूर्ण व्यवहार प्रति पनि सगौरव नै हुन सक्ला भनी भन्ने कारण छ । भन्ते ! जो त्यो भिक्षुको शास्ता प्रति...अप्रमाद प्रति सगौरव रहन्छ–– मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको सगौरव नै रहन्छ ।

"भन्ते ! भगवान्‌ले संक्षेपरूपमा भन्नु भएको यस कुराको विस्तृत अर्थ यसरी म बुझ्दछु ।"

A. "साधु साधु ! सारिपुत्र ! साधु सारिपुत्र ! तिमीले मैले संक्षेपरूपमा बताएको यस कुराको विस्तृत अर्थ बुझिलियौ । सारिपुत्र ! शास्ता प्रति अगौरव राख्ने त्यो भिक्षुले धर्मप्रति सगौरव राख्न सक्ला भनी भन्ने कारण हुनसक्दैन ।...सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति अगौरव रहन्छ, धर्म प्रति अगौरव रहन्छ, सङ्घ प्रति अगौरव रहन्छ, शिक्षा प्रति अगौरव रहन्छ, समाधि प्रति अगौरव रहन्छ – अप्रमाद प्रति पनि उसको अगौरव नै रहन्छ ।

"सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति, सङ्घप्रति शिक्षा प्रति, समाधि प्रति तथा अप्रमाद प्रति अगौरव रहन्छ–– उसले मैत्रीपूर्ण व्यवहार प्रति सगौरव राख्न सक्ला भनी भन्ने कारण हुनसक्दैन । सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति, धर्म प्रति...तथा

अप्रमाद प्रति अगौरव रहन्छ-- मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको अगौरव नै रहन्छ ।

B. "सारिपुत्र ! शास्ता प्रति सगौरव राख्ने त्यो भिक्षुको धर्म प्रति अगौरव हुन सक्ला भनी भन्ने कुनै कारण हुनसक्दैन ।... सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति सगौरव रहन्छ-- धर्म प्रति पनि उसको सगौरव नै रहन्छ ।...

"सारिपुत्र ! शास्ता प्रति सगौरव राख्ने, धर्म प्रति सगौरव राख्ने...अप्रमाद प्रति सगौरव राख्ने त्यो भिक्षुको मैत्रीपूर्ण व्यवहार प्रति अगौरव हुन सक्ला भनी भन्ने कुनै कारण हुनसक्दैन । जो त्यो भिक्षुको शास्ता प्रति सगौरव रहन्छ...अप्रमाद प्रति सगौरव रहन्छ-- मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको सगौरव नै रहन्छ ।

C. "सारिपुत्र ! शास्ता प्रति सगौरव राख्ने त्यो भिक्षुको धर्म प्रति पनि सगौरव राख्न सक्ला भनी भन्ने कारण हुनसक्छ । सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति सगौरव हुन्छ । उसको धर्म प्रति पनि सगौरव नै रहन्छ ।

"सारिपुत्र ! शास्ता प्रति सगौरव हुने भिक्षुको...अप्रमाद प्रति पनि सगौरव नै तथा मैत्रीपूर्ण व्यवहार प्रति पनि सगौरव नै रहन्छ भनी भन्ने कारण हुनसक्छ । सारिपुत्र ! जो त्यो भिक्षुको शास्ता प्रति

सगौरव रहन्छ...अप्रमाद प्रति पनि सगौरव नै रहन्छ–– मैत्रीपूर्ण व्यवहार प्रति पनि उसको सगौरव नै रहन्छ ।

"सारिपुत्र ! संक्षेपरूपमा मैले बताएको यस कुराको विस्तृत अर्थ यसरी नै बुझ्नु पर्छ ।"

× × ×

मूल सूत्र--

१३८।३५ दूत बनाउन योग्य

(दूतेय्यसुत्त[1])

"भिक्षुहो ! आठ गुण युक्त भिक्षुलाई दूतको काम गराउनु योग्य छ। कुन आठ गुणले ?

"भिक्षुहो ! यहाँ भिक्षु सुन्ने पनि हुन्छ सुनाउने पनि, सिक्ने पनि हुन्छ धारणगर्ने पनि, बुझ्ने पनि हुन्छ बुझाउने पनि, धर्माधर्ममा कुशल हुन्छ र कलह पनि गर्दैन।

"भिक्षुहो ! यीनै आठ गुणले युक्त भिक्षुलाई दूतको काम गराउनु योग्य छ।

"आवुस ! आठ गुणले युक्त सारिपुत्रलाई दूतको काम गराउनु

1. अं. नि-प. पृ. ३०५: महावग्गो; अ. क. II. पृ. ७५७.

योग्य छ। कुन आठ गुणले ? भिक्षुहो ! यहाँ सारिपुत्र सुन्ने पनि हुन्छ सुनाउने पनि, सिक्ने पनि हुन्छ धारण पनि गर्ने, बुझ्ने पनि बुझाउने पनि, धर्माधर्ममा कुशल पनि छन् कलह पनि गर्दैन । भिक्षुहो ! यी आठ गुण युक्त सारिपुत्रलाई दूतको काम गराउनु योग्य छ।"

× × ×

मूल सूत्र--

१४९।३६ अरहन्तहरूको आठ बल

(दुतिय बलसुत्त[1])

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानु भयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नु भयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो –

"सारिपुत्र ! क्षीणास्रवी भिक्षुहरूको कति बलहरू छन् ? जुन बलहरूले युक्त भई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउन सक्छन् ?"

"भन्ते ! क्षीणास्रवी भिक्षुहरूका आठ बलहरू छन्— जुन बलहरूले युक्त भई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भई सकेका छन्' भनी जनाउन सक्छन्। कुन आठ भने ? –

---

1. अं. नि ८. पृ. ३२६: गहपतिवग्गो; अ. क. II. पृ, ७६४.

(१) "भन्ते! यहाँ क्षीणास्रवी भिक्षुहरूले अनित्यको दृष्टिद्वारा सबै संस्कारहरूलाई सम्यक्प्रज्ञाद्वारा यथा स्वभावत: राम्ररी देखि-सकेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन अनित्यको दृष्टिद्वारा सबै संस्कारहरूलाई सम्यक्प्रज्ञाद्वारा यथा स्वभावतः राम्ररी देखिसकेका हुन्छन्-- भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बलहो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भईसकेका छन्' भनी जनाउँन सक्छन् ।

(२)' भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले सबै कामविषयहरूलाई आगोको दृष्टिद्वारा सम्यक्प्रज्ञाद्वारा यथास्वभावत: राम्ररी देखिसकेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन अनित्यको दृष्टिद्वारा सबै काम विषयहरूलाई सम्यक्प्रज्ञाद्वारा यथास्वभावत: राम्ररी देखिसकेका हुन्छन्-- भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

(३) भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूको चित्त विवेक (= फलसमापत्ति) तिरै ढल्केको हुन्छ विवेकतिरै ओइरिएको हुन्छ विवेक-तिरै प्राग्भार भएको हुन्छ तथा विवेकार्थ(=फलसमापत्तिको निमित्त) नै नैष्क्रम्याभिरत(=प्रव्रज्यामिरत)नै भई सबै प्रकारका आस्रव-कारणहरू-बाट निर्लिप्त भइसकेको हुन्छ। भन्ते ! जुन क्षीणास्रवी भिक्षुहरूको चित्त विवेकतिरै ढल्किएको विवेकतिरै ओइरिएको विवेकतिरै प्राग्भार

भएको हुन्छ तथा विवेकार्थ र नैष्क्रम्याभिरत नै भई सबै प्रकारका आस्रव-कारणहरूबाट निर्लिप्त भइसकेको हुन्छ-- भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

(४) "भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले **चारसतिपट्ठान**[1]**हरू** भावित र सुभावित गरेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन चार सतिपट्ठानहरूलाई भावित र सुभावित गरेका हुन्छन्— भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

(५) "भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले **चार-ऋद्धिपाद**[2] भावित र सुभावित गरेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन चार-ऋद्धिपादहरूलाई भावित र सुभावित गरेका हुन्छन्-- भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

---

1. चार-सतिपट्ठान भनेको के हो भन्ने बारेका कुराहरू लेखकको बु.प.भा-१ पृ. ४६ र पृ. ३१८ को पादटिप्पणीमा र पृ. ४४३ मा हेर्नू ।
2. चार-ऋद्धिपाद भनेको के हो भन्ने सम्बन्धमा पनि बु. प. भा–१ पृ. ३१८ र पृ, ४४५ को पादटिप्पणीमा हेर्नू ।

(६) "भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले पाँच-इन्द्रियहरू[1] भावित र सुभावित गरेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन पाँच-इन्द्रियहरूलाई भावित र सुभावित गरेका हुन्छन्–– भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

(७) "भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले सप्तबोध्यङ्गहरू[2] भावित र सुभावित गरेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन सप्तबोध्यङ्गहरूलाई भावित र सुभावित गरेका हुन्छन्–– भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

(८) "भन्ते ! फेरि क्षीणास्रवी भिक्षुहरूले आर्य-अष्टाङ्गिक-मार्ग[3] भावित र सुभावित गरेका हुन्छन् । भन्ते ! क्षीणास्रवी भिक्षुहरूले जुन आर्यअष्टाङ्गिकमार्गलाई भावित र सुभावित गरेका हुन्छन् –

---

1. पाँच-इन्द्रियहरू भनेका के हुन् भन्ने बारेका कुराहरू बु.प.भा-१ पृ. ३१९ को पादटिप्पणीमा हेर्नू ।

2. सप्तबोध्यङ्गहरू भनेका के हुन् भन्ने बारेका कुराहरू पनि बु.प. भा १ पृ. ४६ र ३१९ को पादटिप्पणीमा हेर्नू ।

3. आर्यअष्टाङ्गिकमार्ग भनेको के हो भन्ने बारेका कुराहरू बु. प. भा–१ पृ. ४४८ मा हेर्नू ।

भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुहरूको बल हो जुन बलमा आई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।

"भन्ते ! यी नै आठ हुन् क्षीणास्रवीहरूका बलहरू-- जुन बलहरूले युक्त भई क्षीणास्रवी भिक्षुहरूले 'मेरा आस्रवहरू क्षीण भइसकेका छन्' भनी जनाउँन सक्छन् ।"

× × ×

मूल सूत्र--

१४०।३७ लाभी र अलाभी आठ पुरुषहरू

(इच्छासुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-- "आवुसो, भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो--

"'आवुसो ! यी आठ प्रकारका पुरुषहरू लोकमा विदचमान छन्। कुन आठ भने ?

१– 'आवुसो ! यहाँ, प्रविवित्त (=पविवेक) विहारी,

1. अं. नि–८. पृ, ४११: यमकवग्गो।

विदर्शना[1] ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । अनि उ (त्यो वस्तु) पाउनको निमित्त उठ्छ यत्न गर्छ कोशिस गर्छ । पाउनको निमित्त उठेर यत्न गर्दा पनि कोशिस गर्दा पनि उसलाई (त्यो वस्तु) लाभ हुन्न । अनि उ अलाभको कारणले शोक गर्छ दुःखी हुन्छ रुन्छ छाती पिटेर रुन्छ तथा सम्मोहित पनि हुन्छ । आवुसो ! यस्तालाई भन्दछन्–– **लाभको निम्ति इच्छा गरी विहार गर्ने लाभको निम्ति उठ्ने, यत्न गर्ने कोशिस गर्ने तर अलाभी शोकी रोदन गर्ने सद्धर्मबाट**[2] **पनि च्यूत हुने भिक्षु ।**

२– 'आवुसो ! यहाँ, प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । अनि उ (त्योवस्तु) पाउनको निमित्त उठ्छ यत्न गर्छ कोशिस गर्छ । पाउनको निमित्त उठेर यत्न गर्दा कोशिस गर्दा उसलाई (त्यो वस्तु) लाभ हुन्छ । उ त्यो लाभद्वारा मत्त हुन्छ प्रमत्त हुन्छ तथा प्रमादी हुन्छ । आवुसो ! यस्तालाई भन्दछन्–– **लाभको निमित्त इच्छागरी विहार गर्ने लाभको निमित्त उठ्ने यत्न गर्ने कोशिस गर्ने तथा लाभी भएर मत्त प्रमत्त तथा प्रमादी हुने सद्धर्मबाट पनि च्युत हुने भिक्षु ।**

३ · 'आवुसो ! यहाँ, प्रविविक्त विहारी विदर्शना ध्यान गरी

---

1. विदर्शना ध्यान भनेको–– अनित्य, दुःख तथा अनात्माको ध्यान गर्नु हो ।
2. विदर्शना ध्यानबाट । अं. त्ति. अ. क. II. पृ. ७७९: इच्छासुत्तं ।

बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । तर उ (त्यो वस्तु) पाउनको निमित्त उठ्दैन यत्न गर्दैन कोशिस गर्दैन । पाउनको निमित्त नउठ्नाले यत्न नगर्नाले कोशिस नगर्नाले उसलाई (त्यो वस्तु) लाभ हुन्न । अनि उ त्यस अलाभको कारणले शोक गर्छ दुःखी हुन्छ रुन्छ छाती पिटी रुन्छ तथा सम्मोहित पनि हुन्छ । आवुसो ! यस्तालाई भन्दछन्–– लाभको निम्ति इच्छा गरी विहार गर्ने तर लाभको निम्ति नउठ्ने यत्न नगर्ने कोशिस नगर्ने तथा अलाभी शोकी रोदन गर्ने सद्धर्मबाट पनि च्युत हुने भिक्षु ।

४– 'आवुसो ! यहाँ, भिक्षु प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । तर उ (त्यो वस्तु) पाउनको निमित्त नउठ्दा पनि यत्न नगर्दा पनि कोशिस नगर्दा पनि उसलाई (त्यो वस्तु) लाभ हुन्छ । उ त्यो लाभद्वारा मत्त हुन्छ प्रमत्त हुन्छ तथा प्रमादी हुन्छ । आवुसो ! यस्तालाई भन्दछन् – लाभको निम्ति इच्छा गरी विहार गर्ने तर लाभको निम्ति नउठ्ने यत्न नगर्ने कोशिस नगर्ने तर लाभी भएर मत्त प्रमत्त तथा प्रमादी हुने–– सद्धर्मबाट पनि च्युत हुने भिक्षु ।

५– 'आवुसो ! यहाँ, प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । अनि उ (त्यो वस्तु) पाउनको निमित्त उठ्छ यत्न गर्छ कोशिस गर्छ । पाउनको निमित्त उठेर यत्न गर्दा कोशिस गर्दा पनि उसलाई (त्यो वस्तु) लाभ हुन्न । उ

अलाभको कारणले शोक गर्दैन दुःखी हुन्न रून्न छाती पिटेर पनि रुन्न तथा सम्मोहित पनि हुन्न । आवुसो ! यस्तालाई भन्दछन्–– लाभको निम्ति इच्छा गरी विहार गर्ने लाभको निम्ति उठ्ने यत्न गर्ने कोशिस गर्ने तर अलाभी अशोकी रोदन नगर्ने–– सद्धर्मबाट पनि च्युत नहुने भिक्षु ।

६– 'आवुसो ! यहाँ, प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । अनि उ (त्यो वस्तु) पाउनको निमित्त उठ्छ यत्न गर्छ कोशिस गर्छ । पाउनको निमित्त उठेर यत्न गर्दा कोशिस गर्दा उसलाई (त्यो वस्तु) लाभ हुन्छ । उ त्यो लाभद्वारा मत्त हुन्न प्रमत्त हुन्न तथा प्रमादी पनि हुन्न । आवुसो ! यस्तालाई भन्दछन्–– लाभको निमित्त इच्छा गरी विहार गर्ने, लाभको निमित्त उठ्ने यत्न गर्ने कोशिस गर्ने तथा लाभी भएर मत्त नहुने प्रमत्त नहुने तथा प्रमादी पनि नहुने–– सद्धर्मबाट च्युत पनि नहुने भिक्षु ।

७– 'आवुसो ! यहाँ, प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ । तर उ (त्यो वस्तु) पाउनको निमित्त उठ्दैन यत्न गर्दैन कोशिस गर्दैन । पाउनको निमित्त नउठ्नाले यत्न नगर्नाले कोशिस नगर्नाले उसलाई (त्यो वस्तु) लाभ हुन्न । उ त्यस अलाभको कारणले शोक गर्दैन दुःखी हुन्न रुन्न छाती पिटेर रुन्न तथा सम्मोहित पनि हुन्न । आवुसो ! यस्तालाई भन्दछन्–– लाभको निम्ति इच्छागरी विहार गर्ने तर लाभको निम्ति नउठ्ने यत्न नगर्ने कोशिस नगर्ने तथा लाभ पनि नहुने शोक पनि नगर्ने रोदन पनि नगर्ने–– सद्धर्मबाट पनि च्युत नहुने भिक्षु ।

८– 'आवुसो ! यहाँ, भिक्षु प्रविविक्त विहारी विदर्शना ध्यान गरी बस्ने भिक्षुको कुनै वस्तु पाउने इच्छा उत्पन्न हुन्छ। तर उ (त्यो वस्तु) पाउनको निमित्त उठ्दैन यत्न गर्दैन कोशिस पनि गर्दैन। पाउनको निमित्त नउठ्दा पनि यत्न नगर्दा पनि कोशिस नगर्दा पनि उसलाई (त्यो वस्तु) लाभ हुन्छ। उ त्यो लाभद्वारा मत्तहुन्न प्रमत्त हुन्न तथा प्रमादी पनि हुन्न। आवुसो,! यस्तालाई भन्दछन्–– लाभको निम्ति इच्छागरी विहार गर्ने तर लाभको निम्ति नउठ्ने यत्न नगर्ने कोशिस नगर्ने तर लाभी हुन्छ किन्तु मत्त प्रमत्त तथा प्रमादी नहुने–– सद्धर्मबाट पनि च्युत नहुने भिक्षु।'

"आवुसो ! यी नै आठ प्रकारका पुरुषहरू लोकमा विद्यमान छन्।"

× × ×

मूल सूत्र–

१४१।३८ आफ्नो र अर्काको हित कसरी हुनसक्छ ?

(अलंसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो...––

१– "आवुसो ! छ गुणहरूले युक्तहुने भिक्षु आफ्नो पनि अर्काको पनि हितगर्न समर्थ हुन्छ। कुन छ भने ? (१) आवुसो ! यहाँ भिक्षु, कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्ने हुन्छ[2]; (२) सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने अर्थात् स्मरण गरी राख्न सक्ने हुन्छ; (३) धारण गरेका कुराहरूको अर्थ परीक्षण गर्न सक्ने हुन्छ; (४) अर्थ बुझेर, धर्म बुझेर[3], धर्मानुकूल आचरण पनि गर्छ; (५) हितैषी

---

1. अं. नि- ८. पृ. ४१३: यमकवग्गो; अ. क. II. पृ. ७७९
2. स्कन्ध, धातु, आयतनादि जुनसुकै विषयमा बताएका कुराहरूलाई पनि तुरुन्तै बुझ्न सक्ने हुन्छ। अं. अ. क. II. पृ. ७७९.
3. अर्थकथाका तथा मूल पालिका कुराहरूलाई राम्ररी बुझ्ने भनी भनिएको हो। अं. अ. क. II पृ. ५७७.

तथा हितैषी बोली बोल्ने प्रियवचन युक्त विश्वासदायी निर्दोषयुक्त अर्थबोध गराउने बोली बोल्ने हुन्छ; (६) आफ्ना सब्रह्मचारीहरूलाई मार्गदेखाउने स्वीकार गराउने समुत्साहित पार्ने तथा सम्प्रहर्षित पार्ने बोली बोल्नेहुन्छ। आवुसो! यी नै छ गुणहरूले युक्तहुने भिक्षु आफ्नो पनि अर्काको पनि हित गर्न समर्थ हुन्छ।

२–"आवुसो! पाँच गुणहरूले युक्तहुने भिक्षु आफ्नो पनि अर्काको पनि हितगर्न समर्थ हुन्छ। कुन पाँच भने?-- आवुसो! यहाँ भिक्षु न कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्ने हुन्छ तर (१) सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने हुन्छ; (२) धारण गरेका कुराहरूको अर्थ परीक्षण गर्न सक्ने हुन्छ; (३) अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण पनि गर्छ; (४) हितैषी तथा हितैषीबोली बोल्ने प्रियवचनयुक्त विश्वासदायी निर्दोषयुक्त अर्थ बोध गराउने बोली बोल्ने हुन्छ तथा (५) आफ्ना सब्रह्मचारीहरूलाई मार्ग देखाउने स्वीकार गराउने समुत्साहित पार्ने तथा सम्प्रहर्षित पार्ने बोली बोल्ने हुन्छ। आवुसो! यी नै पाँच गुणहरूले युक्तहुने भिक्षु आफ्नो पनि अर्काको पनि हितगर्न समर्थहुन्छ।

३–"आवुसो! चार गुणहरूले युक्तहुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ तर अर्काको हितगर्न समर्थहुन्न। कुन चार भने?-- आवुसो! यहाँ भिक्षु (१) कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्ने हुन्छ; (२) सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने हुन्छ;

(३) धारण गरेका कुराहरूको अर्थ परीक्षण गर्न सक्ने हुन्छ तथा (४) अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण पनि गर्छ; किन्तु हितैषी तथा हितैषी बोली बोल्ने हुन्न प्रियवचन युक्त हुन्न विश्वासदायी निर्दोषयुक्त अर्थबोध गराउने बोली बोल्ने हुन्न तथा आफ्ना सब्रह्मचारीह-रूलाई मार्गदेखाउने हुन्न स्वीकार गराउने समुत्साहित पार्ने र सम्प्रहर्षित पार्ने बोली बोल्ने पनि हुन्न। आवुसो ! यी नै चार कारणहरूले युक्तहुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ तर अर्काको हित गर्न समर्थ हुन्न।

४– "आवुसो ! चार गुणहरूले युक्त हुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ परन्तु आफ्नो हित गर्न समर्थ हुन्न। कुन चार भने?–– आवुसो ! यहाँ भिक्षु (१) कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्ने हुन्छ; (२) सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने हुन्छ; तर (३)धारण गरेका कुराहरूको अर्थ परीक्षण गर्न सक्ने हुन्न न त अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण गर्छ; न त हितैषी तथा हितैषी बोली बोल्ने हुन्छ; न प्रियवचनयुक्त विश्वासदायी निर्दोषयुक्त अर्थबोध गराउने बोली बोल्ने हुन्छ; (४) आफ्ना सब्रह्मचारीहरूलाई मार्गदेखाउने स्वीकार गराउने समुत्साहित पार्ने र सम्प्रहर्षित पार्ने बोली बोल्ने हुन्छ। आवुसो ! यी नै चार गुणहरूले युक्तहुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ परन्तु आफ्नो हित गर्न समर्थ हुन्न।

५– "आवुसो ! तीन गुणहरूले युक्तहुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ तर अर्काको हित गर्न समर्थ हुन्न। कुन तीन भने ?—

आवुसो ! यहाँ भिक्षु (१) न कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्ने हुन्छ किन्तु सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने हुन्छ; (२) धारण गरेका धर्मका कुराहरूको अर्थ परीक्षण गर्न सक्ने पनि हुन्छ; अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण पनि गर्छ तर (३) हितैषी तथा हितैषीबोली बोल्ने हुन्न प्रियवचनयुक्त विश्वासदायी निर्दोष युक्त अर्थबोध गराउने बोली बोल्ने पनि हुन्न; आफ्ना सब्रह्मचारीहरूलाई मार्गदेखाउने स्वीकार गराउने समुत्साहित गराउने तथा सम्प्रहर्षित पार्ने बोली बोल्ने पनि हुन्न । आवुसो ! यी नै तीन गुणहरूले युक्तहुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ तर अर्काको हितगर्न समर्थ हुन्न ।

६- "आवुसो ! तीन गुणहरूले युक्त हुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ तर आफ्नो हित गर्न समर्थ हुन्न । कुन तीन भने ?–– (१) आवुसो ! यहाँ भिक्षु न कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझ्न सक्छ तर सुनेका धर्मका कुराहरूलाई भने धारण गर्न सक्ने हुन्छ; परन्तु धारण गरेका धर्मका कुराहरूको अर्थ परीक्षण गर्न सक्दैन न त अर्थ बुझेर .. धर्मानुकूल आचरण नै गर्छ; (२) हितैषी तथा हितैषी बोली बोल्ने भने ... हुन्छ (३) सब्रह्मचारीहरूलाई मार्गदेखाउने... तथा सम्प्रहर्षित पार्ने पनि हुन्छ । आवुसो ! यी नै तीन गुणहरूले युक्त हुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ तर आफ्नो हित गर्न समर्थ हुन्न ।

७- "आवुसो ! दुई गुणहरूले युक्त हुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ तर अर्काको हित गर्न समर्थ हुन्न । कुन दुइ भने ?––

(१) आवुसो ! यहाँ भिक्षु न कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझन सक्ने हुन्छ न त सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्ने हुन्छ किन्तु धारण गरेका धर्मका कुराहरूको अर्थ परीक्षा गर्न सक्ने हुन्छ; (२) अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण पनि गर्छ तर हितैषी तथा हितैषी बोली भने बोल्ने...हुन्न; सब्रह्मचारीहरूलाई मार्ग देखाउने...तथा सम्प्रहर्षित पार्ने पनि हुन्न । आवुसो ! यी नै दुइ गुणहरूले युक्त हुने भिक्षु आफ्नो हित गर्न समर्थ हुन्छ किन्तु अर्काको हित गर्न समर्थ हुन्न ।

८- "आवुसो ! दुइ गुणहरूले युक्त हुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ किन्तु आफ्नो हित गर्न समर्थ हुन्न । कुन दुइ भने ?-- (१) आवुसो ! यहाँ भिक्षु न कुशलाकुशल धर्मका कुराहरू चाँडै बुझन सक्छ न त सुनेका धर्मका कुराहरूलाई धारण गर्न सक्छ न धारण गरेका धर्मका कुराहरूको अर्थ परीक्षा गर्न सक्छ न अर्थ बुझेर धर्म बुझेर धर्मानुकूल आचरण नै गर्छ किन्तु हितैषी तथा हितैषी बोली बोल्ने भने... हुन्छ; (२) सब्रह्मचारीहरूलाई मार्ग देखाउने तथा सम्प्रहर्षित पार्ने हुन्छ । आवुसो ! यी नै दुइ गुणहरूले युक्त हुने भिक्षु अर्काको हित गर्न समर्थ हुन्छ किन्तु आफ्नो हित गर्न समर्थ हुन्न ।"

× × ×

मूल सूत्र--

१४२।३९ सेवनीय र असेवनीय वस्तुहरू

(सेवनासुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो--

"(१) आवुसो ! व्यक्तिलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ--सेवनीय र असेवनीय । (२) आवुसो ! चीवरलाई पनि दुइप्रकारले बुझ्नुपर्छ--सेवनीय र असेवनीय । (३) आवुसो ! भोजनलाई पनि दुइ-प्रकारले बुझ्नु पर्छ-- सेवनीय र असेवनीय । (४) आवुसो ! शयनासन-लाई पनि दुइप्रकारले बुझ्नु पर्छ-- सेवनीय र असेवनीय । (५) आवुसो ! ग्रामनिगमलाई पनि दुइप्रकारले बुझ्नु पर्छ-- सेवनीय र असेवनीय । (६) आवुसो ! जनपद प्रदेशलाई पनि दुइप्रकारले बुझ्नु पर्छ-- सेवनीय र असेवनीय ।

1 अं. नि- ९. पृ. १४: सम्बोधिवग्गो; अ. क. II. पृ. ७९६.

१–"आवुसो ! 'व्यक्तिलाई पनि दुइप्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुनकुरा भनियो –– त्यो कुन अर्थले भनिएको हो भने–– त्यहाँ (क) 'यस व्यक्तिको सेवन गर्दा मेरा अकुशलधर्महरू अभिवृद्धि हुन्छन् कुशलधर्महरू परिहानीहुन्छन्; (ख) जुन प्रव्रजितहरूकानिमित्त चाहिने चीवर भोजन शयनासन ग्लानप्रत्यय भैपज्यंपरिष्कारादिहरू हुन्–– ती पनि मेरोनिम्ति कष्टपूर्वक प्राप्तहुन्छ; (ग) जसकोनिम्ति घरछाडी अनगारिक भई प्रव्रजित भइन्छ त्यो सामञ्ञफल[1] प्राप्तिकोनिम्ति भावनादि परिपूर्ण पनि हुँदैन' भन्ने कुरा जब थाहाहुन्छ आवुसो ! तब त्यस व्यक्तिलाई त्यस पुरुषले जानेरनै रातमा भए पनि दिनमा भए पनि न सोधिकन भए पनि छाडेर जानुपर्छ उसको पछि लाग्नु हुन्न ।

२– "त्यहाँ (क) 'यस व्यक्तिको सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानीहुन्छन्; (ख) जुन प्रव्रजितहरूकानिम्ति चाहिने चीवर भोजन शयनासन ग्लानप्रत्यय भैपज्यं परिष्कारादिहरू हुन्–– ती भने विना कष्टपूर्वक पाइन्छन्; (ग) तर जसकोनिम्ति घरछाडी अनगारिकभई प्रव्रजित भइन्छ त्यो सामञ्ञफल प्राप्तिकोनिम्ति भावनादि परिपूर्ण पनि हुँदैन' भन्ने कुरा जब थाहाहुन्छ आवुसो ! तब त्यस व्यक्तिलाई त्यस पुरुषले जानेरनै

---

1. 'सामञ्ञफल' भनेको कस्ता हो भन्ने सम्बन्धमा लेखकको बु. प. भा. १ पृ. ३६ को पादटिप्पणीमा हेर्नु ।

रातमाभए पनि दिनमाभए पनि न सोधिकनभए पनि छाडेर जानुपर्छ उसको पछि लाग्नु हुन्न ।

३– "त्यहाँ (क) 'यस व्यक्तिको सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू अभिवृद्धि हुन्छन्; (ख) जुन प्रव्रजितहरूकानिमित्त चाहिने चीवर भोजन ... परिष्कारहरूहुन्–– ती पनि विना कष्टपूर्वक उपलब्ध हुन्छन्; (ग) जसकोनिम्ति घरछाडी अनगारिक भई प्रव्रजित भइन्छ त्यो सामञ्ञफल प्राप्तिकोनिम्ति भावनादि पनि परिपूर्ण हुन्छ' भन्ने कुरा जब थाहाहुन्छ आवुसो ! तब त्यस व्यक्तिलाई त्यस पुरुषले जानेरनै उसको पछिलाग्नु पर्छ छाडनु हुन्न ।

४– "त्यहाँ (क) 'यस व्यक्तिको सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू अभिवृद्धि हुन्छन्; (ख) जुन प्रव्रजितहरूकानिमित्त चाहिने चीवर भोजन ... परिष्कारहरू हुन्–– ती पनि विना कष्टपूर्वक उपलब्ध हुन्छन्; (ग) जसकोनिम्ति घरछाडी अनगारिक भई प्रव्रजित भइन्छ त्यो सामञ्ञफल प्राप्तिकोनिम्ति भावनादि पनि परिपूर्ण हुन्छ' भन्ने कुरा जब थाहा हुन्छ आवुसो ! तब त्यस व्यक्तिलाई त्यस पुरुषले जीवनभर भए पनि उसको पछिलाग्नु पर्छ र निकाले पनि उसलाई छाडेर जानुहुन्न ।

"आवुस ! 'व्यक्तिलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो यसै अर्थले भनिएको हो ।

५– "आवुसो ! 'चीवरलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो के अर्थले भनिएको हो भने–– त्यहाँ (क) 'यो चीवर सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानी हुन्छन्' भनी जब थाहा हुन्छ तब यसप्रकारको चीवर सेवन गर्न हुन्न । त्यहाँ (ख) 'यो चीवर सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू अभिवृद्धि हुन्छन्' भनी जब थाहाहुन्छ तब यस प्रकारको चीवर सेवन गर्नु पर्छ ।

"आवुसो ! 'चीवरलाई पनि दुइप्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो यसै अर्थले भनिएको हो ।

६– "आवुसो ! 'भोजनलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो के अर्थले भनिएको हो भने–– त्यहाँ (क) 'यो भोजन सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानी हुन्छन्' भनी जब थाहा हुन्छ तब यस प्रकारको भोजन सेवन गर्नु हुन्न । त्यहाँ (ख) 'यो भोजन सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू पनि अभिवृद्धि हुन्छन्' भनी जब थाहाहुन्छ तब यसप्रकारको भोजन सेवन गर्नु पर्छ ।

"आवुसो ! 'भोजनलाई पनि दुइप्रकारले बुझ्नु पर्छ–– सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो यसै अर्थले भनिएको हो ।

७- "आवुसो ! **'शयनासनलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ सेवनीय र असेवनीय'** भनी जुन कुरा भनियो-- त्यो के अर्थले भनिएको हो भने-- त्यहाँ (क) 'यो शयनासन सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानी हुन्छन्' भनी जब थाहाहुन्छ तब **यस प्रकारको शयनासनलाई सेवन गर्नु हुन्न** । त्यहाँ (ख) 'यो शयनासन सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू अभिवृद्धि हुन्छन्' भनी जब थाहाहुन्छ तब **यस प्रकारको शयनासनलाई सेवन गर्नु पर्छ** ।

"आवुसो ! 'शयनासनलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ-- सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो-- त्यो यसै अर्थले भनिएको हो ।

८- "आवुसो ! **'ग्राम निगमलाई पनि दुइ प्रकारले बुझ्नुपर्छ— सेवनीय र असेवनीय'** भनी जुन कुरा भनियो--त्यो के अर्थले भनिएको हो भने— त्यहाँ (क) 'यो ग्राम निगमको सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानी हुन्छन्' भनी जब थाहा हुन्छ तब **यस प्रकारको ग्राम निगमको सेवन गर्नु हुन्न** । त्यहाँ (ख) 'यो ग्राम निगमको सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन्, कुशल धर्महरू अभिवृद्धि हुन्छन्' भनी जब थाहा हुन्छ तब **यस प्रकारको ग्राम निगमको सेवन गर्नुपर्छ** ।

"आवुसो ! 'ग्राम निगमलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ—

सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो यसै अर्थले भनिएको हो ।

९- "आवुसो ! 'जनपदप्रदेशलाई पनि दुइ प्रकारले बुझ्नु पर्छ––सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो के अर्थले भनिएको हो भने–––त्यहाँ (क) 'यो जनपदप्रदेशको सेवन गर्दा मेरा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् कुशल धर्महरू परिहानी हुन्छन्' भनी जब थाहा हुन्छ तब यस प्रकारको जनपदप्रदेशको सेवन गर्नु हुन्न । त्यहाँ (ख) 'यो जनपदप्रदेशको सेवन गर्दा मेरा अकुशल धर्महरू परिहानी हुन्छन् कुशल धर्महरू अभिवृद्धि हुन्छन्' भनी जब थाहा हुन्छ तब यस प्रकारको जनपदप्रदेशको सेवन गर्नु पर्छ ।

"आवुसो ! 'जनपद प्रदेशलाई पनि दुइ प्रकारले बुझनु पर्छ––सेवनीय र असेवनीय' भनी जुन कुरा भनियो–– त्यो यसै अर्थले भनिएको हो ।"

× × ×

मूल सूत्र—

१४३।४० किन ब्रह्मचर्य पालन गर्ने ?

(कोट्ठिकसुत्त[1])

अनि आयुष्मान् महाकोट्ठिक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भएपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नु भयो। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो––

१–"आवुसो सारिपुत्र ! के 'जो दृष्टधर्मवेदनीय (=यसै जन्ममा भोग गर्नु पर्ने) कर्म हो त्यो मेरो कर्म सम्परायिक-वेदनीय (=परजन्ममा भोग्नु पर्ने) होस्' भन्ने हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गरिन्छ ?"

1. अं. नि–६. पृ. २७: सीहनादवग्गो; अ. क. II. पृ. ७९९.

"आवुसो ! होइन ।"

२– "आवुसो सारिपुत्र ! के त 'जो सम्परायिक-वेदनीय कर्म हो त्यो मेरो कर्म दृष्टधर्म-वेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

३– "आवुसो सारिपुत्र ! के त 'जो सुखवेदनीय कर्म हो त्यो मेरो कर्म दु:खवेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

४– "आवुसो सारिपुत्र ! के त 'जो दु:खवेदनीय कर्म हो त्यो मेरो कर्म सुखवेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

५– "आवुसो सारिपुत्र ! के त 'जो परिपक्ववेदनीय कर्म हो त्यो मेरो कर्म अपरिपक्ववेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

६– "आवुसो सारिपुत्र ! के त 'जो अपरिपक्ववेदनीय कर्म हो त्यो मेरो कर्म परिपक्व वेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्य-वास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

७– "आवुसो सारिपुत्र ! के त 'जो बहुवेदनीय कर्म हो त्यो मेरो कर्म अल्पवेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

८– "आवुसो सारिपुत्र ! के त 'जो अल्पवेदनीय कर्म हो त्यो मेरो कर्म बहुवेदनीय होस्' भन्ने हेतुले भगवान् कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

९- "आवुसो सारिपुत्र ! के त 'जो वेदनीय कर्म हो त्यो मेरो कर्म अवेदनीय होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! होइन ।"

१०– "आवुसो सारिपुत्र ! के त 'जो अवेदनीय कर्म हो त्यो मेरो कर्म वेदनीय कर्म होस्' भन्ने हेतुले भगवान्‌कहाँ ब्रह्मचर्यवास

गरिन्छ त ?"

"आवुसो ! होइन ।"

"आवुसो सारिपुत्र ! किन नि जो दृष्टधर्मवेदनीय कर्म हो त्यो मेरो कर्म सम्परायिक-वेदनीय होस् भनी भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो कि भनी सोध्दा 'आवुसो ! होइन' भनी भन्नुहुन्छ । आवुसो सारिपुत्र ! किन नि जो सम्परायिकवेदनीय कर्म हो त्यो मेरो कर्म दृष्टधर्म-वेदनीय होस् भन्ने हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो कि भनी सोध्दा 'आवुसो ! होइन' भनी भन्नुहुन्छ । आवुसो सारिपुत्र ! किन नि जो सुखवेदनीय कर्म हो त्यो मेरो कर्म दुःखवेदनीय होस् भन्ने हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो कि भनी सोध्दा 'आवुसो ! होइन' भनी भन्नुहुन्छ । आवुसो सारिपुत्र ! किन नि जो दुःखवेदनीय कर्म हो त्यो मेरो कर्म सुखवेदनीय होस् भन्ने हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो कि भनी सोध्दा 'आवुसो ! होइन' भनी भन्नु हुन्छ । आवुसो सारिपुत्र ! किन नि जो परिपक्व-वेदनीय कर्म हो.. जो अपरिपक्व कर्म हो...जो बहुवेदनीय कर्म हो...जो अल्पवेदनीय कर्म हो... जो वेदनीय कर्म हो...जो अवेदनीय कर्म हो त्यो मेरो कर्म वेदनीय होस् भन्ने हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो कि भनी सोध्दा 'आवुसो ! होइन' भनी भन्नुहुन्छ । आवुसो ! त्यसो भए यहाँ के हेतुले भगवान्कहाँ ब्रह्मचर्यवास गरिन्छ त ?"

"आवुसो ! जुन (कुरा) जानेको छैन देखेको छैन प्राप्त गरेको छैन

साक्षात्कार गरेको छैन तथा राम्ररी अवबोध गरेको छैन-- सोही कुरालाई जान्नको निम्ति देख्नको निम्ति प्राप्त गर्नको निम्ति साक्षात्कार गर्नको निम्ति तथा राम्ररी अवबोध गर्नको निम्ति भगवान्कहाँ ब्रह्मचर्य-वास गरिन्छ ।"

"आवुसो! के कुरा नजानेको नदेखेको प्राप्त नगरेको साक्षात्कार नगरेको तथा राम्ररी अवबोध नगरेकोलाई जान्नको निम्ति देख्नको निम्ति प्राप्त गर्नको निम्ति, साक्षात्कार गर्नको निम्ति तथा राम्ररी अवबोध गर्नको निम्ति भगवान्कहाँ ब्रह्मचर्यवास गर्ने हो त ?"

"आवुसो ! 'यो दुःख हो' भनी जानेको हुन्न देखेको हुन्न प्राप्त गर्नको हुन्न साक्षात्कार गरेको हुन्न तथा राम्ररी अवबोध गरेको हुन्न । त्यसैलाई जान्नको निम्ति देख्नको निम्ति प्राप्त गर्नको निम्ति साक्षात्कार गर्नको निम्ति तथा राम्ररी अवबोध गर्नको निम्ति भगवान्कहाँ ब्रह्म-चर्यवास गरिन्छ । आवुसो ! 'यो दुःख समुदय हो' भनी जानेको हुन्न... तथा राम्ररी अवबोध गरेको हुन्न । त्यसैलाई जान्नको निम्ति..... तथा राम्ररी अवबोध गर्नको निम्ति भगवान्कहाँ ब्रह्मचर्यवास गरिन्छ । आवुसो! 'यो दुःख निरोध हो' भनी जानेको हुन्न ... तथा राम्ररी अवबोध गरेको हुन्न । त्यसैलाई जान्नको निम्ति..., तथा राम्ररी अववोध गर्नकोनिम्ति भगवान्कहाँ ब्रह्मचर्यवास गरिन्छ । आवुसो ! 'यो दुःख निरोधको मार्ग हो' भनी जानेको हुन्न... तथा राम्ररी अववोध गरेको हुन्न । त्यसैलाई जान्नको निम्ति ... तथा राम्ररी अवबोध गर्नको निम्ति भगवान्कहाँ ब्रह्मचर्यवास गरिन्छ ।

"आवुसो ! यही नै जानेको हुन्न देखेको हुन्न प्राप्त गरेको हुन्न साक्षात्कार गरेको हुन्न तथा राम्ररी अवबोध गरेको हुन्न । त्यसैलाई जान्नकोनिम्ति देख्नकोनिम्ति प्राप्तगर्नकोनिम्ति साक्षात्कार गर्नकोनिम्ति तथा राम्ररी अवबोध गर्नकोनिम्ति भगवान्‌कहाँ ब्रह्मचर्यवास गरिन्छ ।"

× × ×

मूल सूत्र––

१४४।४१ के प्रत्ययद्वारा संकल्प हुन्छ ?

(समिद्धिसुत्त[1])

अनि आयुष्मान् समिद्धि जहाँ आष्युमान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभएपछि आष्युमान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् समिद्धिलाई आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो––

१– "समिद्धि ! के आरम्मण (=प्रत्यय) द्वारा पुरुषको संकल्प र वितर्कनाहरू उत्पन्न हुन्छन् ?"

"भन्ते ! नाम–रूप[2]को आरम्मणद्वारा ।"

---

1. अं. नि- ९. पृ. ३०: सीहनादवग्गो; अ. क. II. पृ. ७९९
2. नाम-रूप भनेको केहो भन्ने बारेका कुराहरू लेखकको बु. श्रा. च. भा- १ को पृ. ७९ को पादटिप्पणीमा सविस्तर उल्लेख भएका छन् । 'नाम' लाई अरूपस्कन्ध र 'रूप' लाई रूपस्कन्ध पनि भन्दछन् । नाम––· रूपकै आरम्मण अर्थात् प्रत्ययद्वारा संकल्प र वितर्कनाहरू उत्पन्न हुन्छन् । अं. नि. अ. क. II. पृ. ७९९.

२-"समिद्धि ! तिनीहरू (=संकल्प र वितर्कनाहरू) को नानात्व केमा हुन्छ त ?"

"भन्ते ! धातुहरूमा[1] ।"

३-"समिद्धि ! तिनीहरूको समुदय (=उत्पन्न) के प्रत्यय-द्वारा हुन्छ त ?"

"भन्ते ! स्पर्श प्रत्ययद्वारा ।"

४-"समिद्धि ! तिनीहरूको (=स्पर्शहरूको) एकत्रित (=समोसरना) केमा हुन्छ त ?"

"भन्ते ! वेदनामा[2] एकत्रित हुन्छ ।"

---

1. रूप शब्दादि धातु अनुसार संकल्प र वितर्कनाहरूको नानात्व हुन्छ । रूप धातुको प्रत्ययद्वारा उत्पन्न हुने संकल्प र वितर्कना शब्द धातुको प्रत्ययद्वारा उत्पन्न हुने संकल्प र वितर्कनाबाट भिन्न-ताहुने भएकोले यहाँ 'नानात्व' भनिएको हो । अं. नि. अ. क. II. पृ. ७९९.

2. स्पर्शद्वारा मात्र वेदना (=अनुभव) हुनसक्ने भएकोले स्पर्शहरूको एकत्रित वेदनामा हुन्छ भनी भनिएको हो । स्पर्शको सम्बन्ध विना

५–"**समिद्धि** ! तिनीहरू (=वेदनाहरू) को **प्रमुख** के हुन्छ त ?"

भन्ते ! **समाधि प्रमुख**[1] **हुन्छ** "

६–**समिद्धि** ! तिनीहरू (=समाधिहरू) को **आधिपत्य के हुन्छ** त ?"

"भन्ते ! **स्मृति आधिपत्य हुन्छ** ।"

७–"**समिद्धि** ! तिनीहरू (=समाधिहरू) **को उत्तर** (सर्व-श्रेष्ठ) के हुन्छ त ?"

"भन्ते ? **प्रज्ञोत्तर**[2] **हुन्छ** ।"

वेदना हुन सक्दैन भनी भनिएको हो । वेदनाहरू–– सुख–वेदना, दुःख–वेदना तथा न सुख न दुःख–वेदना गरी तीन प्रकारका वेदनाहरू हुन्छन् । अं. नि. अ. क. II. पृ. ७९९

1. समाधिको लक्षण अविक्षिप्तता भएको हुनाले वेदनाहरूको प्रमुख समाधि हो भनी भनिएको हो । अं. नि. अ. क. II. पृ. ७९०. र ७९९.

2. समाधिबाट नै प्रज्ञा हुने भएकोले अथवा समाधि पछि प्रज्ञा हुने भएकोले तथा समाधि भन्दा प्रज्ञा नै श्रेष्ठ हुने भएकोले समाधि

८–"**समिद्धि** ! तिनीहरूको सार के हुन् त ?"

"भन्ते ! तिनीहरूको सार विमुक्ति हो ।"

९––'**समिद्धि** ! तिनीहरू (=विमुक्तिहरू) केमा अन्तर्गत (=ओगधा) छन् त ?"

"भन्ते ! अमृतमा अन्तर्गत छन् ।"

"**समिद्धि** ! के आरम्मणद्वारा पुरुषको संकल्प र वितर्कनाहरू उत्पन्न हुन्छन् भनी सोध्दा 'भन्ते ! नाम-रूपको आरम्मणद्वारा' भनी भन्नु भयो । **समिद्धि** ! तिनीहरूको नानात्व केमा हुन्छ त भनी सोध्दा 'भन्ते ! धातुहरूमा' भनी भन्नु भयो । **समिद्धि** ! तिनीहरूको समुदय के प्रत्ययद्वारा हुन्छ त भनी सोध्दा 'भन्ते ! स्पर्श प्रत्ययद्वारा' भनी भन्नु भयो । **समिद्धि** ! तिनीहरूको एकत्रित केमा हुन्छ त भनी सोध्दा 'भन्ते ! वेदनामा एकत्रित हुन्छ' भनी भन्नु भयो । **समिद्धि** ! तिनीहरूको प्रमुख के हुन्छ त भनी सोध्दा 'भन्ते ! समाधि प्रमुख हुन्छ' भनी भन्नु भयो । **समिद्धि** ! तिनीहरूको आधिपत्य के हुन्छ त भनी सोध्दा 'भन्ते ! स्मृति आधिपत्य हुन्छ' भनी भन्नुभयो । **समिद्धि** ! तिनीहरूको उत्तर के हुन्छ त भनी सोध्दा 'भन्ते ! प्रज्ञोत्तर हुन्छ' भनी भन्नुभयो । **समिद्धि** ! तिनी-

---

पछिको श्रेष्ठ कारण (=उत्तर) प्रज्ञा हो भनी भनिएको हो ।
अं. नि. अ. क. II. पृ. ७९०. र ७९९.

हरूको सार के हुन् त भनी सोध्दा 'भन्ते ! तिनीहरूको सार विमुक्तिः हो' भनी भन्नुभयो । समिद्धि ! तिनीहरू केमा अन्तर्गत छन् त भनी सोध्दा 'भन्ते ! अमृतमा अन्तर्गत छन्' भनी भन्नुभयो[1] ।

"समिद्धि! धन्य हो, धन्य हो ! ! धन्यहो समिद्धि तपाइँलाई । सोधे सोधेकोलाई जवाफ दिनुभयो । त्यसद्वारा अहंकार न गर्नुहोस् ।"

× × ×

---

1. भनवान्ले पनि यस्तैप्रकारको उपदेश अं. नि-८. पृ. ४२० को मूलकसुत्तमा समुल्लेख गर्नुभएको पाइन्छ ।

मूल सूत्र--

१४५।४२ शील नहुनेको विमुक्ति हुन्न

(दुतिय उपनिससुत्त[1])

अनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो-- आवुसो ! (१) शीलबाट पराङ्मुखभई दुश्शील हुनेको मन सन्तोष गर्ने (अविप्पटिसार) हेतु हुन्न (२) मनसन्तोषबाट पराङ्मुख भई मन-सन्तोष नहुनेको प्रामोद्यको हेतु हुन्न (३) प्रामोद्यबाट पराङ्मुख भई प्रमोद नहुनेको प्रीतिको हेतु हुन्न (४) प्रीतिबाट पराङ्मुख भई प्रीति नहुनेको प्रशब्धि (शान्तपन)को हेतु हुन्न (५) प्रशब्धिबाट पराङ्मुख भई प्रशब्धि नहुनेको सुखको हेतु हुन्न (६) सुखबाट पराङ्मुख भई सुख (=मानसिक सुख) नहुनेको सम्यक्समाधिको हेतु हुन्न (७) सम्यक् समाधिबाट पराङ्मुख भई सम्यक्समाधि नहुनेको यथार्थज्ञानदर्शनको हेतु हुन्न (८) यथार्थज्ञानदर्शनबाट पराङ्मुख भई यथार्थज्ञानदर्शन नहुनेको

1. अं. नि-१०. पृ. १०२: आनिसंसवग्गो ।

निर्वेद वैराग्यको हेतु हुन्न (९) निर्वेदवैराग्यबाट पराङ्मुख भई निर्वेद-वैराग्य नहुनेको विमुक्तिज्ञानदर्शनको हेतु हुन्न ।

"आवुसो ! जस्तै–– हाँगा पात र शाखा नभएको रुखको अङ्कुर, बोक्रा, छाला तथा सारत्व सप्रिदैन । आवुसो ! यस्तै गरी शीलबाट पराङ्मुख भई दुश्शील हुनेको मन सन्तोष गर्ने हेतु हुन्न .. निर्वेदवैराग्यबाट पराङ्मुख भई निर्वेदवैराग्य नहुनेको विमुक्तिज्ञान-दर्शनको हेतु हुन्न ।"

× × ×

मूल सूत्र—

१४६।४३ पृथ्वी संज्ञी भई म बसिन

(सारिपुत्तसुत्त[1])

अनि आयुष्मान् आनन्द जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो । सम्मोदनीय कुशलवार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नु भयो –

"आवुसो सारिपुत्र ! यहाँ भिक्षुलाई त्यस्तो समाधि लाभ हुन सक्छ के ? जसद्वारा (१) पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्न सकोस् (२) पानीलाई पानी भन्ने संज्ञा नलिई बस्न सकोस् (३) तेजलाई तेज भन्ने संज्ञा नलिई बस्न सकोस् (४) वायुलाई वायु भन्ने संज्ञा नलिई बस्न सकोस् (५) आकाशानन्त्यायतनलाई आकाशानन्त्यायतन भन्ने

---

1. अं. नि–१०. पृ. १०५: आनिसंसवग्गो; अ.क. II. पृ. ८१८.

संज्ञा नलिई बस्न सकोस्, (६) विज्ञानन्त्यायतनलाई विज्ञानन्त्यायतन भन्ने संज्ञा नलिई बस्न सकोस्, (७) आकिञ्चन्यायतनलाई आकिञ्चन्यायतन भन्ने संज्ञा नलिई बस्न सकोस्, (८) नेवसंज्ञानासंज्ञायतनलाई नेवसंज्ञानासंज्ञायतन भन्ने संज्ञा नलिई बस्न सकोस् (९) यो लोकलाई यो लोक भन्ने संज्ञा नलिई बस्न सकोस् तथा (१०) परलोकलाई परलोक भन्ने संज्ञा नलिई बस्न सकोस्। तर संज्ञा (=होश=चेतना) भने रहिरहोस् ?"

"आवुसो आनन्द ! यहाँ भिक्षुलाई त्यस्तो समाधि लाभहुनसक्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्छ,...तर संज्ञा भने रहिनै रहन्छ।"

"आवुसो सारिपुत्र ! कसरी भिक्षुलाई त्यस्तो समाधि लाभहुन्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्छ ? ..."

"आवुसो आनन्द ! एक समय म यसै श्रावस्तीको अन्धवनमा बसिरहेको थिएँ। अनि त्यहाँ म त्यस्तो समाधिमा तल्लीन भई बसें जसद्वारा (१) पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा ममा भएन, (२) पानीलाई पानी भन्ने संज्ञा ममा भएन, (३) तेजलाई तेज भन्ने संज्ञा ममा भएन, (४) वायुलाई वायु भन्ने संज्ञा ममा भएन, (५) आकाशानन्त्यायतनलाई आकाशानन्त्यायतन भन्ने संज्ञा ममा भएन, (६) विज्ञानन्त्यायतनलाई विज्ञानन्त्यायतन भन्ने संज्ञा ममा भएन, (७) आकिञ्चन्यायतनलाई आकिञ्चन्यायतन भन्ने संज्ञा ममा भएन, (८) नैवसंज्ञानासंज्ञायतनलाई

नैवसंज्ञानासंज्ञायतन भन्ने संज्ञा ममा भएन, (९) यो लोकलाई यो लोक भन्ने संज्ञा ममा भएन तथा (१०) परलोकलाई परलोक भन्ने संज्ञा पनि ममा भएन। किन्तु म संज्ञी नै थिएँ।"

"त्यस बखत आयुष्मान् सारिपुत्रले के संज्ञा लिनु भएको थियो त ?"

"आवुसो आनन्द ! त्यस बखत ममा 'भवनिरोध निर्वाण, भवनिरोध निर्वाण' भन्ने एउटा संज्ञा उत्पन्न भई अर्को संज्ञा निरुद्ध हुन्थ्यो। जस्तै––छ्याकनको आगो बल्दा एउटा ज्वाला (अर्चि) उठ्छ अर्को ज्वाला निरुद्ध हुन्छ। आवुसो आनन्द ! त्यस्तैगरी 'भवनिरोध निर्वाण, भवनिरोध निर्वाण' भन्ने एउटा संज्ञा उत्पन्न भई अर्को संज्ञा निरुद्ध हुन्छ। आवुसो आनन्द ! त्यस समय ममा 'भवनिरोध निर्वाण, भवनिरोध निर्वाण' भन्ने संज्ञा मात्र थियो।"

× × ×

मूल सूत्र--

१४७।४४ आफ्नो चित्त चिन्न सक्नुपर्छ
(सारिपुत्तसुत्त[1])

त्यहाँ आयुष्मान् **सारिपुत्रले** भिक्षुहरूलाई सम्बोधन गर्नुभयो--- "आवुसो भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् **सारिपुत्रलाई** प्रत्युत्तर दिए। अनि आयुष्मान् **सारिपुत्रले** यसो भन्नुभयो--

"आवुसो ! यदि भिक्षु अर्काको चित्त चिन्न कुशल हुन सक्दैन भने 'आफ्नै चित्त चिन्न कुशल हुनेछु' भन्ने सिक्नुपर्छ।

"आवुसो ! कसरी भिक्षु आफ्नो चित्त चिन्नमा कुशल हुन सक्तछ त ? आवुसो ! जस्तै कुनै सिंगार्ने स्वभावकी युवती वा युवकले ऐनामा वा परिशुद्ध स्वच्छ निर्मल पानीको भाँडामा आफ्नो अनुहार

---

1. अं. नि-१०. पृ. १७४: सचित्तवग्गो।

हेर्दा कुनै धूलो वा दाग देख्दा त्यसलाई पुछ्ने प्रयत्न गर्छ। यदि कुनै धूलो वा दाग नदेखेमा 'यो भलो हो, म परिशुद्ध छु' भनी उ खुशी हुन्छ। आवुसो ! यस्तै गरी कुशल धर्महरूमा प्रत्यवेक्षणा गर्नु भिक्षुको निमित्त हितकर हो-- '(१) लोभयुक्त चित्त लिई धेरै वस्छु कि अलोभ युक्त चित्त लिई धेरै बस्छु ? (२) द्वेषयुक्त चित्त लिई धेरै बस्छु कि अद्वेष (=मैत्री) चित्त लिई धेरै बस्छु ? (३) आलस्य-निद्रा (थीनमिद्ध) युक्त चित्तलिई धेरै बस्छु कि आलस्य-निद्रा रहित भई धेरै बस्छु ? (४) विक्षिप्त चित्त लिई धेरै बस्छु कि अविक्षिप्त (=स्थिर) चित्त लिई धेरै वस्छु ? (५) सन्देह चित्त लिई धेरै बस्छ कि नि:सन्देह चित्त लिई धेरै बस्छु ? (६) क्रोधयुक्त चित्त लिई धेरै बस्छु कि क्रोधरहित (=करुणा) चित्त लिई धेरै बस्छु ? (७) संक्लिष्टयुक्त चित्त लिई धेरै बस्छु कि असंक्लिष्टयुक्त चित्त लिई धेरै बस्छु ? (८) उत्साहयुक्त चित्त लिई धेरै वस्छु कि निरुत्साहयुक्त चित्त लिई धेरै बस्छु ? (९) आलस्ययुक्त चित्त लिई धेरै बस्छु कि निरालस्ययुक्त चित्त लिई धेरै बस्छु ? (१०) समाहित चित्त लिई धेरै वस्छु कि असमाहित चित्त लिई धेरै बस्छु ?'

"आवुसो ! प्रत्यवेक्षणा गर्दा यदि भिक्षु देख्छ कि-- 'लोभयुक्त चित्त लिई धेरै बस्छु...असमाहितयुक्त चित्त लिई धेरै बस्छु'। तब सो भिक्षुले सोही पापक अकुशल धर्महरूलाई हटाउनको निमित्त तीव्र इच्छा, कोशिस, उत्साह, अधिक उत्साह लिई पछि नहटी स्मृति र सम्प्रजन्यता (=ज्ञान=प्रज्ञा) राख्नु पर्छ। आवुसो ! जस्तै कुनै कपडा आथव

शीरमा आगो लाग्यो भने सो आगो निभाउनको निमित्त मानिस तीव्र इच्छा, कोशिस, उत्साह, अधिक उत्साह लिई पछि नहटी स्मृति र सम्प्रजन्यता राख्छ। आवुसो ! त्यस्तैगरी सो भिक्षुले ती पापक अकुशल धर्महरूलाई हटाउनको निमित्त तीव्र इच्छा, कोशिस, उत्साह, अधिक उत्साह लिई पछि नहटी स्मृति र सम्प्रजन्यता राख्नु पर्छ।

"आवुसो ! प्रत्यवेक्षणा गर्दा यदि भिक्षु जान्दछ कि–– 'अलोभ-युक्त चित्त लिई धेरै बस्छु,... समाहित चित्त लिई धेरै बस्छु।' तब सोही कुशल धर्ममा बसी उत्तरोत्तर आस्रवहरू क्षय गर्नको निमित्त सो भिक्षुले प्रयास गर्नुपर्छ।"

× × ×

मूल सूत्र—

१४८।४५ अवनति शील पुरुष

(परिहानसुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले "आवुसो भिक्षुहो !" भनी भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो । "आवुसो" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्र-लाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

"आवुसो ! 'अवनतिशील अवनतिशील पुरुष' (परिहान धम्मो पुग्गलो) भनी भन्दछन् । आवुसो ! 'उन्नतिशील उन्नतशील पुरुष' (अपरिहान धम्मो पुग्गलो) भनी भन्दछन् । आवुसो ! कस्तालाई भगवान्ले अवनतिशील पुरुष भन्नु भएकोछ र कस्तालाई भगवान्ले उन्नतिशील पुरुष भनी भन्नु भएको छ ?"

"आवुसो ! यस कुराको अर्थ बुझ्नको निमित्त आयुष्मान् सारिपुत्रकहाँ टाढाबाट भए पनि हामी आउने छौं । यसको अर्थ तपाईं

1. अं. नि- १०, पृ. १८०: सचित्तवग्गो ।

आयुष्यान् सारिपुत्रले नै प्रष्ट पारिदिनु वेश हुनेछ । तपाइँ आयुष्मान् सारिपुत्रबाट सुनी भिक्षुहरूले धारण गर्ने छन् ।"

"आवुसो ! त्यसोभए सुन, राम्ररी मनमा राख, बताउने छु ।" "हुन्छ आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिएपछि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो––

"आवुसो ! कस्तालाई भगवान्ले अवनतिशील पुरुष भन्नु भएको छ त ? आवुसो ! यहाँ भिक्षुले नसुनेको धर्म सुन्दैन सुनेको धर्म बिर्सिन्छ । जुन धर्महरूलाई अघि चित्तले स्पर्श गरेको थिएन ती धर्महरूलाई चित्तमा उत्पन्न गर्दैन र नजानेको धर्म पनि जान्दैन । आवुसो ! यस्तालाई भगवान्ले अवनतिशील पुरुष भनी भन्नु भएको छ ।

"आवुसो ! कस्तालाई भगवान्ले उन्नतिशील पुरुष भन्नु भएको छ त ? आवुसो ! यहाँ भिक्षुले नसुनेको धर्म पनि सुन्छ र सुनेको धर्म पनि बिर्सिन्दैन । जुन धर्महरूलाई अघि चित्तले स्पर्श गरेको थिएन ती धर्महरूलाई चित्तमा उत्पन्न गर्छ र नजानेको धर्मलाई पनि जान्दछ । आवुसो ! यस्तालाई भगवानले उन्नतिशील पुरुष भनी भन्नु भएको छ ।

"आवुसो ! यदि परचित्त जान्नमा कुशल हुन सक्दैनौ भने 'आफ्नै चित्त जान्नमा कुशल हुनेछु' भनी सिक्नुपर्छ ।

"आवुसो ! कसरी भिक्षु आफ्नो चित्त जान्नमा कुशल हुन्छ ?

आवुसो ! जस्तै कुनै सिगार्ने स्वभावको युवती वा युवकले...[1] यदि कुनै धुलो वा दाग नदेखेमा 'यो भलो हो म परिशुद्ध छु' भनी उ खुशी हुन्छ। आवुसो ! यस्तै गरी कुशल धर्महरूमा प्रत्यवेक्षणा गर्नु भिक्षुको निमित्त हितकर हो–– '(१) के म अलोभयुक्त चित्त लिई धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (२) के म द्वेषरहित चित्तलिई धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (३) के म अलछीपनलाई दूरगरी धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (४) के म शान्त-चित्त लिई धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (५) के म शंकादूरगरी धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (६) के म अक्रोधी भई धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (७) के म शुद्धचित्त लिई धेरै बसेको छु ? ममा यो गुण छकि छैन ? (८) के म भित्री प्रामोदयको लाभी छु ? ममा यो गुण छकि छैन ? (९) के मैले भित्री शान्तचित्त पाएको छु ? ममा यो गुण छकि छैन ? (१०) के मैले विपश्यनाद्वारा विशेष प्रज्ञा लाभ गरेको छु ? ममा यो गुण छकि छैन ?

"आवुसो ! प्रत्यवेक्षणा गर्दा यदि भिक्षुले यी सबै गुणहरू आफूमा देख्दैन भने आवुसो ! उसले यी सबै कुशलधर्म लाभगर्नको निमित्त तीव्र इच्छा कोशिस उत्साह अति उत्साह लिई पछि नहटी स्मृति र सम्प्रजन्यता (=ज्ञान=प्रज्ञा=होस) राख्नु पर्छ । आवुसो ! जस्तै

---

1. यहाँका बाँकी कुराहरू माथि पृ. १४८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।]

कुनै कपडा अथवा शीरमा आगो लाग्यो भने सो आगो निभाउनको निमित्त मानिस तीव्र इच्छा...अति उत्साह लिई पछि नहटी स्मृति र सम्प्रजन्यता राख्छ । आवुसो त्यस्तैगरी उसले सबै कुशलधर्म लाभगर्नको निमित्त तीव्र इच्छा... अति इच्छा लिई पछि नहटी स्मृति र सम्प्रजन्यता राख्नु पर्छ ।

"आवुसो ! प्रत्यवेक्षणा गर्दा यदि भिक्षुले कुनै कुशलधर्म पाउँछ कुनै कुशलधर्म आफूमा पाउँदैन भने आवुसो ! अनि उसले जुन कुशलधर्म आफूमा पाउँछ त्यसमा बसेर जुन कुशलधर्म आफूमा पाउँदैन ती कुशलधर्म प्राप्तिको निमित्त तीव्र इच्छा...अति इच्छा लिई पछि नहटी स्मृति र सम्प्रजन्यता राख्नुपर्छ । आवुसो ! जस्तै... ।

"आवुसो ! प्रत्यवेक्षणा गर्दा यदि भिक्षुले यी सबै कुशलधर्महरू आफूमा पाउँछन् भने आवुसो ! उसले यी सबै कुशलधर्महरूमा बसी उत्तरोत्तर आस्रवहरूको क्षय गर्नको निमित्त प्रयत्न गर्नुपर्छ ।"

× × ×

मूल सूत्र--

१४९।४६ क्षीणास्रवीको बल

(खीणासवबलसुत्त[1])

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रसँग भगवान्‌ले यसो भन्नुभयो--

"सारिपुत्र ! क्षीणास्रवी भिक्षुका कति प्रकारका बल छन् ? जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ?

"भन्ते ! क्षीणास्रवी भिक्षुका दश प्रकारका बल हुन्छन् । जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार

---

1. अं. नि- १०, पृ. २३९: थेरवग्गो; अ. क. II. पृ. ८५३.

गर्छ । कुन दश प्रकार भने–– (१) "भन्ते ! यहाँ क्षीणास्रवी भिक्षुले अनित्यताद्वारा सबै संस्कारलाई यथार्थतः सम्यक्प्रज्ञाको आधारमा राम्ररी देखेको हुन्छ । भन्ते ! क्षीणास्रवी भिक्षुले जो अनित्यताद्वारा सबै संस्कारलाई यथार्थतः सम्यक् प्रज्ञाको आधारमा राम्ररी देखेको हुन्छ भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुको बल हो जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ।

(२) "फेरि भन्ते ! क्षीणास्रवी भिक्षुले यी कामविषयहरूलाई आगोको खाडल (अङ्गारकासूपमा) जस्तै हो भनी यथार्थतः सम्यक्प्र-ज्ञाद्वारा राम्ररी देखेको हुन्छ । भन्ते ! क्षीणास्रवी भिक्षुले जो आगोको खाडल जस्तै हो भनी यी कामविषयहरूलाई यथार्थतः सम्यक्प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ भन्ते ! यो पनि क्षीणास्रवी भिक्षुको बल हो जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ।

(३) "फेरी भन्ते ! क्षीणास्रवी भिक्षुको चित्त विवेकतिरै (=निर्वाणतिरै) ढल्केको हुन्छ विवेकतिरै आइरहेको हुन्छ विवेकतिरै प्राग्भार भएको हुन्छ क्लेश रहित भएको हुन्छ नैष्क्रम्यतिर अभिरमण गरेको हुन्छ र सबै आस्रवहरूबाट निर्लिप्त भएको हुन्छ । भन्ते ! क्षीणा-स्रवी भिक्षुको जो चित्त विवेकतिर ढल्केको हुन्छ...र सबै आस्रवहरूबाट निर्लिप्त भएको हुन्छ भन्ते ! यो पनि क्षीणास्रवीको बल हो जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षीणभए' भनी स्वीकार गर्छ ।

(४) "फेरि भन्ते ! क्षीणास्रवी भिक्षुले चार सतिपट्ठानलाई राम्ररी भाविता गरेको हुन्छ । भन्ते ! क्षीणास्रवी भिक्षुले जो चारसति-पट्ठानलाई राम्ररी भाविता गरेको हुन्छ भन्ते ! यो पनि क्षीणास्रवीको बल हो जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ।

(५) "फेरि भन्ते ! क्षीणास्रवी भिक्षुले चार सम्यक्प्रधानलाई राम्ररी भाविता गरेको हुन्छ,...(६) चार ऋद्धिपादलाई राम्ररी भाविता गरेको हुन्छ,... (७) पञ्चेन्द्रियलाई राम्ररी भाविता गरेको हुन्छ,... (८) पञ्च बललाई राम्ररी भाविता गरेको हुन्छ, . (९) सप्तबोध्य-ङ्गलाई राम्ररी भाविता गरेको हुन्छ,... (१०) आर्यअष्टाङ्गिक मार्गलाई राम्ररी भाविता गरेको हुन्छ । भन्ते ! क्षीणास्रवी भिक्षुले जो आर्य-अष्टाङ्गिक मार्गलाई राम्ररी भाविता गरेको हुन्छ भन्ते ! यो पनि क्षीणास्रवीको बल हो जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ।

"भन्ते ! क्षीणास्रवी भिक्षुका यी नै दश प्रकारका बल हुन् जुन बलले युक्तभई क्षीणास्रवी भिक्षुले 'मेरा आस्रवहरू क्षयभए' भनी स्वीकार गर्छ ।"

× × ×

मूल सूत्र--

१५०।४७ दुश्शील मुक्त हुन्न

(दुतियउपनिससुत्त[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--"आवुसो भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो--

"आवुसो ! (१) शीलबाट पराङमुख भई दुश्शील हुनेको मन सन्तोष गर्ने (अविप्रतिसार) हेतु हुन्न, (२) मन सन्तोषबाट पराङमुख भई मन सन्तोष नहुनेको प्रामोद्यको हेतु हुन्न, (३) प्रामोद्यबाट पराङमुख भई प्रामोदय नहुनेको प्रीतिको हेतु हुन्न, (४) प्रीतिबाट पराङमुख भई प्रीति नहुनेको प्रशब्धि (=शान्तपन)को हेतु हुन्न, (५) प्रशब्धिबाट पराङमुख भई प्रशब्धि नहुनेको सुखको हेतु हुन्न, (६) सुखबाट पराङमुख भई सुख (=मानसिक सुख) नहुनेको सम्यक्समाधिको हेतु हुन्न,

---

1 अं. नि-११, पृ. ३६१: निस्सयवग्गो ।

(७) सम्यक्समाधिबाट पराङ्मुख भई सम्यक्समाधि नहुनेको यथार्थ ज्ञानदर्शनको हेतुहुन्न, (८) यथार्थ ज्ञानदर्शनवाट पराङ्मुख भई यथार्थ ज्ञानदर्शन नहुनेको निर्वेदको हेतु हुन्न, (९) निर्वेदबाट पराङ्मुख भई निर्वेद नहुनेको वैराग्यको हेतु हुन्न र (१०) वैराग्यबाट पराङ्मुख भई वैराग्य नहुनेको विमुक्तिज्ञान दर्शनको हेतु हुन्न ।

"आवुसो ! जस्तै हाँगा पात शाखा नभएको रुखको अङ्कुर बोक्रा, छाला तथा सारत्व सप्रिदैन आवुसो ! त्यस्तैगरी शीलबाट पराङ्मुख भई दुश्शील हुनेको मन सन्तोष गर्ने हेतु हुन्न... ।"

× ×

मूल सूत्र--

१५१।४८ पृथ्वीमा पृथ्वी संज्ञी हुन्न

(ततियसमाधिसुत्त[1])

अनि केही भिक्षुहरू जहाँ आयुष्मान् **सारिपुत्र** हुनुहुन्थ्यो त्यहाँ गए । त्यहा पुगेपछि आयुष्मान् **सारिपुत्रसँग** सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले आयुष्मान् **सारिपुत्रसँग** यस्तो सोधे--

"आवुसो सारिपुत्र ! भिक्षुलाई यहाँ त्यस्तो समाधि लाभहुन सक्छ के जसद्वारा (१) पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्न सकोस् (२) पानीलाई पानी भन्ने संज्ञा नलिई बस्न सकोस् (३) तेजलाई तेज भन्ने संज्ञा नलिई बस्न सकोस् (४) वायुलाई वायु भन्ने संज्ञा नलिई बस्न सकोस् (५) आकाशानन्त्यायतनलाई आकाशानन्त्यायतन भन्ने

1. अं. नि-११, पृ. ३९५: अनुस्सतिवग्गो ।

संज्ञा नलिई बस्न सकोस् (६) विज्ञानन्त्यायतनलाई विज्ञानन्त्यायतन भन्ने संज्ञा नलिई बस्न सकोस् (७) आकिञ्चन्यायतनलाई आकिञ्चन्यायतन भन्ने संज्ञा नलिई बस्न सकोस् (८) नैवसंज्ञानासंज्ञायतनलाई नैवसंज्ञानासंज्ञायतन भन्ने संज्ञा नलिई बस्न सकोस् (९) यो लोकलाई यो लोक भन्ने संज्ञा नलिई बस्न सकोस् (१०) परलोकलाई परलोक भन्ने संज्ञा नलिई बस्न सकोस् (११) जो देखेको सुनेको छुएको ज्ञात गरेको प्राप्त गरेको खोजेको मनले विचार गरेको हो त्यसमा पनि संज्ञा नलिई बस्न सकोस्। तर संज्ञा (=होश=चेतना) भने रहिरहोस्?"

"आवुसो! यहाँ भिक्षुलाई त्यस्तो समाधि लाभहुन सक्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्छ...[1] जो देखेको सुनेको... मनले विचार गरेको हो त्यसमा पनि संज्ञा नलिई बस्छ तर संज्ञा भने रहिनै रहन्छ।

"आवुसो सारिपुत्र! कसरी भिक्षुलाई त्यस्तो समाधि लाभहुन्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्छ? ..."

"आवुसो! यहाँ भिक्षुले यस्तो संज्ञालिई बस्छ-- 'यो शान्त हो यो प्रणीत हो जस्तै— सबैसंस्कार नभएको सबै उपधि (=पञ्चू-

---

1. यहाँका बाँकी कुराहरू सबै माथि उल्लेख भए जस्तै जम्मै दोहऱ्याउनू।

पादानस्कन्ध) न भएको तृष्णा क्षय भएको विराग भएको निरोध भएको निर्वाण हो ।' आवुसो ! भिक्षुलाई यस्तो समाधि प्राप्त भएको हुन्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्छ... जो देखेको सुनेको... मनले विचार गरेको हो त्यसमा पनि संज्ञा नलिई बस्छ । तर संज्ञा भने रहिनै रहन्छ ।"

× × ×

मूल सूत्र--

१५२।४९ पृथ्वीलाई पृथ्वी नसम्झने समाधि छ के ?

(चतुत्थसमाधिसुत्तं[1])

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--"आवुसो! भिक्षुलाई यहाँ त्यस्तो समाधि लाभ हुन्छ के जसद्वारा (१) पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई बस्न सकोस् (२) पानीलाई पानी भन्ने संज्ञा नलिई बस्न सकोस् (३) तेजलाई... (४) वायुलाई... (५) आकाशानन्त्यायतनलाई... (६) विज्ञानन्त्यायतनलाई .. (७) आकिञ्चन्यायतनलाई...(८) नैवसंज्ञानासंज्ञायतनलाई... (९) यो लोक-लाई... (१०) परलोकलाई... (११) जो देखेको सुनेको छुएको ज्ञात गरेको प्राप्त गरेको खोजेको मनले विचार गरेको हो त्यसमा पनि संज्ञा नलिई बस्न सकोस् तर संज्ञा (=होश=चेतना) भने रहि रहोस् ?"

1. अं. नि-११, पृ. ३९६: अनुस्सतिवग्गो ।

"आवुसो ! यस कुराको अर्थ बुझ्नको निमित्त टाढाबाट भए पनि हामी आयुष्मान् सारिपुत्रकहाँ आउनेछौं । यसको अर्थ तपाईं आयुष्मान् सारिपुत्रले नै प्रष्ट पार्नुं भए वेशहुने छ। आयुष्मान् सारिपुत्र-सँग सुनेर भिक्षुहरूले धारण गर्ने छन् ।"

"आवुसो ! त्यसोभए सुन राम्ररी मनमा राख बताउने छु ।

"हुन्छ, आवुसो !' भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिएपछि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो--

"आवुसो ! यहाँ भिक्षुलाई त्यस्तो समाधि लाभहुन्छ जसद्वारा (१) पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई वस्छ (२) पानीलाई पानी भन्ने संज्ञा नलिई वस्छ .[1]"

"आवुसो सारिपुत्र ! कसरी भिक्षुलाई त्यस्तो समाधि लाभ हुन्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई वस्छ ?..."

"आवुसो ! यहाँ भिक्षुले त्यस्तो संज्ञा लिई बस्छ-- 'यो शान्त हो यो प्रणीत हो जस्तै-- सबै संस्कार नभएको [2] निर्वाण हो । आवुसो ! भिक्षुलाई यस्तो समाधि प्राप्त भएको हुन्छ जसद्वारा पृथ्वीलाई पृथ्वी भन्ने संज्ञा नलिई वस्छ... तर संज्ञा भने रहिनै रहन्छ ।"

× × ×

---

1. माथि जस्तै (११) तकका कुराहरू दोहऱ्याई पढ्नू ।
2. यहांका वाँकी कुराहरू१०० लाथि पृ. १६१ मा सूत्रमा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नु

मूल सूत्र--

१५३।५० शोक र सन्ताप छैन

(उपतिस्ससुत्त[1])

श्रावस्तीमा।

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो--

"आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो--

"आवुसो ! यहाँ एकान्त ध्यानमा बसिरहँदा मेरो चित्तमा यस्तो तर्कना उठ्यो--

---

1. सं. नि. II. पृ. २२८, अ. क. II. पृ. १७१

'मेरो चित्तमा कुनै विपरिणाम-अन्यथाभावको कारणले मलाई शोक परिदेव दु:ख दौर्मनस्य उपायास उत्पन्न हुन सक्ने त्यस्तो केही कारण यो लोकमा छ के ?'

"आवुसो ! अनि मलाई यस्तो लाग्यो--

'यो लोकमा त्यस्तो केही कारण छैन जसले मेरो मनमा कुनै विपरिणाम-अन्यथाभावको कारणले मलाई शोक परिदेव दु:खदौर्मनस्य उपायास उत्पन्न हुन सकोस् ।'

यस्तो भन्नुहुँदा आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो--

"आवुसो ! शास्ताको विपरिणाम-अन्यथाभाव भए पनि तपाइँलाई शोक परिदेव दु:ख दौर्मनस्य उपायास हुने छैन त ?"

"आवुसो ! शास्ता नै विपरिणाम-अन्यथाभाव भए पनि मलाई शोक परिदेव दु:ख दौर्मनस्य उपायास हुने छैन। बरू मलाई यस्तो हुन सक्छ-- 'वहाँ शास्ता महाप्रतापी हुनुहुन्थ्यो । महर्द्धिक महानुभावसम्पन्न हुनु भएका वहाँ अन्तर्धान हुनुभयो । यदि भगवान् चिरकालसम्म रहनु भएको भए-- त्यसबाट बहुजनहित, बहुजनसुख, लोकवासीका निम्ति अनुकम्पा हुने थियो र उनीहरूको अर्थको निम्ति हितको निम्ति पनि हुने थियो तथा देवसहित मनुष्यहरूका निम्ति सुख पनि हुनेथियो ।"

"आयुष्मान् सारिपुत्रको अहङ्कार ममङ्कार मानानुशय[1] धेरै समय अगाडि देखिनै राम्रैसँग समुच्छेद भइसकेको रहेछ— त्यसैले आयुष्मान् सारिपुत्रलाई 'शास्ताको विपरिणाम अन्यथाभाव' भए पनि त्यसबाट कुनै शोक परिदेव दुःखदौर्मनस्य उपायास नहुने भएको ।"

× × ×

1. 'मानानुशय' भनेको के हो भन्ने बारेमा माथि 'संक्षिप्त र विस्तार-पूर्वक देशना' भन्ने शीर्षक पृ...२०को पादटिप्पणीमा हेर्नू ।

मूल सूत्र--

१५४।५१ नकुलपितालाइ उपदेश

(नकुलपितुसुत्त[1])

अनि नकुलपित, गृहपति भगवान्को उपदेश भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका नकुलपिता गृहपतिसँग आयुष्मान् सारिपुत्रले निम्न कुरा सोध्नु भयो--

"गृहपति ! तिम्रो मुख प्रसन्न छ, इन्द्रियहरू पनि प्रफुल्लित छन्, मुखवर्ण निर्मल तथा परिशुद्ध देखिन्छ। आज भगवान्बाट उपदेश सुन्न पायौ कि क्या हो ?"

---

1. सं. नि. II. पृ. २४१: खन्धवग्गो, खन्धसंयुत्तं; अ. क. II. पृ. १८१.

(बाँकी कुरा तथा शुरुका सबै कुरा लेखकको बु. गु. भा–१, पृ. ४२२ देखि ४३० सम्म हेर्नू ।)

× × ×

मूल सूत्र––

१५५।५२ के कठोर छ ?

(दुक्करपञ्हासुत्त[1])

(१) "आवुसो सारिपुत्र ! यस धर्म-विनयमा (=बुद्धधर्ममा) के कठोर छ ?"

"आवुसो ! यो धर्म-विनयमा प्रव्रज्या कठोर छ ।"

(२) "आवुसो ! प्रव्रजित हुनेलाई के कठोर छ त ?"

"आवुसो ! प्रव्रजित हुनेलाई मन लगाइबस्नु कठोर छ ।"

---

1. सं. नि. III. पृ. २३२: जम्बुखादकसंयुत्त, अ. क. III. पृ. ९१; यो प्रश्न सारिपुत्र महास्थविरका भाञ्जा जम्बुखादक परिव्राजकले सोधेका हुन् ।

(३) "आवुसो ! मन लगाएर बस्नेलाई के कठोर छ नि ?"

"आवुसो ! मन लगाएर बस्नेलाई धर्मानुकूल धर्ममा प्रतिपन्न भई बस्नु कठोर छ ।"

(४) "आवुसो ! धर्मानुकूल धर्ममा प्रतिपन्न भई बस्नेले कहीलेसम्ममा अरहत्व प्राप्त गर्न सक्छ त ?

'आवुसो ! चिरकाल नबित्दै[2] ।"

× × ×

---

2. जम्बुखादक परिव्राजकले अरू पनि १५ वटा प्रश्नहरू सोधेका छन् । ती जम्मै लेखकको बु. प. भाग-१ पृ. ३६६ देखि ४०६ सम्म उल्लेख भएका छन् ।

मूल सूत्र—

१५६।५३ गुरु प्रति सम्मानगर्ने

(नावासुत्त[1])

१–"जसको तरफबाट धर्मावबोध हुन्छ त्यस्तालाई देवताहरूले इन्द्रलाई जस्तै पूजा गर्नु पर्छ र त्यस पुरुषमाथि पूजा गरी प्रसन्नहुने उसले बहुश्रुतता र धर्म हासिल गर्न सक्छ ।

२–"त्यस्ता गुरुमाथि अप्रमादि भई भजनगर्ने पुरुषले परियत्ति

---

1. सुत्त. नि. पृ. ३१४: चूलवग्गो; अ. क. पृ. २८७ अट्ठकथामा चाहिं यस सूत्रको नाम 'धम्मसुत्त' भनी उल्लेख गरेको छ ।

"यस्माहि धम्मं पुरिसो विजञ्ञा,
इन्दं व देवता पूजयेय्य ।
सो पूजितो तस्मि पसन्नचित्तो,
बहुस्सुतो पातुकरोति धम्मं ।।"

र प्रतिवेध धर्मलाई राम्ररी धर्मानुकूल आचरण गरेमा विद्वान् तथा निपुण हुनसक्छ ।

३–"अनुदार मूर्ख अर्थ नजान्ने तथा ईर्ष्यालु गुरुको सेवन गर्नेले धर्मको अर्थ न बुझ्नाको कारणले शंका दूर हुन नपाई मरण हुन्छ ।

४–"जस्तै वेगले बगिरहेको नदीमा जाने पुरुषलाई बघाएर लैजान्छ भने उसले अरूलाई के पारगर्न सक्ला ?

५–"त्यस्तै धर्मलाई राम्ररी नबुझ्नेले बहुश्रुतहरूसँग अर्थ नबुझ्नेले र आफू स्वयंले धर्म नजानी शंका दूर नहुनेले अर्कालाई के सिकाउन सक्ला ?

६-"जस्तै बलियो र खियाउने सामग्रीले युक्त बलियो डुंगामा बसी उपाय कुशल बुद्धिमानीले त्यस बाट धेरै मानिसहरूलाई तार्छ ।

७–"त्यस्तै गरी धर्म बुझ्ने धर्म अभ्यासगर्ने बहुश्रुत तथा अष्टलोकधर्मद्वारा कम्पित नहुने सुन्न इच्छुक हुनेले अरूलाई पनि धर्म सिकाउन सक्छ ।

८–"त्यसैले मेधावी बहुश्रुतले सत्पुरुषको सत्संगत गर्नुपर्छ र धर्म जान्नको निमित्त आचरण गरेमा धर्मावबोध गरी सुख पाउन सक्ने छ ।

× × ×

मूल सूत्र—

१५७।५४ सारिपुत्र चर्या

(सारिपुत्तत्थेर अपदानं[1])

पूर्वकथा

आश्रमको वर्णन

१–"हिमालयको समीपमा लम्बक[2] भन्ने पर्वतमा मेरो लागि आश्रम बनाइएको थियो ।

२–"मेरो आश्रमको समीपमा मनोरम्य नदी थियो र जसको किनारमा मोती जस्तो बालुवा थियो ।

---

1. अप. दा. पा. I. पृ. १८: अ. क पृ. १७५
   "हिमवन्तस्स अविदूरे लम्बको नाम पब्बतो ।
   अस्समो सुकतो मय्हं पण्णसाला सुमापिता ॥"
2, अट्ठकथामा 'लम्पक' ।

३-"मेरो आश्रमको शोभा बढाउँदै ढुंगा न भएको दुर्गन्ध न भएको धेरै गहिरो (पब्भार) न भएको नदी बगिरहेको थियो ।

४-"सो नदीमा कुम्भील मकर शिशुमार र कछुवाहरू खेलिरहन्थे । जसलेगर्दा आश्रमको शोभा बढाएको थियो ।

५-"पाषाणमत्स्य प्रावृषमत्स्य बलजमत्स्य मुञ्ज र रोहित मत्स्यहरूको झुण्ड झुण्ड पानीसँगसँगै आउँदा मेरो आश्रमको शोभा बढ्दथ्यो ।

६-"नदीका दुबैतिर झयाम्म झयाम्म परेका फूलहरूका बिरूवाहरूले मेरो आश्रमको शोभा बढाएका थिए ।

७-"अम्ब, शाल, तिलक, पाटली, सिन्दुवारक आदि रुखहरूका फूल सँधै फुल्दथे र दिव्य सुगन्धको जस्तै सुगन्धको कारणले मेरो आश्रमको शोभा बढेको थियो ।

८-"चम्पक, सलल, कदम्ब, नागपुन्नाग आदि फूलहरूको सुगन्ध दिव्यसुगन्ध जस्तै थियो र जसद्वारा मेरो आश्रमको शोभा बढेको थियो ।

९-"यो मेरो आश्रमको आसपासमा अधिमुक्त, अशोक, भगिनिमाल, अंकोल, बिम्बिजाल आदि रुखहरूका फूलहरू फुलिरहेका थिए ।

१०–"केतक, कदली, गोधुक, तिणसूलिक आदि रुखबाट सुगन्ध आइरहनाले मेरो आश्रमको शोभा बढेको थियो ।

११–"कणिकार, कण्णिक, असन, अज्जन आदि धेरै रुखहरूका दिव्यसुगन्ध फैलिनाले मेरो आश्रमको शोभा बढेको थियो ।

१२–"पुन्नाग, गिरिपुन्नाग, कोविलार आदि पनि फुलेका थिए। जसको दिव्यसुगन्धद्वारा मेरो आश्रमको शोभालाई बढाएको थियो ।

१३–"उद्दालक, कुटज, कदम्ब, वकुल आदि सुगन्धित वृक्षहरू हुनाले मेरो आश्रमको शोभा वढेको थियो ।

१४–"सुगन्धित पानीद्वारा पोषित आलक, इसिमुग्ग, कदली मातुरंगी आदि क्रारमा फल फलेका थिए ।

१५–"मेरो आश्रमको समीपमा भएको तलाउको कुनै ठाउँमा फल फुलेको थियो भने कुनै ठाउँमा केशरी फुलेको थियो ।

१६–"त्यस तलाउको कुनै ठाउँमा कुनै पद्मले पानीभित्र मकुलरूप लिएको थियो भने कुनै ठाउँमा हात्तीको दारा जस्तै निस्केका कमलहरू सर्वत्र फुलिरहेका थिए ।

१७– "त्यसबखत तलाउको आसपासमा सुगन्ध रहित कार-हरूबाट बन्धुजीवकादि फूलहरू फुलेका थिए ।

१८– "पाठीक, वलज, मुन्ज, रोहितादि माछाहरू र मकर, मंगुरादि पनि त्यस तलाउमा बस्दथे ।

१९– "कुम्भील, सुंसुमार आदि पनि कुनै भयविना तलाउमा रहन्थे ।

२०– "त्यस तलाउको आश्रय लिएर परेवा, रविहंस, चक्रवाक, कोकिल, सुधा र मैना आदिहरू पनि बसेका थिए ।

२१– "कुकुत्थक, कुलीरक, पोक्खरसातिक भन्ने काला चराहरू तथा दिन्दिभा र सुगाहरू बस्दथे ।

२२– "हाँस, क्रौञ्च, मयूर, कोकिल, तम्बचूलक, पम्पक, जीवञ्जीव आदि चराहरू पनि सो तलाउको आश्रय लिई बसेका थिए ।

२३– "त्यस्तै गरी कोसिक, पोट्ठसीस, कुरर, सेनक र महाकाल भन्ने आदि चराहरू पनि त्यहाँ बस्दथे ।

२४– "पसद (मृगविशेष), वराह, रोहिच्छ तथा सुगाका बच्चा-हरू पनि यहीं नै जीविका गर्दथे ।

२५– "सिंह, व्याघ्र, चितुवा, भालु, बाघ र तीनप्रकारका हात्तीहरू बस्दथे ।

२६– "किन्नर, बाँदर तथा जङ्गलका अरू पाँदरहरू र व्याधाहरू पनि यहीं नै जीविका गर्दथे ।

२७– "मेरो आश्रमको समीपमा तिन्दुक, पियाल र मधुक आदि रुखहरूमा बाह्रै महीना फलहरू फल्दथे ।

२८– "मेरो आश्रमको समीपमा कोलम्ब, सलल, नीप र सार नामक फलहरू पनि रुखमा सधैं हुन्थे ।

२९– "हरितक, आमलक, अम्बा, जम्बू, विचित्रक, कोल, भल्लातक तथा विल्ल आदि फलहरू पनि थिए ।

३०– "आलुव, कलम्ब, बिलालीतक्कलानि, जीवक, सुतक आदि फलहरू पनि थिए ।

३१– "आश्रमको समीपमा नीर्मल स्वच्छ पानी भरिएका रमणीय तलाउहरू थिए ।

३२– "त्यसमा पद्म, उत्पल, पुण्डरीक आदिले युक्त थिए जसबाट सुमधुर दिव्य सुगन्ध आउँथ्यो ।

३३–"यसरी म सर्वाङ्गपूर्ण फलफूलहरूले सुसज्जित ठाउँमा बनाइएको आश्रममा बस्दथें ।

३४– "सुरुचि भन्ने नामले म त्यहाँ शीलवान् व्रतसम्पन्न

ध्यानी ध्यानरत पञ्चाभिज्ञबल प्राप्त तपस्वी भएर बसेको थिएँ[1]।

शिष्यहरू

३५– "जाति सम्पन्न यश सम्पन्न चौबीसहजार मेरा सबै व्राह्मण शिष्यहरूले मेरो उपस्थान गर्दथे[2]।

३६– "यी सबै लक्षण इतिहास, निघण्टु (=काव्यशास्त्र), पद-शास्त्र तथा ब्याकरण आदि त्रिवेद पारङ्गत थिए।

३७– "उल्कापात र भूकम्पहुने लक्षण शास्त्रमा दक्ष तथा भूमि र आकाश शास्त्रमा सुशिक्षित थिए।

३८– "अल्पेच्छी, प्रज्ञावान्, अल्पहारी, अलोभी र लाभालाभमा सन्तुष्ट हुने तिनीहरूले मलाई परिवृत्त गर्दथे।

---

1. "सीलवा वतसम्पन्नो झायी झानरतो सदा।
पञ्चाभिञ्ञाबलप्पत्तो, सुरूचि नाम तापसो ॥" अप. दा.पा. I.पृ. २१: सारिपुत्तत्थेर अपदानं।

2. "चतुवीससहस्सानि सिस्सा मय्हं उपट्ठहुं।
सब्बेव ब्राह्मणा एते, जातिमन्तो यसस्सिनो ॥" अप. दा. पा. I. पृ. २१: सारिपुत्तत्थेर अपदानं।

३९– "ध्यानी ध्यानमा तल्लीनहुने शान्तचित्त भएका उनीहरूले आकिञ्चन्यायतन प्रार्थना गरी मलाई परिवृत्त गर्दथे ।

४०–"अभिज्ञा ध्यानमा पारङ्गत पैतृक गोचरमा लाग्ने आकाश-चारी धीरहरूले सदा मलाई परिवृत्त गर्थे ।

४१– "छद्वारमा संयम राख्ने, तृष्णा नहुने, इन्द्रिय रक्षागर्ने, संसर्ग नहुने र कठोर तपस्यागर्ने ती धीरहरू मेराशिष्यहरू थिए ।

४२– "कठोर तपस्यागर्ने ती मेरा शिष्यहरू पलेटी मारी बस्दथे र चंक्रमण तथा उभिएर पनि रात बिताउंद थे ।

४३– "कठोर तपस्यागर्ने मेरा शिष्यहरू रञ्जनीयमा रञ्जित हुँदैनथे द्वेषणीयमा द्वेष गर्दैनथे र मोहनीयमा मोही हुँदैनथे ।

४४– "ऋद्धिबललाई परीक्षणगर्दा पृथ्वी कम्प गराउँदै झगडा नगरी उनीहरू बस्दथे ।

४५– "कठोर तपस्या गर्ने मेरा शिष्यहरू यदि क्रीडा गर्न चाहन्थे भने ध्यान क्रीडा गरी जम्बुवृक्षबाट फलहरू ल्याई बस्दथे ।

४६– "कठोर तपस्या गर्ने शिष्यहरू केही गोयानद्वीप जान्थे भने केही पूर्वविदेहमा जान्थे र केही उत्तरकुरुमा जान्थे ।

४७– "अगाडि अगाडि खरपन पठाई त्यसकोपछि आफूहरू

जाँदा चौबीस हजार तपस्वीहरूद्वारा आकाश ढाकिएको जस्तो हुन्थ्यो ।

४८– "तिनीहरूमध्ये केहीले आगोमा पोलेर, केहीले काँचै र केहीले दाँतले बोक्रा झिकेर फलहरू खान्थे भने केहीले ढुंगाले फोरेर फलहरू खान्थे अनि केहीले खसेका फलहरू खान्थे ।

४९– "कठीन तपस्या गर्ने मेरा शिष्यहरू शुद्धिको कामना गर्दै केही बिहान सबेरै पानीमा पस्थे र केही सेचनमात्र गर्दथे ।

५०– "कठोर तपस्या गर्ने मेरा शिष्यहरू कपाल र नङहरू बढाई मलिन भई बसेता पनि उनीहरू शीलगन्धले सुगन्धित थिए ।

५१– "जटाधारी उग्र तपस्वीहरू बिहान सबेरै एकत्रित भई लाभ भएका बस्तुहरू मलाई देखाई उनीहरू आकाशमा जान्थे ।

५२– "यिनीहरू जाँदा छालाको बस्त्रबाट निस्केको महान आवाज सुनेर देवताहरू प्रसन्न हुन्थे ।

५३– "आकाशचारी तपस्वीहरू आ-आफ्ना ध्यानबलद्वारा दिशा विदिशामा जान्थे ।

५४– "पृथ्वीकम्पन गर्ने यी सबै आकाशचारी उग्रतेजी तपस्वीहरू सागरको पानीलाई कसैले चलाउन नसक्ने जस्तै निश्चल रहन्थे ।

५५– "कठोर तपस्या गर्ने मेरा शिष्यहरूमध्ये केही उभिएर बस्थे, केही चंक्रमण गरी हिंड्थे र केही बसेर समय बिताउँथे भने केही खसेको फल खान्थे ।

५६– "सबै प्राणीहरू प्रति हितैषी भावना हुने उनीहरू मैत्री विहारी भई अर्कालाई हेला नगरी आफू पनि अभिमान नलिई बस्थे ।

५७– "सिंह जस्तै निर्भीक, हात्ती जस्तै बलवान्, जित्न नसक्ने बाघ जस्तै भएका मेरा शिष्यहरू मकहाँ आउँथे ।

५८– "विद्याधर देवताहरू, नागगन्धर्वादि देवताहरू, कुम्भण्ड दानव गरुडहरूले त्यस तलाउको आश्रयलिई जीविका गरेका थिए ।

५९– "खरानी घस्ने जटाधारी, अजिनचर्म लगाउने ती आकाशचारी सबैले पनि त्यसै तलाउको आश्रय लिई जीविका गरेका थिए ।

६०– "सँधै अनुकूलचर्या गरी परस्परगौरव राखी बस्ने यी चौबीस हजार तपस्वीहरूको बीचमा खोकेको आवाज पनि सुनिदैनथ्यो ।

६१– "पाइलापछि पाइला राखी सुसंयतभई अप्रमादी हुने सबै मेरा शिष्यहरू मकहाँ आई मलाई वन्दना गर्थे ।

६२ –"यी शान्त-दान्त भएका मेरा शिष्यहरूद्वारा परिवृत्त

भई ध्यानरत भई आश्रममा बस्दथें ।

६३- "ऋषिहरूको शीलसुगन्ध, फूलको सुगन्ध र पाकेको फलको सुगन्धद्वारा आश्रम सुगन्धित थियो ।

६४- "शिष्यहरूलाई उपदेश गर्दागर्दै रातदिन गएको मलाई थाहा हुन्नथ्यो । आफू थाकेको कुरा पनि मलाई थाहा हुँदैनथ्यो । बरु यसबाट मलाई धेरै प्रसन्नता हुन्थ्यो[1] ।

६५- "फूलहरू फुल्दा र फलहरूको दिव्यसुगन्धले मेरो आश्रम सुशोभित हुन्थ्यो ।

अनोमदर्शी बुद्धको आगमन

६६- "आतप्तयुक्त भएको म समाधिबाट उठी कमण्डलु लिएर जङ्गलमा गएँ ।

६७- "स्वप्नको र जन्मको लक्षण जान्ने म मन्त्रपद पनि जान्दथें ।

---

1. "रत्तिन्दिवं न जानामि, अरति मे नविज्जति ।
सके सिस्से ओवदन्तो, भिय्यो हासं लभामहं ।।" अप.
दा. पा. I. पृ. २६: सारिपुत्तत्थेर अपदानं ।

६८– "एकान्तवास रुचाउने नरश्रेष्ठ, लोकजेष्ठ अनोमदर्शी भगवान् हिमालतिर आइपुग्नु भयो।

६९– "नरहरूमध्ये उत्तम हुनु भएका कारुणिक अग्र मुनि हिमालतिर आउनुभई पलेटीमारी बस्नुभयो।

७०– "अनि मैले प्रभास सहित मनोरम्य र इन्दीवर फूल जस्तै तेजिला भएका सम्बुद्धलाई बलिरहेको आगो जस्तै देखें।

७१– "आकाशमा चम्किरहेको बिजुली जस्तै बलि रहेको प्रदीप जस्तै तथा फुलि रहेको शालराज जस्तै मैले लोक नायकलाई देखें।

७२– "दुःखान्त गर्नु भएका यी महापुरुष महावीर हुनुहुन्छ। वहाँको दर्शन गर्दा सबै दुःख मुक्त हुने छ।

७३– "देवातिदेवलाई देखेर मैले 'वहाँ बुद्ध हुनुहुन्छ कि हुनुहुन्न' भनी लक्षणहरूको परीक्षण गरें।

७४– "वहाँको पैतालामा सहश्र धारा भएका चक्रहरू र अरू लक्षणहरू देखेर तथागत प्रति भएको मेरो शङ्का दूर भयो।

७५– "अनि मैले कूचो लिएर बढारी फूलहरू ल्याई श्रेष्ठ हुनु भएका बुद्धलाई पूजा गरें।

७६– "तृष्णा रूपी बाढी पार गरिसक्नु भएका वहाँ भगवान्

वुद्धलाई पूजागरी अजिनचर्म एकांशपारी लोकनाथलाई अभिवादन गरें ।

७७– "जुन ज्ञानद्वारा अनास्रवी भई सम्बुद्ध विहार गर्नु हुन्थ्यो त्यो ज्ञानको विषयमा वर्णना गर्नेछु । मैले भनेको कुरा सुन्नुहोस् ।

बुद्ध वर्णना

७८– "यो लोकलाई उद्धार गर्ने स्वयम्भू अमृतोदय ! तपाइँको दर्शन गर्नाले शङ्का-स्रोतबाट उत्तीर्ण हुन्छ ।

७९– "प्राणीहरूका शास्ता तपांइँ केतु, ध्वजा, यूप, परायण, प्रतिष्ठा, प्रदीप तथा मनुष्यहरूमा उत्तम हुनुहुन्छ ।

८०– "समुद्रको पानीलाई पाथीले नाप्न सकिन्छ परन्तु तपाइँ सर्वज्ञको ज्ञानको प्रमाणलाई नाप्न सकिन्न ।

८१– "यो पृथ्वीको माटोलाई काँटामा राखी तौलदा प्रमाण जान्न सकिने छ परन्तु तपाइँ सर्वज्ञको ज्ञानको प्रमाण लिन सकिन्न ।

८२– "आकाशलाई डोरीले वा औंलाले नापेर प्रमाण लिन सकिने छ परन्तु तपाइँ सर्वज्ञको ज्ञानको प्रमाण लिन सकिन्न ।

८३– "महासमुद्रको पानीलाई र सारा पृथ्वीलाई प्रमाणलिन

सकिनेछ किन्तु बुद्धज्ञानको विषयमा उपमा देखाउनको निमित्त कुनै वस्तु उपयुक्त छैन ।

८४– "जति सचित्तक प्राणीहरू देवलोक सहित मनुष्यलोकमा छन् ती सबै प्राणीहरू तपाईंको ज्ञानरूपी जालभित्र पर्छन् ।

८५– "जुन ज्ञानको प्रभावले तपाईं शुद्धबोधिमा पुग्नुभयो सोही सर्वज्ञज्ञानले तीर्थियहरूको मर्दन गर्नुहुन्छ ।

८६- "सुरुचि नामक तपस्वीले यी गाथाहरूद्वारा स्तुतिगरी अजिन-पत्र फैलाई भुइँमा बसे । (यति कुराहरू धर्मसंग्राहकहरूले भनेका हुन् ।)

८७- "असीहजार गहिराइ भएको महासमुद्रबाट उठेको पर्वतलाई गिरिराज भन्दछन् ।

८८– "त्यत्रो उचाइ भएको पर्वतको लम्बाई र चौडाईको अणुभेद गर्दा कोटीशतसहस्र हुन्छ ।

८९– "त्यत्रो अग्लो ठूलो पर्वत पनि हजारौं कोटी वर्षमा क्षयहुनसक्छ तर तपाईं सर्वज्ञको ज्ञानको प्रमाण लिन सकिन्न ।

९०– "अत्यन्त सूक्ष्म जालबाट पानी फ्याकेको खण्डमा पानीमा भएका सबै प्राणीहरू जाल भित्रै पर्छन् ।

९१- "हे महावीर ! त्यस्तैगरी दृष्टिग्रहणमा पर्ने जुनसुकै तीर्थियहरू पनि परामर्शद्वारा मोहित हुन्छन् ।

९२- "तपाईंको शुद्ध अनावरणदर्शनज्ञानको जाल भित्र यिनिहरू परेकाछन् । तपाईंको ज्ञानलाई यिनीहरूले पारगर्न सक्दैनन् ।

९३- त्यसबखत समाधिबाट उठी महा यश सम्पन्न अनोमदर्शी भगवान्ले चारैतिर अवलोकन गर्नु भयो ।

९४-९५- "अनोमदर्शी मुनिका निसभ भन्ने षडभिज्ञ श्रावक शतसहस्र परिवारद्वारा परिवृत्तभई बुद्धको चित्तलाई बुझेर लोकनायकको छेउमा आइपुगे ।

९६- "आकाशमा उभिइरहेका उनीहरूले दुइहात जोडी नमस्कार गरी प्रदक्षिणागर्दै आकाशबाट बुद्धकहाँ ओर्ले ।

९७- "भिक्षुसङ्घ बसेपछि लोकका जेष्ठ श्रेष्ठपुरूष अनोमदर्शी भगवान् मुस्काउनु भयो ।

९८- "अनि अनोमदर्शी शास्ताका वरूण भन्ने उपस्थाकले एकांश चीवर पारी लोकनायकसँग सोधे––

९९- "बुद्ध विनाकारणले मुस्काउन हुन्न । भगवान् मुस्काउनाको कारण के रहेछ ?

बुद्धको भविष्यवाणी

१००- "अनि लोकका जेष्ठ हुनुभएका नरश्रेष्ठ अनोमदर्शी भगवान्‌ले भिक्षुहरूको बीचमा यस्तो गाथा भन्नुभयो-

१०१- "जे जसले मलाई फूलद्वारा पूजागरे र जे जसले मेरो ज्ञानको स्तुति पनि गरे त्यत्यसको सम्बन्धमा भन्ने छु तिमीहरूले मेरो भाषण सुन।

१०२- "बुद्धको आवाज सुनी सबै देवताहरू एकत्रित भए। सद्धर्म सुन्नचाहने ती सबै सम्बुद्धकहाँ आए।

१०३- "दशलोकधातुका महर्द्धिक देवगणहरू सद्धर्म सुन्ने इच्छाले सम्बुद्धकहाँ आए।

१०४- "बुद्धपूजाको फलले (यिनलाई) हात्ती, घोडा, रथ सहित चतुरङ्गिणी सेनाले नित्य परिवृत्त गर्नेछन्।

१०५- "बुद्धपूजाको फलले साठीहजार तूर्यहरूले नित्य समलंकृत गर्नेछन्।

१०६- "विचित्र आभरण लगाएका सोह्रहजार स्त्रीहरूले सम--लंकृत गर्नेछन्।

१०७- "बुद्धपूजाको फलले मझौला शरीर, ठुलो लाम्चे आँखा, हाँसिलामुख भएकी मझ्यौला शरीर भएका स्त्रीहरूले परिवृत्त गर्नेछन् ।

१०८- "शतसहस्र कल्पसम्म देवलोकमा रमण गर्नेछन् र सहस्र बार सम्म चक्रवर्ती राजा हुनेछन् ।

१०९- "सहस्रबार देवेन्द्र भएको दिव्यराज्य गर्नेछन् र प्रदेश राजाको निम्ति चाहीं अनन्त हुनेछन् ।

११०- "अन्तिम जन्ममा मनुष्य भएर सारिया भन्ने ब्राह्मणीको कोखमा जन्मिने छन् ।

१११-"आमाको गोत्रको नामले यिनको नाम रहनेछ र सारिपुत्र भन्ने नाम रही प्रज्ञावान् हुनेछन् ।

११२- "असीकोटी धन परित्याग गरी शान्तिपदको खोजीमा प्रव्रजित भई यो पृथ्वीमा घुम्नेछन् ।

११३- "यहाँबाट अपरिमेय कल्पपछि ओक्काक कुलको गौतम भन्ने गोत्रका शास्ता यो लोकमा हुनेछन् ।

११४- "तिनको धर्ममा दायाद प्राप्तगरी धर्मनिर्मित औरसपुत्र

भई सारिपुत्र नामले अग्रश्रावक हुनेछन्[1] ।

११५–"जस्तै यो हिमालयबाट आएको भागिरथीगङ्गा महासमुद्रमा पुग्छ र महासागरमा मिल्छ ।

११६–"त्यस्तैगरी आफ्नो त्रिवेदमा विशारद सारिपुत्रले पनि प्रज्ञामा पारङ्गत भई प्राणीहरूलाई तर्पित गर्नेछन् ।

११७– "हिमालदेखि सागर पर्यन्तको बीचमा जति बालुवा छन् ती गिन्तिबाट अनन्त छन् ।

११८– "ती बालुवाको प्रमाण गिन्तिगरी लिन सक्ने छन् तर सारिपुत्रको प्रज्ञाज्ञानको प्रमाण लिन सकिने छैन ।

११९– "लक्ष राखेको खण्डमा गंगाको बालुवा पनि समाप्त हुनसक्छ किन्तु सारिपुत्रको प्रज्ञाको अन्त हुन सक्दैन ।

१२०– "महासमुद्रमा गोहीहरूको संख्या अनन्त भए जस्तै सारिपुत्रको प्रज्ञाज्ञान पनि अनन्त छ ।

---

1. "तस्स धम्मेसु दायादो ओरसो धम्मनिम्मितो ।
सारिपुत्तो ति नामेन हेस्सति अग्गसावको ॥ अप. दा. पा. I. पृ. २७: सारिपुत्तत्थेरस्स अपदानं ।

१२१– "शाक्यमुनि गौतमलाई सन्तुष्ट पारी प्रज्ञामा पारंगत भई सारिपुत्र अग्रश्रावक हुनेछन्[1] ।

१२२– "शाक्यपुत्र गौतमले प्रवर्तन गरेको धर्मचक्रलाई सारिपुत्रले अनुप्रवर्तन गर्दै धर्मको वृष्टि गराउने छन् ।

१२३– "यी सबै कुराबुझी शाक्यमुनि गौतमले भिक्षुसङ्घको बीचमा सारिपुत्रलाई अग्रस्थान दिने छन्[2] ।

(उपरोक्त अनोमदर्शी बुद्धको भविष्यवाणीलाई आफ्नो पूर्वानुस्मृति ज्ञानद्वारा बुझनु भई मनमा लागेको प्रीतिको कारणले उद्गार प्रकट गर्नुहुँदै वहाँले अगाडि यसो भन्नुभयो)–

१२४– "अहा ! अनोमदर्शी बुद्धकहाँ गरेको सुकर्म प्रार्थनाको प्रभावले मेरा सबै कामहरू पूर्ण भए ।

---

1. "आराधयित्वा सम्बुद्धं, गोतमं सक्यपुङ्गवं ।
पञ्ञाय पारमिं गन्त्वा हेस्सति अग्गसावको ।।" अप.
दा. पा. I. पृ. २८: सारिपुत्तत्थेरस्स अपदानं ।

2. "सब्बमेतं अभिञ्ञाय, गोतमो सक्यपुङ्गवो ।
भिक्खुसङ्घे निसीदित्वा, अग्गट्ठाने ठपेस्सति ।।" अप.
दा. पा. I. पृ. २८: सारिपुत्तत्थेरस्सअपदानं ।

१२५– "अपरिमेय्य समयसम्म गरेको मेरो कामको फल प्रदर्शित भयो । धनुषबाट तीर मुक्त भए जस्तै मैले आफ्नो क्लेशलाई भष्मपारिसकें ।

१२६– "अटल निर्वाण धातु भएको असंस्कृत धातुको खोजमा म संसारका अनेक तीर्थियहरूकहाँ घुमिसकें ।

१२७– "रोगी हुने व्यक्तिले रोगबाट मुक्त हुनको निमित्त वनजङ्गलमा सार (औषधी) खोजी गर्ने जस्तै–

१२८– "असंस्कृत धातु निर्वाणपदको खोज गर्दै पाँचशय जन्मसम्म ऋषिभेषमा प्रव्रजित भएँ ।

१२९– "जटाको भारले भरिएको छालाको पछ्यौरा ओढी अभिज्ञा प्राप्तगरी म ब्रह्मलोकमा गएँ ।

१३०– "बुद्धशासन बाहेक बाहिरियाहरूमा कतै शुद्धि छैन । बुद्धिमानी पुरुषहरू बुद्धशासनमा (बुद्धधर्ममा) शुद्धि हुन्छ[1] ।

---

1. "नत्थि बाहिरके सुद्धि, ठपेत्वा जिनसासनं ।
ये केचि बुद्धिमा सत्ता, सुज्झन्ति जिनसासने ।।" अप. दा. पा. I. पृ. २८: सारिपुत्तत्थेरस्स अपदानं ।

१३१– "मैले यो काम आफैंले गरिसकेको छु । 'यसो हो त्यसो हो' मात्र भनेको होइन । असंस्कृत धातुको खोज गर्दै अनेक कुतीर्थहरूमा घुमिसकें[1] ।

१३२– "जस्तै सार खोज्ने पुरुषले केराको बोटलाई काटेर हेर्दा सार रहित सो बोटमा कुनै सार पाउन सक्तैन[2] ।

१३३ - "त्यस्तै गरी यो लोकमा नानादृष्टिका अनेक तीर्थियहरू छन् । केराको बोटमा कुनै सार नपाउने झैं उनीहरू असंस्कृत धातुबाट तुच्छछन्[3] ।

---

1. "अत्तकार मयं एतं, नयिदं इतिहीतिहं ।
असङ्खतं गवेसन्तो, कुतित्थे सञ्चरिं अहं ।।" अप.
दा. पा. I. पृ. २९: सारिपुत्तत्थेरस्स अपदानं ।

2. "यथा सारत्थिको पोसो, कदलिं छेत्वान फालये ।
न तत्थ सारं विन्देय्य, सारेन रित्तको हि सो ।।" अप.
दा. पा. I. पृ. २९: सारिपुत्तत्थेरस्स अपदानं ।

3. "तथेव तित्थिया लोके, नानादिट्ठी बहुज्जना ।
असङ्खतेन रित्तासे सारेन कदली यथा ।।"
अप. दा. पा. I. पृ. २९.

१३४– "अन्तिम जन्ममा पुगदा म ब्रह्मबन्धु भएको थिएँ र महा भोगसम्पत्ति त्यागेर म अनगारिक भई प्रव्रजित भएँ[1] ।

[प्रथम भाणवार ।

वर्तमान कथा-अस्सजिसँग भेट

(कसरी आफू प्रव्रजित भएँ भन्ने बारेका कुरा बताउनु हुँदै वहाँ अगाडि भन्नुहुन्छ)–

१३५– "अध्यापक मन्त्रधर त्रिवेदपारङ्गत सञ्जय नामक ब्राह्मणकहाँ म बस्दथें[2] ।

१३६– "हे महावीर ! त्यसवखत तपाईंका अजेय तेजवान्

---

1. "पच्छिमे भवसम्पत्ते, ब्रह्मबन्धु अहोसहं ।
महाभोगं छड्डेत्वान, पब्बजिं अनगारियं ।।" अप.
दा. पा. I. पृ. २९.

2 "अज्झायको मन्तधरो, तिण्णं वेदान पारगू ।
ब्राह्मणो सञ्जयो नाम, तस्स मूले वसामहं ।।"
अप.दा. पा. I. पृ. २९.

शिष्य अस्सजि (अश्वजित्) नामक ब्राह्मण भिक्षादनको लागि गइरहेका थिए[1] ।

१३७– "अनि मैले कमलजस्तै फुलेको मौनव्रत स्थित शान्तचित्त भएका प्रज्ञावान् महापुरुषलाई देखें ।

१३८– "शान्त-दान्त हुनुभएका वृषभ जस्तै वीर हुनु भएका वहाँलाई देखेर मेरो मनमा 'वहाँ अरहन्त हुनुहुन्छ' भन्ने लाग्यो ।

१३९– "सुन्दर ढंगले हिंड्नु हुने अभिरूप सुसंयत उत्तमाकारले दान्त हुनु भएका वहाँ 'अमृतदर्शी हुनुहुन्छ होला' ।

१४०– "सन्तुष्ट हुनु भएका वहाँसँग उत्तमार्थ बारे सोध्नुपर्‍यो । वहाँले उत्तरदिनु भएपछि फेरि प्रश्न सोध्ने छु ।

१४१– "यति सोची अमृतपदको बारेमा प्रश्न सोध्ने विचारले मौका खोज्ने म भिक्षाटन् गरिरहनु भएका वहाँको पछि पछि लागें ।

१४२– "सडकको बीचमा पुग्नु भएका वहाँ कहाँ गई 'तपाईंको गोत्र के हो र तपाईं कसका शिष्य हुनुहुन्छ ?' भनी सोधें ।

---

1. "सावको ते महावीर, अस्सजि नाम ब्राह्मणो ।
दुरासदो उग्गतेजो, पिण्डाय चरती तदा ।।" अप.
दा. पा. I. २९: सारिपुत्तत्थेरस्स अपदानं ।

१४३– "प्रश्न सोध्ने मलाई वहाँले सिंह जस्तै निर्भीक भई 'लोकमा बुद्ध उत्पन्न हुनु भएको छ, म वहाँको शिष्य हुँ' भनी उत्तर दिनु भयो ।

१४४– "हे महावीर ! कसरी तपाईंले महायश प्राप्त गर्नु भयो ? बुद्धको शासन (=धर्म) कस्तो छ ? मलाई बताउनुहोस् ।

१४५– अनि वहाँले मेरो प्रश्नको उत्तर दिनुहुँदै तृष्णालाई हनन गर्ने, सबै दु:ख क्षय हुने, गम्भीर निपुण-पद भन्नुभयो ।

१४६– "जुन धर्म हेतुको कारणले हुने हो त्यसको कारण तथागत बताउनु हुन्छ र त्यसको निरुद्ध हुने कुरा पनि वहाँ बताउनु हुन्छ । यस्तै उपदेश गर्ने वहाँ महाश्रमण हुनुहुन्छ[1] ।

१४७– "प्रश्नको उत्तर सुनेर मैले प्रथमफल प्राप्त गरें । जिन शासनको कुरा सुनेर म रजरहित, मलरहित भएको थिएँ[2] ।

---

1. "ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह ।
तेसं च यो निरोधो, एवं वादी महासमणो ।।" अप.
दा. पा. I. पृ. ३०: सारिपुत्तत्थेरस्स अपदानं ।

2. "साहं विस्सजिते पञ्हे, पठमं फलमज्झगं ।
विरजो विमलो आसिं, सुत्वान जिनसासनं ।" अप.
दा. पा. I. पृ. ३०: सारिपुत्तत्थेरस्स अपदानं ।

१४८– "मुनिको वाक्य सुनेर उत्तम धर्म देखेर सद्धर्मको गहिरोमा पुगी यो गाथा मैले भनें–

१४९– "यही धर्म मैले त्यसैवेला प्राप्त गरें जसलाई बितेका अनेकौं कल्पमा मैले देखेको थिइन ।

१५०– "धर्मको खोजगरी कुतीर्थहरूमा मैले समय बिताएँ । त्यो अर्थ अब प्राप्त भयो । अब प्रमाद हुनेछैन ।

१५१– "अस्सजीबाट सन्तोषपारी अचल-पद पाएपछि सहायक खोज्दै म आश्रममा गएँ ।

१५२– "ईर्यापथमा सुसम्पन्न तथा सुशिक्षित भएका मेरा सहायकले टाढैबाट मलाई यस्तो भने–

१५३– "प्रसन्न मुख देखिन्छौ मुनि जस्तै देखिन्छौ र निर्वाण अच्युतपद पाई अमृत पायौ कि क्या हो ?' ।

१५४– "ब्राम्हण ! दान्त भएको हात्ती जस्तै दान्त भएर उपशान्त भई प्रसन्नरूप लिई आउँदैछौ ।

१५५– "मैले अमृत प्राप्त गरिसकें, शोकरूपी काँढा भाँचिसकें,

तिमीले पनि त्यस्तो फल प्राप्त गर र हामी बुद्धकहाँ जाऔं[1] ।

१५६– "मेरा सुशिक्षित सहायकले 'साधु !' भनी जवाफ दिए पछि हातमा हात मिलाई हामी तपाईंकहाँ आयौं ।

१५७– "हे शाक्यपुत्र ! हामी दुवै तपाईंकहाँ प्रव्रजित हुनेछौं अनि तपाईंको धर्ममा आएर अनास्रवी भई वस्नेछौं[2] ।

१५८– "कोलित ऋद्धिमा श्रेष्ठछन्, म प्रज्ञामा पारङ्गत छु । हामी दुवै मिली बुद्धसासन शोभायमान गर्नेछौं[3] ।

१५९– "अग्रश्रावकत्वको प्रार्थनापछि अनेक कल्पसम्म कुतीर्थमा यताउता हिंडें । तपाईंको दर्शनमा आएपछि बल्ल मेरो संकल्प पूरा भयो ।

---

1. "अमतं मयाधिगतं, सोकसल्लापनूदनं ।
   त्वम्पि तं अधिगच्छेसि, गच्छाम बुद्धसन्तिकं ।।" अप.
   दा. पा. I. पृ. ३०: सारिपुत्तत्थेरस्स अपदानं ।
2. "उभोपि पब्बजिस्साम, सक्यपुत्त तवन्तिके ।
   तव सासनमागम्म, विहराम अनासवा ।।" अप.
   दा. पा. I. पृ. ३१.
3. "कोलितो इद्धिया सेट्ठो, अहं पञ्ञाय पारगो ।
   उभो व एकतो हुत्वा, सासनं सोभयामसे ।।" अप.
   दा. पा. I. पृ. ३१.

१६०–"पृथ्वीको आधार लिएर समयमा फूल फुल्छ र दिव्यगन्ध फैलिएर सबै प्राणीलाई सन्तुष्ट पार्छ।

१६१– "हे महावीर ! महायश हुनुभएका हे शाक्यपुत्र ! त्यस्तै गरी तपाइँको धर्ममा प्रतिष्ठित भई म पनि समयमै फुल्नेछु।

१६२– "संसारचक्रबाट मुक्त हुनको लागि विमुक्ति-फूल खोजेको थिएँ र विमुक्ति-फूल पाएपछि सबै प्राणीलाई सन्तुष्ट पार्नेछु।

१६३– "जति बुद्धक्षेत्रहरू छन् त्यस विषयमा बुद्धबाहेक प्रज्ञावान् अरू कोही छैनन्। अरू क्षेत्रमा चाहिं बुद्धबाहेक तपाइँको पुत्र जस्तै प्रज्ञावान् अरू छैन।

बुद्धको बखान

१६४– "तपाइँका शिष्यहरू सुविनीतछन्, तपाइँको परिषद् सुशिक्षित छ र उत्तमरूपले दान्त भएका परिवारहरूले तपाइँ परिवृत्त हुनुहुन्छ।

१६५– "ध्यानी ध्यानरत धीरहरूले शान्त चित्त समाहित मुनि मोनेय्य सम्पन्न शिष्यहरूले तपाइँलाई परिवृत्त गर्छन्।

१६६– "अल्पेच्छी प्रज्ञावान् धीरपुरुषहरूले अल्पाहारी लोभ

लालच नभएकाले, लाभालाभले सन्तुष्ट भएका परिवारले तपाइँलाई परिवृत्त गर्छन् ।

१६७– "आरण्यिक धुतधर, ध्यानी, रूक्षचीवरधारी र विवेकमा रमण गर्ने धीरहरूले तपाइँलाई सदा परिवृत्त गर्छन् ।

१६८– "मार्गफलमा प्रतिपन्न हुनेले र मार्गफल प्राप्त शैक्षहरूले उत्तमार्थको निमित्त आशिका गर्नेले तपाइँलाई सदा परिवृत्त गर्छन् ।

१६९– "जो स्रोतापन्न विमल, सकृदागामी, अनागामी तथा अरहत्‌हरू हुन् ती सबैले तपाइँलाई सदा परिवृत्त गर्छन् ।

१७०– "सतिपट्ठान, कुशलबोध्यङ्ग भावनामा रत हुने सबै तपाइँका श्रावकहरूले तपाइँलाई सदा परिवृत्त गर्छन् ।

१७१–"ऋद्धिपादहरूमा कुशलसमाधि भावनामा रत सम्यक्-प्रधानमा युक्त परिवारहरूले सदा तपाइँलाई परिवृत्त गर्छन् ।

१७२–"त्रैविद्य षडभिज्ञ ऋद्धिमा पारङ्गत तथा प्रज्ञामा पारङ्गतहरूले तपाइँलाई परिवृत्त गर्छन् ।

१७३–"हे महावीर ! तपाइँका यस्ता दुराशद् उग्रतेजिला शिष्यहरूले तपाइँलाई परिवृत्त गर्छन् ।

१७४–"ती संयत तपस्वी शिष्यहरूले परिवृत्त हुनुभएका तथा निर्भीक हुनुभएका तपाइँ तारामध्ये चन्द्रमा जस्तै शोभायमान हुनुहुन्छ ।

१७५- 'पृथ्वीबाट उप्जनि हुने जति वस्तुहरू छन् ती सबै पृथ्वीमा प्रतिष्ठितभई अभिवृद्धि हुन्छन् र वैपुल्यतामा पुगी फलहरू पनि देखाउँछन् ।

१७६–"हे महायश हुनुभएका शाक्यपुत्र ! तपाइँ पृथ्वी समान हुनुहुन्छ । तपाइँको धर्ममा प्रतिष्ठित भई अमृतफल पाउँछन् ।

१७७-७८"सिन्धु, सरस्वती, चन्द्रभागा, गंगा, यमुना, सरभू तथा मही नदीहरू बगेर सागरमा पुग्दा पहिलेको नाम छाडी सबैको नाम सागर हुन्छ ।

१७९–"त्यस्तै गरी यी चतुर्वर्ण जातका सबै मानिसहरू तपाइँ-सँग प्रव्रजित भएपछि अघिको नाम छाडी सबैको नाम बुद्धपुत्र भन्ने हुन्छ ।

१८०–८१–"जस्तै आकाशमा जाने निर्मल चन्द्रमाको आभा सबै तारागणहरूको भन्दा तेजिलो हुन्छ त्यस्तै तपाइँ महावीर देवमनुष्य-हरूले परिवृत्तभई ती सबै भन्दा प्रज्वलित हुनुहुन्छ ।

१८२–८३–"जस्तै गहिरो सागरको तरङ्गले किनारलाई काट्दैन

र सबै तरङ्गले किनारलाई छुन्छ त्यस्तै नाना दृष्टिका बहुजन तीर्थियहरू धर्म भन्नुमा तपाईंलाई उछिन्न सक्दैनन् ।

१८४-"यदि प्रतिवाद गरेर तपाइँकहाँ आउँछन् भने तपाइँकहाँ आइपुग्दा उनीहरू चकनाचूर हुन्छन् ।

१८५-८६-"जस्तै पानीमा भएका कुमुदहरूमा पानी र हिलो हुन्छ त्यस्तै संसारमा उत्पन्न भएका धेरैजसो प्राणीहरू कुमुद फूल हिलो बाट मुक्त न भए जस्तै उनीहरू रागबाट मुक्त हुदैनन् ।

१८७-८८-"जस्तै पानीमा फूल्ने पद्मफूलहरू पानीको बीच ठूलो भएर पनि पानीले छुन सक्तैन त्यस्तै तपाइँ महावीर पनि लोकमा उत्पन्न भई पद्मलाई पानीले नछोए जस्तै लोकमा लिप्त हुनुहुन्न ।

१८९-९०-'जस्तै चैत्र महीनामा पानीमा धेरै फूलहरू फूल्छन् र ती फूलहरू कार्तिक महीनाभन्दा उता फुल्दैनन् त्यस्तै तपाइँ महावीर पनि विमुक्ति फूलले विकसित हुनुभएको छ र जो पद्मलाई पानीले न छुनेहो त्यस्तै तपाइँको शासन बाहिर विमुक्ति छैन ।

१९१-९२-"जस्तै सुपुष्पित शालवृक्षबाट दिव्य सुगन्ध फैलिन्छ र अरू शालवृक्षहरूले परिवृत्त भएको हुँदा सो शालवृक्ष सबभन्दा शोभायमान् हुन्छ त्यस्तै तपाइँ महावीर पनि बुद्धज्ञानले फुलेको र भिक्षुसङ्घले परिवृत्त हुनु भएको हुँदा शालवृक्ष झैं शोभायमान् हुनुहुन्छ ।

१९३–९४–"जस्तै रोगीको निमित्त औषधी र असुर देवता आदिहरूको निमित्त पहाडपर्वत आलय हुन्छ त्यस्तै तपाइँ महावीर पनि प्राणीहरूको औषधी र त्रिविदया षडभिज्ञ तथा ऋद्धि आलय जस्तै छ ।

१९५–"तपाइँ कारुणिक महावीरद्वारा उपदेशित शिष्यहरू तपाइँकहाँ धर्मरत भई बस्छन् ।

१९६–९७–"जस्तै सिंह गुफाबाट बाहिर निस्कदाँ चारै दिशातिर हेरेर तीनचोटि गर्जिन्छ यस सिंहको गर्जनले सबै जन्तुहरू तर्सिन्छन् त्यस्तै जन्मिने प्राणीहरू पनि तर्सिन्छन् ।

१९८–"तपाइँ महावीर गर्जिंदा यो पृथ्वीकम्पा हुन्छ बोधनीय प्राणीहरूले बोध गर्छन् र मारकायिक पुरुषहरू डराउँछन् ।

१९९–"बाजले कौवालाई लखेट्दा र मृगलाई सिंहले लखेट्दा डराए झैं तपाइँ महामुनिले सिंहनादगर्दा सबै तीर्थियहरू डराउँछन् ।

२००–"जो कोही गणी भएकालाई लोकमा शास्ता भनिन्छ उनीहरू परम्परागत धर्म परिषद्लाई देशनागर्छन् ।

२०१–"त्यसप्रकार परम्परागत धर्मदेशना प्राणीहरूलाई तपाइँ गर्नुहुन्न । स्वयं सत्यलाई अवबोधगरी केवल बोधिपाक्षिक धर्मदेशना तपाइँ गर्नुहुन्छ ।

२०२–"आशय-अनुशयलाई बुझ्नु भई इन्द्रियहरूको बलाबललाई बुझ्नु भई तथा भव्य-अभव्यलाई बुझ्नुभई महामेघ गर्जे जस्तै गर्जिनुहुन्छ ।

२०३–"चक्रवाडसम्म परिषद् हुनेछ नानादृष्टिकहरूले शंका समाधान गर्नेछन् ।

२०४–"सबैको चित्ताचारलाई बुझ्नुभई उपमा कुशल हुनुभएका मुनिले एक प्रश्नको उत्तरदिँदै सबै प्राणीहरूको विमति मिटाइदिनु हुन्छ ।

२०५–"उपतिस्स जस्तैले यो पृथ्वी ढाक्नेछ र ती सबैले हातजोरी लोकनायकको कीर्तन गर्नेछन् ।

२०६–"तथागतको गुण अप्रमेय छ । अतः कल्पसम्म नानाप्रकारले वर्णित गरे तापनि परिमाण लिन सकिँदैन ।

२०७–"हे जिन ! आफ्नो शक्ति अनुसार मैले कीर्तनगरें । यस्तै गरी कल्पकोटीसमयसम्म कीर्तन गरे पनि तपाइँको गुण सिद्धिने छैन ।

२०८–"यदि कुनै देव वा सुशिक्षित पुरुषले तपाइँको प्रमाण लिन खोज्दछ भने उसको लागि त्यो परिश्रम मात्र हुनेछ ।

२०९–"हे महायश हुनुभएका शाक्यपुत्र ! तपाइँको धर्ममा बसेर प्रज्ञाद्वारा पारङ्गत भएको छु ।

२१०–"धर्मसेनापति भएको मैले आज शाक्यपुत्रको धर्ममा बसेर जिनशासन प्रवर्तनगरी तीर्थियहरूलाई सम्मर्दन गर्दछु।

२११–"अपरिमेय कल्पसम्म गरेको कर्मले आज फल देखाउँदै छ र धनुषवाट फालेको तीर जस्तै क्लेशहरूलाई भष्मपारिसकें।

२१२ "भार टाउकोमा राखी कुनै मानिसले लग्छ भने भारको कारणले उसलाई दु:ख हुनसक्छ तथा भारीले भार हुनसक्छ।

२१३–"पहाड जस्तै भार भएको भवसंसारको भार बोकी तीन अग्निले दहन गरे जस्तै भई यो भवससारमा घुमिसकें।

२१४–"अब मैले सो भारलाई बिसाइसकें, भवसंसार पार गरीसकें तथा शाक्यपुत्रको शासनमा बसेर गर्नुपर्ने सबै गरिसकें[1]।

२१५–"जति बुद्धक्षेत्रहरू छन् शाक्यमुनिलाई छाडेर प्रज्ञाको बिषयमा म अग्रछु र म जस्तो अरू कोही छैन।

२१६- "समाधिमा सकुशल छु र ऋद्धिमा पारङ्गत छु। यदि चाहेमा आज मैले सहस्रप्रकारले निर्माण गर्न सक्छु।

---

1. "ओरोपितो च मे भारो भवा उग्धाटिता मया।
करणीयं कतं सब्बं सक्यपुत्तस्स सासने॥" अप. दा. पा. I. पृ. ३५: सारिपुत्तत्थेरस्स अपदानं।

२१७- "अनुपूर्वविहारी हुनुभएका महामुनिले मलाई धर्मको विषयमा बताउनु भयो र निरोधसमापत्ति पनि बताउनु भयो ।

२१८- "मेरो दिव्यचक्षु विशुद्ध छ, समाधिमा कुशल छु, सम्यक्प्रधानमा अनुरक्त छु र बोध्यङ्ग-भावनामा रत छु ।

२१९- "श्रावकहरूले गर्नुपर्ने जम्मै काम मैले गरिसकेको छु, लोकनाथ एकजना बाहेक म समान अरू कोही छैन ।

२२०- "समापत्तिहरूमा कुशल छु, ध्यानविमोक्षलाई चाँडै लाभ गरेको छु, बोध्यङ्ग-भावनामा रत छु र श्रावकपारमी गुणमा पारङ्गत छु ।

२२१- "श्रावकगुणले पारङ्गत भएपनि बुद्धिले परिषद्मध्ये उत्तम भएपनि श्रद्धालु सब्रह्मचारीहरूलाई सँधै संग्रह गर्छु[1] ।

२२२- "विष निकालेको सर्प जस्तै तथा सिङ भाचिएको साँढे जस्तै अहंकार मानादिलाई त्यागी आदरगौरवपूर्वक म सङ्घको बीचमा

---

1. "सावकगुणेन फुस्सेन, बुद्धिया परिसुत्तमभारा ।
यंसद्धाय सङ्गहितं चित्तं, सदा सब्रह्मचारीसु ।।" अप. दा. पा. I. पृ. ३६: सारिपुत्तत्थेरस्स अपदानं ।

जान्छु[1] ।

२२३–"यदि मेरो अरूपी समान प्रज्ञा, रूपी भएको भए पृथ्वीको राजाको समान हुनेथियो । अनोमदर्शी बुद्धज्ञानको स्तुतिको यो फल हो ।,

२२४– "बुद्ध-ज्ञानको स्तुतिको फलले गर्दा अटल हुनु भएका शाक्यपुत्रले प्रवर्तन गर्नुभएको धर्मचक्रलाई म राम्ररी अनुप्रवर्तन गर्दछु ।

२२५- "ममा कहिले पनि खराब विचार नहोस्, अल्छीपन तथा वीर्यहीन पनि नहोस्, अल्पश्रुत अनादरभाव नहोस् र त्यस्ताको समागम पनि कहिल्यै नहोस्[2] ।

२२६– "बहुश्रुत, मेधावी, शीलमा समाहित हुने, समथभावनानुयुक्त चित्तादिगुण मेरो शरीरमा प्रतिष्ठित हुन् ।

२२७– "भद्न्त हो ! जति यहाँ भेलाभएका छन् ती सबैलाई यही कुरा म बताउँछु कि अल्पेच्छी सन्तुष्ट, ध्यानी तथा ध्यानरत होऊ[3] ।

---

1. "उद्धतविसो व सप्पो, छिन्नविसाणो व उसभो ।
निक्खित्तमानदप्पो व, उपेमि गरुगारवेन गणं ।।"
अप. दा. पा. I. पृ. ३६:

2. "मा मे कदाचि पापिच्छो, कुसीतो हीनवीरियो ।
अप्पस्सुतो अनादरो, समेतो अहु कत्थचि ।।" अप. दा. पा. I. पृ. ३६: सारिपुत्तत्थेरस्स अपदान ।

3. "तं वो वदामि भद्दन्ते, यावन्तेत्थ समागता ।

२२८- "जसलाई देखेर पहिलोवार म निर्मल भएँ त्यो अस्सजि भन्ने मेरा गुरुको म श्रावक (=शिष्य) हुँ[1]।

२२९- "वहाँबाट धर्मसुनेर आज म धर्मसेनापति हुनपुगें र सबै कुरामा पारङ्गत भई अनास्रवी भई बसेको छु[2]।

२३०- "अस्सजि भन्ने बुद्ध श्रावक जो मेरा आचार्य हुनुहुन्छ जुन दिशामा वहाँ बस्नुहुन्छ सो दिशामा शिरराखछु[3]।

अप्पिच्छा होथ सन्तुट्ठा, झायी झानरता सदा ।।"
अप. दा. पा. I. पृ. ३६.

1. "यमहं पठमं दिस्वा, विरजो विमलो अहुं ।
सो मे आचरियो धीरो, अस्सजि नाम सावको ।।"
अप. दा. पा. I. पृ. ३६.

2. 'तस्साहं वाहसा अज्ज, धम्मसेनापति अहुं ।
